।।श्रीमते रामानुजाय नमः।।

# श्री अभिनन्दनीय महापुरुष

**स्वामी श्री देवराज आचार्य**
केन्द्रीय अध्यक्ष- श्रीवैष्णव परिषद् नेपाल
मठाधीश- उत्तररामानुजाचार्यमठ-श्रीलक्ष्मीनारायण मन्दिर
धनगढी, कैलाली

अखिलहेयप्रत्यनीक: कल्याणैकतान: स्वेतर समस्तवस्तु विलक्षण उभयविभूतिनायक: श्रिय:पति: श्रीमन्नारायण प्रभुले कृपापारवश्य भएर महाप्रलयमा नामरूप-विहीन भएर निश्चेष्टावस्थामा रहेका अनन्तजीवात्माहरूलाई नाम-रूप सहित ब्रह्मादि-स्तम्ब पर्यन्त करणकलेवर प्रदान गर्नुभएको हुन्छ ।

प्राचीन कर्माधीन भएका चेतनहरू कतिपय देह-गेहमा आशक्त भएर जन्ममृत्युको महाचक्रमा परेर नारकीय-अवस्थामा पुगेका छन्, भने कतिपय जीवात्माहरू काम्यकर्ममा नै महाविश्वास लिएर ऐहलौकिक सुखको र पारलौकिक स्वर्गादि प्राप्तिको आशाले **"स्वर्गकामो यजेत"** आदि विधिवाक्यको आधारमा सोमयाग, अग्निष्टोम आदि यज्ञमा नै भुलिरहेका छन् ।

**"तद्यथेह कर्मचितो लोक: क्षीयते एवमेवामुत्र पुण्यचितो लोक: क्षीयते"** आदि श्रुति अनुसार कृषि आदि कर्मद्वारा आर्जित फल जसरी यस स्थलमा नै क्षीण हुन्छ, त्यसरी नै पुण्यकर्मद्वारा आर्जित पारलौकिक स्वर्गादिका फल (सुख) पनि एकदिन क्षीण हुन्छ, यसप्रकार ऐहलौकिक-पारलौकिक सबै फल अल्प र अस्थिर बुझेर केही चेतन मुमुक्षु बनेका हुन्छन्, परन्तु मुक्तिको उपाय नपाएर त्यसै अलमलिएका पनि छन्, सदाचार्य-समाश्रयणद्वारा मुक्तिपथमा प्रवृत्त हुने ज्ञानाभाव भएर नै व्यर्थ जीवन बिताएका छन् ।

निर्हेतुक भगवत्कृपा प्राप्त कति चेतनहरू सदाचार्यद्वारा भगवत् शरणागति-सम्पन्न भएर शास्त्र एवं आचार्योपदिष्ट-दिनचर्यामा रहेर पुनरागमनरहित श्रीलक्ष्मीनारायणभगवत्सान्निध्य प्राप्त गरी परमानन्दको अनुभव गरिरहेका छन् । **"सोऽश्नुते सर्वान् कामान् सह ब्रह्मणा विपश्चिता"** यस उपनिषद् प्रमाणले पनि यही भनेका छन् । ती हुन् - "भगवत्-शरणागत श्रीवैष्णव" ।

श्रीमन्नारायणलाई नै उपाय-उपेय स्वीकार गर्ने श्रीवैष्णवीय परम्परा श्रीमन्नारायण भगवान्बाट नै आरम्भ भएर देव-ऋषि-मनुष्य-असुर आदिमा यो परम्परा व्यापक हुँदै राजा-नहुषपुत्र-ययातिको राज्यकालमा त मर्त्यलोकमा रहने सबै श्रीवैष्णवीय परम्परामा आबद्ध थिए ।

कसैको पनि बृद्धावस्था नआउने, मृत्यु नै न हुने, वैकुण्ठको सुख यसै भूमण्डलमा नै मिल्न लाग्यो, पद्मपुराण भूमिखण्ड, अध्याय-७६ मा स्पष्ट भनिएको छ-

नहुषस्यात्मजेनापि वैष्णवेन महात्मना ।
वैष्णवाश्च कृता मर्त्या ये वसन्ति महीतले ।।

पद्मपुराण उत्तरखण्ड, अध्याय-२२४ मा श्रीपार्वतीप्रति श्री शिववचन यसप्रकार छ-

"सर्वाश्रमेषु वसतां ब्राह्मणानां विशेषत: ।
विधिना वैष्णवं चक्रं धार्यं हि श्रुतिचोदनात् ।।
एवं महोपनिषदि प्रोक्तं चक्रादिधारणम् ।
तथैव साम्नि यजुषि ऋचि प्रोक्तं शुभानने ।।"

अर्थ- सबै आश्रममा बस्नेले विशेष गरेर ब्राह्मणले विधिपूर्वक भगवान् विष्णुका चक्र (शङ्ख पनि) धारण गर्नुपर्दछ भनेर वेदले विधान गरेका छन्- सामवेद, यजुर्वेद, ऋग्वेद एवं महोपनिषद्ले पनि ।

यस्तै निर्णयसिन्धुमा पनि पद्मपुराणको वचन दिइएको छ- ब्राह्मणले जसरी अग्निहोत्र कर्म र वेदाध्ययन गर्नु आवश्यक हुन्छ, त्यसरी नै तप्तमुद्रा- भगवान् हरिका तप्त शङ्ख-चक्रले अङ्कन (बाहुमूलमा) गर्नु आवश्यक हुन्छ -

अग्निहोत्रं यथा नित्यं वेदस्याध्ययनं तथा ।
ब्राह्मणस्य तथैवेदं तप्तमुद्रादि धारणम् ।।

वशिष्ठ ऋषिले पनि आफ्नो वशिष्ठ स्मृति अध्याय-१ मा पनि भन्नुभएको छ-

शङ्खचक्राङ्कनं कुर्यादात्मनो बाहुमूलयो: ।
कलत्रापत्यभृत्येषु पश्वादिषु विमुक्तये ।।
स वैष्णवो भवेद् विप्रस्सर्वलोकेषु पूजित: ।
ललाटे चोर्ध्वपुण्ड्रं तु बाहुमूले सुदर्शनम् ।।

अर्थात्- मुक्तिको लागि बाहुमूलमा शङ्खचक्रले अङ्कन गरोस्, त्यसरी नै पत्नी-पुत्र-सेवक-पशु आदिलाई पनि गरोस् । त्यही वैष्णव-ब्राह्मण सबै लोकमा पूजित हुन्छ- ऊर्ध्वपुण्ड्र निधारमा र बाहुमूलमा सुदर्शन चक्र धारण जसले गरेको छ ।

भारद्वाज संहिता, अध्याय-३ मा पनि-

ब्राह्मण: क्षत्रियो वैश्य: शूद्रो नारी तथैव च ।
चक्राद्यैरङ्कयेद् गात्रमात्मीयस्याखिलस्य च ।।

ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्र सबै जातिले तथा नारीहरूले पनि चक्र आदिले आफ्नो अङ्ग (कुममा) चिह्न गर्नुपर्दछ । अर्थात् तप्तशङ्खचक्रले अङ्कन गर्नुपर्दछ ।

शङ्खचक्र पनि तप्त नै लिनुपर्दछ, वशिष्ठ ऋषिले आफ्नो स्मृतिमा स्पष्ट भन्नुभएको छ-

शङ्खचक्रे स्फुटं कुर्यात् प्रतप्ते बाहुमूलयो: ।
सर्वाश्रमेषु वसतां स्त्रीणाञ्च श्रुतिवेदनात् ।।

सबै आश्रमबासीहरूले आफ्नो बाहुमूलमा तप्त-शङ्खचक्रले अङ्कन (चिह्न गरून्, स्त्री जातिले पनि गरुन् वेदले यसरी विधान गरेका छन् । अङ्कन पनि आचार्यद्वारा नै गर्नुपर्दछ ।

श्रीशिवजी पनि यसै वैष्णवीय परम्परामा हुनुहुन्छ । श्रीमद्भागवत द्वादशस्कन्ध, अध्याय-१३ मा-

निम्नगानां यथा गङ्गा, देवानामच्युतो यथा ।
वैष्णवानां यथा शम्भु: पुराणानामिदं तथा ।।

नदीहरूमा गङ्गा ठुली, देवताहरूमा अच्युत-नारायण महान् हुनुहुन्छ, त्यस्तै वैष्णवहरूमा शिवजी महान् हुनुहुन्छ ।

यस्तै स्कन्दपुराण वैष्णवखण्ड, अध्याय-१७ मा पनि-

आयुधानां यथा वज्रं लोहानां काञ्चनं यथा ।
वैष्णवानां यथा रुद्रो रत्नानां कौस्तुभो यथा ।।

ब्रह्मवैवर्त पुराण प्रथमखण्ड, अध्याय-५६ मा -

यथा न वैष्णवाज्ज्ञानी योगीन्द्रः शङ्करात्परः ।।

ब्रह्मवैवर्त पुराण प्रथमखण्ड, अध्याय-२ मा नै-

यथाशम्भुर्वैष्णवेषु तथा देवेषु माधवः ।

श्रीपार्वतीजी पनि वामदेव ऋषिबाट वैष्णव हुनुभएको छ- पद्मपुराण उत्तरखण्ड, अध्याय-२५३ मा-

इत्युक्तस्तु तया देव्या वामदेवो महामुनिः ।
तस्यै मन्त्रवरं श्रेष्ठं ददौ स विधिना गुरुः ।।

श्रीपार्वतीजीको वैष्णवता देखेर शिवजी गद्गद् भएर भन्नुहुन्छ-

कृतकृत्योऽस्म्यहं भद्रे वैष्णव्या भार्यया त्वया ।
गुरुणा तव चार्वङ्गि ! वामदेवेन धीमता ।।

हे सुन्दर अङ्ग भएकी पार्वती ! बुद्धिमान् वामदेव गुरुबाट वैष्णव भएकी तिमी जस्ती पत्नी पाएर म कृतकृत्य भएँ ।

शरणागतिको महिमा गाउँदै ज्ञान-भक्ति-वैराग्य सम्पन्न श्रीशुकदेवमुनिले श्रीमद्भागवत षष्ठस्कन्ध, अध्याय-१ मा भन्नुभएको छ-

न तथा ह्यघवान् राजन् ! पूयेत तप आदिभिः ।
यथा कृष्णार्पितप्राणस्तत्पूरुषनिषेवया ।।१६।।

जसरी भगवान् श्रीकृष्णको शरणागति गरेर अनि उहाँकै शरणागतको सेवा गरेर जति पवित्रता आउँछ अर्थात् सबै पापको प्रायश्चित हुन्छ, त्यसरी तपस्या आदिले हुन सक्दैन ।

भगवत्समाश्रयण गरेर मुक्तिको लागि बरु सन्देह हुन सक्ला, परन्तु भगवद्भक्त-भागवतको आश्रयमा रहनाले सन्देह रहँदैन ।

मुक्तिर्भवति वा नेति संशयोऽच्युतसेविनाम् ।
न संशयोऽत्र तद्भक्तपरिचर्यारतात्मनाम् ।।

शरणागतमा पनि जो आर्त छन्- अर्थात् एक क्षण पनि संसारमा रहन चाहँदैनन् आत्तिएका छन् भने, अतिशीघ्र नै फल (मुक्ति) भगवान्ले दिनुहुन्छ, दृप्त छन् भने वर्तमान शरीर त्यागे पछि अर्को (संसारी) शरीर लिनु पर्दैन, मुक्ति हुन्छ-

आर्तानामाशु फलदा सकृदेव कृता ह्यसौ ।
दृप्तानामपि जन्तूनां देहान्तरनिवारणी ।।

यस रूपको श्रीवैष्णवीय परम्परा प्रसङ्गमा अनन्त श्रीविभूषित देवनायकाचार्य स्वामीजी एक महापुरुष हुनुमा केही सन्देह छैन । उहाँको जीवनचरित्र अनुभव गर्दा यस धरातलमा उहाँ अवतारी-महापुरुषको नै स्वरूपमा देखिनुभएको छ । श्रीस्वामीजीले रघुकुलनन्दन-शरणागतवत्सल-दाशरथी श्रीरामप्रभुको प्राकट्यभूमि श्री अयोध्याजीमा सानै अवस्थादेखि नै रहेर श्रीसम्प्रदाय रहस्यज्ञ-शिरोमणि श्री १००८ अनन्ताचार्य स्वामीजीबाट वैष्णवीय पञ्चसंस्कार सम्पन्न भएर व्याकरण आदि सामान्य शास्त्र र विशिष्टाद्वैत वेदान्त रहस्यत्रय आदिको अध्ययन-मनन गर्नुभएको छ ।

श्रीस्वामीजीको भगवद्-भागवत-आचार्यनिष्ठा देखेर अयोध्या स्वर्गद्वार मन्दिरको र नैमिषारण्यस्थित मन्दिरको आचार्य-स्थानाधिपतिको पदमा उहाँ अभिषिक्त हुनुभयो । तत्पश्चात् श्री अयोध्याजीमा नै रहेर एक अरू भव्य मन्दिर निर्माण गरेर आफ्ना सुयोग्य-कृपापात्र-उत्तराधिकारी आबालब्रह्मचारी श्री १००८ बालकृष्णाचार्य स्वामीजीको माध्यमबाट त्यस मन्दिरको परिसरमा गोशाला-अतिथिनिवास आदि निर्माण कार्य श्रीस्वामीजीले पूर्ण गर्नुभयो ।

"श्रीरामानुजार्यदिव्याज्ञावर्द्धतामभिवर्द्धताम्" को अनुरूप नेपालका अनेक स्थलमा भगवद्-मन्दिरहरूको निर्माण एवं विकास गर्दै रहनुभएका स्वामीजीका कृपापात्र-शिष्यसमुदाय पहाड-मधेश-उपत्यकामा धेरै संख्यामा हुनुहुन्छ ।

सर्वदा स्मरणीय अभिनन्दनीय, आबालब्रह्मचारी विशिष्टाद्वैत सिद्धान्त-प्रवर्द्धकाचार्य श्रीवैष्णवाचार्य स्वामीजीको अभिनन्दन ग्रन्थमा लघु आकारको यो लेख समर्पण गर्ने ।

भगवद्भागवताचार्यको लघुसेवक-
श्री देवराज श्रीनिवासरामानुजदास ।



**।।श्रीमते रामानुजाय नमः।।**



श्रीमद्वेदमार्गप्रतिष्ठापनाचार्य उभयवेदान्तप्रवर्तकाचार्य शमदमादिगुणगणसमलङ्कृत अनन्तश्री बिभूषित श्रीदेवनायकाचार्य स्वामीजीमहाराजको ८४औं जन्मोत्सव एवं सहस्रपूर्णचन्द्रदर्शनको पावन अवसरमा श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुरमा २०६९ फाल्गुण २, ३ र ४ गते "श्रीआचार्य अभिनन्दनमहोत्सव" देश-विदेशका सन्त-महन्त विद्वद्वर्ग तथा भक्त-भागवतहरुको समुपस्थितिमा अद्वितीय, उदाहरणीय कार्यक्रम भव्यताका साथ सुसम्पन्न हुन गइरहेकोमा सम्पूर्ण श्रीवैष्णवसमुदाय एवं नेपाल देशवासी वैदिक सनातन धर्मावलम्बी सबैको तर्फबाट हार्दिक मङ्गलमय शुभकामनाका साथै श्रीस्वामीज्यूको उत्तरोत्तर आध्यात्मिक उन्नति एवं सुस्वास्थ्य दीर्घायुका निमित्त श्रीलक्ष्मीनारायण भगवान्सँग प्रार्थना गर्दछौं ।

**श्रीवैष्णव युवा परिषद्, नेपाल**
गैंडाकोट, नवलपरासी

।।श्रीमते रामानुजाय नमः।।

# महनीय महापुरुष

**श्रीकृष्णमाचार्य**
गैंडाकोट-१, नवलपरासी

**रघुपतिजन्मभूमिरसिकः परमार्थनिधिः**
**अनिमिषभूमिसेवकमणिस्सुलभस्सुवचाः ।**
**यतिपतिसम्प्रदायमठनिर्वहणे निपुणः**
**जयतु स देवनायकगुरुर्भगवत्प्रवणः ।।**

श्रीमन्नारायणप्रभुले समय-समयमा लोकको कल्याणका लागि मङ्गलमय अवतारहरू ग्रहण गरेर आफ्ना परिपूर्ण कल्याणगुणहरूका साथमा यस भूमण्डलमा पादार्पण गर्नुहुन्छ ।।

प्रभुले कुनै समयमा आफैं आएर आफ्ना दिव्य गुण र चेष्टाहरूद्वारा समस्त प्राणिकोटिलाई आनन्द प्रदान गर्नुहुन्छ भने कुनै समयमा आफ्ना धारक ज्ञानीहरूलाई यस मनुष्यलोकमा पठाएर उहाँहरूका परमपावन आचरण एवम् उपदेशहरूद्वारा मानवहरूलाई मोक्षमार्गमा प्रवर्तन गराउनुहुन्छ । उक्त विषय, श्रीभगवद्‌गीताको ७ वौं अध्यायमा **"तदाऽऽत्मानं सृजाम्यहम्"** यो भगवद्वचनद्वारा स्पष्ट हुन्छ ।

**"ज्ञानीत्वात्मैव मे मतम्"** अर्थात् मलाई नै धारक, पोषक एवं भोग्य आदि सर्वस्व मान्ने भक्त, मेरो आत्मा (धारक) हो भनेर गीताचार्यले आफ्नो विलक्षण भावलाई व्यक्त गर्नुभएको छ ।।

हामी मुमुक्षु प्रपन्नहरूका परमाराध्य, तत्त्वदर्शी आल्वार्‌हरू र पूर्वाचार्यहरू यसै कोटिमा पर्नुहुन्छ । अनादिसिद्ध वैदिकसिद्धान्तका प्रवर्तक एवं प्रवर्द्धक श्रीनाथ-यामुन-यतिवरादि पूर्वाचार्यहरूका (विशिष्टाद्वैत) सिद्धान्तमा क्रमबद्धरूपले आबद्ध भएर समस्त भारतवर्षमा अर्थात् सेतुबन्धनदेखि हिमालयसम्म श्रीभगवद्रामानुजस्वामीजीको दिव्य आज्ञालाई प्रचार-प्रसार गरेर पूर्वाचार्यहरूको मुखोल्लास सम्पादन गर्नुभएका माननीय मठाधीश महान्तहरू सबैजना हामी सबै आस्तिकजनहरूका लागि त्रिसन्ध्यस्मरणीय एवं वन्दनीय हुनुहुन्छ ।।

विभिन्न धार्मिकतीर्थस्थलहरूलाई श्रीभगवद्रामानुजसिद्धान्तको प्रचार-प्रसारका लागि केन्द्र बनाएर हाम्रा नेपाल राष्ट्रका परम सम्मान्य धेरैजना ज्ञानी आचार्यहरूले कर्म र ज्ञान अर्थात् भगवत्कैङ्कर्य र तत्सम्बन्धी ज्ञानोपदेशद्वारा महोपकार गर्दै आउनुभएको छ ।।

यसै क्रममा सन्दर्भ अनुरूप एकजना महनीय महापुरुषलाई सादर स्मरण गरौं । उहाँ हुनुहुन्छ **श्रीअयोध्या स्वर्गद्वारका तृतीयमठाधीश (वर्तमान)**

**श्रीमदुभयवेदान्तप्रवर्तक परमपूज्य श्रीमान् देवनायकाचार्य स्वामीजी महाराज** । जुन महापुरुषको सम्पूर्ण जीवन, परमार्थमा नै समर्पित रहँदै आयो ।।

नेपालआमाकै काखमा उहाँको बाल्यकाल व्यतीत भयो । वि.सं. १९८७ फागुन महिनाको रेवती नक्षत्रमा पाल्पा जिल्लाको पूर्वभागमा विद्यमान **"रुचाङ्"** नामक भूमिमा उहाँको जन्म भएको थियो । त्यो 'रुचाङ्' यतिबेला नवलपरासी जिल्लामा पर्दछ । **कौण्डिन्य गोत्र, पराजुली** उहाँको अभिजन नाम हो । आफ्नै गाउँमा प्राथमिक शिक्षा र उपनयन संस्कार आदि प्राप्त गरेर वि.सं. २०१२ मा उहाँ, **अयोध्या स्वर्गद्वार तोताद्रिमठका संस्थापक, श्रीरामानुजसम्प्रदायका प्रकाण्ड विद्वान्, धेरैजना सज्जनहरूका आचार्य एवं मार्गदर्शी प्रात:स्मरणीय श्रीअनन्ताचार्य स्वामीजीका** श्रीचरणारविन्दमा पुग्नुभयो । उहाँकै सन्निधानमा शिक्षा-दीक्षा ग्रहण गर्नुभयो र २ वर्षजति गोरखपुरमा पनि अध्ययन गर्नुभयो । त्यसपछि लगातार अयोध्यामा नै श्रीस्वामीजीको नित्यनिवास, अध्ययन, भगवूंगवताचार्य सेवा चल्दै गयो ।।

वि.सं. २०१५ देखि २०२८ सम्म द्वितीयमठाधीश **श्रीकमलनयनाचार्य स्वामीजी**को छत्रच्छाया पनि श्री देवनायकाचार्य स्वामीज्यूलाई मिल्यो । वि.सं.२०२८ देखि **तृतीयमठाधीश**का रूपमा रहेर आफ्नो आचार्यको आज्ञानुसार वर्तमान **श्रीदेवनायकाचार्य स्वामीज्यू**ले मठको व्यवस्था निर्वहण गर्दै आउनुभयो । मठको कीर्ति र नवीन निर्माणहरूलाई पनि निरन्तररूपमा महाराजजीले बढाउँदै जानुभयो । सुयोग्य शिष्यहरूलाई पनि तयार गर्नुभयो । उहाँकै संरक्षणमा मठमा रहेर अध्ययन गरेका छात्रहरूले नेपाल र भारतका विभिन्न क्षेत्रहरूमा प्रचार-प्रसार, अध्यापन जस्ता पावन सेवामा आ-आफ्ना योग्यतालाई समर्पण गर्नुभएको छ ।।

यी पङ्क्तिहरूका लेखकले सर्वप्रथम २०३५ साल श्रावणमा झूलामहोत्सवको पावन अवसरमा श्रीअयोध्याजीमा श्रीस्वामीजीको दिव्य दर्शन पाएको थियो । ४७ वर्ष पार गरेको उहाँको अवस्था थियो । सुन्दर पञ्चकेश, सेतोवस्त्र, मधुर बोली, सरल स्वभाव, सौम्यरूप, प्राज्ञदेखि पामरसम्म सबैसँग राम्रो वचनले व्यवहार गर्ने उहाँको सौशील्य गुण देख्दा यो पङ्क्तिलेखक १२ वर्ष पार गरेको आफ्नो जीवनमा उहाँलाई एक महापुरुषको रूपमा चिन्न सफल भयो ।।

दक्षिणभारत पढ्न जाने आउने क्रममा उहाँको अयोध्यामा दर्शन मिल्ने गर्दथ्यो । उहाँको सौहार्दपूर्ण वात्सल्य, अविछिन्न रूपमै मिल्दै आयो ।।

**अयोध्या, नैमिषारण्य, नारायणघाट, देवघाट, बैठकपुर, (बर्दिया) राम्दीघाट** जस्ता तीर्थस्थलहरूमा श्रीस्वामीजीले अथक प्रयासद्वारा मठ-मन्दिर निर्माण गर्दै जानुभयो र भगवान्का अर्चाविग्रहहरूको स्थापना गर्नुभयो । भगवत्कैङ्कर्यमा उहाँ एक सिद्धहस्त महापुरुष हुनुहुन्छ । क्रोध र आलस्य उहाँमा कदापि

देखिएन । शिष्यवात्सल्य, सबै भागवतोत्तमहरू प्रति परम सौहार्द, विविध हस्तकला जस्ता प्रशस्त गुणहरू श्रीस्वामीजीमहाराजमा छन् । नेपाल एवम् उत्तरभारतमा उहाँको प्रशस्तरूपमा शिष्यमण्डली छ । आज ८२ वर्ष पार गर्दा पनि उहाँमा अकुण्ठित उत्साह विद्यमान छ ।।

आफ्ना जीवनमा **श्रीस्वामीज्यूले ५ आवृत्ति दक्षिणभारत दिव्यदेशहरूको यात्रा** र भगवदनुभव प्राप्त गर्नुभयो । उत्तरभारतका दिव्यक्षेत्रहरूको पनि प्रशस्तरूपमा दर्शन गर्नुभयो ।।

उहाँको दिनचर्या पनि क्रमबद्ध रहन्छ । नित्य ब्राह्ममुहूर्तमा उठेर सुप्रभात, स्तोत्रानुसन्धान, जप-तप भगवदाराधन आदि यथासमयमा सम्पन्न गर्नुहुन्छ । ग्रन्थावलोकन पनि उहाँ बराबर गरिराख्नुहुन्छ । सबैका वैदिक कार्यक्रमहरूलाई श्रीस्वामीजीले सरलताको साथमा सम्पन्न गरिदिनुहुन्छ ।।

भाग्यशाली, दीर्घजीवी, वीतराग, परमार्थभूषण यस्ता ज्ञानीहरू अबको समयमा अतिविरलरूपमा मात्र मिल्नुहुन्छ । समग्ररूपमा दर्शन गर्दा श्री स्वामीजीमहाराजको जीवन अत्यन्त सफल र आदर्शमय छ ।।

सन् १९७० मा दासका आचार्य **न्याय-वेदान्तविद्वान् श्री ते. कं. गोपालाचार्य स्वामीजी महाराज**ले दक्षिण भारतबाट आएर अयोध्याको श्रीविजयराघव मन्दिरमा १ वर्षसम्म भगवद्विषय, गीताभाष्य, तिरूपपावैव्याख्या, वार्तामाला आदि सत्सम्प्रदाय ग्रन्थहरूको कालक्षेपगोष्ठी राखिबक्सेको थियो । जसमा नेपाल र भारतका मठाधीश-महन्तहरू सम्मिलित हुनुहुन्थ्यो । उक्त गोष्ठीमा **पूज्य श्री देवनायकाचार्य स्वामीजी**ले पनि ग्रन्थहरूको कालक्षेप समग्ररूपमा श्रवण गर्नुभएको थियो । त्यसबखतका मधुर सन्दर्भहरूलाई समय-समयमा स्मरण गरेर सुनाउने गर्नुहुन्छ ।।

यस्ता महापुरुषको लागि **"सहस्रचन्द्रदर्शन-महोत्सव"** समीपमै आइपुग्नु यौटा परम पावन विशेष सन्दर्भ हो । श्रीस्वामीजीका आप्तजन हितैषी, शिष्यपरिवारद्वारा भगवदाराधनाको रूपमा **"चौरासी पूजन"** नामले लोकमा मानिने **सहस्रचन्द्रदर्शन समारोह** मनाइँदै छ । यस सन्दर्भमा **"नवरत्नमालिका"**को रूपमा **९ वटा श्लोकहरूद्वारा** यो दासले टुटे फुटेका आफ्ना शब्दहरूलाई श्रीस्वामीज्यूका करकमलमा सादर समर्पण गर्दै आफ्नो सानो वक्तव्यलाई बिसाउन चाहन्छ ।।

।।श्रीमते रामानुजाय नमः।।

# सर्वगुणसम्पन्न महान् आचार्यलाई अभिनन्दन

स्वामी श्रीमधुसूदनाचार्य वेदान्ती
मठाधीश- श्री लक्ष्मीनारायण मन्दिर, रजौरा
तुल्सीपुर-६, दाङ



अयोध्या, नैमिषारण्यसहित नेपालका विभिन्न तीर्थस्थलहरूमा विद्यमान अनेक श्रीवैष्णव मठ-मन्दिरहरूका संरक्षक, संस्थापक एवं मठाधीश अनन्तश्रीविभूषित १००८ श्रीदेवनायकाचार्य स्वामीजी एक कर्मठ, शमदमादि आत्मगुण सम्पन्न, भगवद्भागवताचार्य कैङ्कर्य निष्ठागरिष्ठ, पराङ्कुश-परकालादि दिव्यसूरि तथा नाथ-यामुनयतिवरादि पूर्वाचार्यहरूद्वारा प्रवर्तित-प्रवर्धित एवं संरक्षित श्रीसम्प्रदाय रहस्यार्थका अभिज्ञ, आल्वारकल्प, उदार महापुरुष हुनुहुन्छ । अवस्थाले ८४ वर्ष पुग्नु भए तापनि वहाँको उत्साहमा कुनै न्यूनता देखिँदैन । यस अवस्थामा पनि निज स्वाथ्यको कुनै चिन्ता नगरी वहाँ निरन्तर श्रीवैष्णव धर्मको बहुमुखी प्रचार-प्रसारमा वद्धपरिकर रहनुभएको देखेर दर्शकजनहरूमा पनि आश्चर्य हुनु स्वभाविक नै हो र साथै वहाँको यस क्रियाशीलताबाट अरू महानुभावहरूले पनि सत्प्रेरणा प्राप्त गर्न योग्य छ । आफ्ना सदाचार्यहरूको लक्ष्य एवं परम्परालाई उत्तरोत्तर उन्नतिको शिखरसम्म लैजाने उद्देश्यका साथ श्रीस्वामीजी अद्यापि क्रियाशील रहनु भएको छ । श्री बालमुकुन्द सं. महाविद्यालय स्वर्गद्वार अयोध्यामा अध्ययन गर्दा उत्तरमध्यमा प्रथम वर्षको परीक्षामा श्री स्वामीजीको सहपाठी बन्ने सौभाग्य पनि यस दासलाई प्राप्त भएको थियो । उस समयदेखि आजसम्म श्री स्वामीजीको दासका प्रति एक आत्मीय स्नेह रहँदै आएको छ । उपर्युक्त सद्गुण सम्पन्न वयोवृद्ध आचार्यचरण चौरासीवर्ष पुग्नुभएको उपलक्ष्यमा शिष्य-प्रशिष्य, भक्त-भागवत वृन्दबाट वहाँको सुस्वास्थ्य, दीर्घायुको अभिलाषाका साथ वहाँको अभिनन्दन गर्नु अत्युत्तम कर्तव्य हो । तदनन्तर, परवर्ती गुणग्राही जिज्ञासु महानुभावहरूका प्रति स्वामीजीका उक्तानुक्त सद्गुण बोधक एक विशेषाङ्क प्रकाशित गर्ने भक्तजनहरूको सत्संकल्प पनि प्रशंसनीय छ । श्रद्धेय श्रीपद्मनाभाचार्य स्वामी (अधिकारी स्वामी) श्री वेङ्कटेश मन्दिर क्षेत्रपुर, नारायणगढको दूरभाषद्वारा प्राप्त सत्प्रेरणाबाट उत्साहित भएर श्री स्वामीजी महाराजको करकमलमा श्रद्धासुमनस्वरूप यो अभिनन्दनपत्र समर्पण गर्ने सौभाग्य प्राप्त हुँदा हार्दिक प्रसन्नता व्यक्त गर्दछु ।

।।श्रीः।।

।।श्रीमते रामानुजाय नमः।।

# श्रीदेवनायकाचार्य स्वामीज्यूका सम्मानमा

**स्वामी श्रीमाधवाचार्य**

**मठाधीश- श्रीलक्ष्मीवेङ्कटेश मन्दिर, त्रिवेणी, नवलपरासी**

**एवं श्रीगोदावेणु गोपाल मन्दिर, घट्टेकुलो, मैतिदेवी, काठमाडौं**

अनेक प्रकारका विषम परिस्थितिबाट घेरिएका यो संसाररूपी समुद्रमा कुनै पनि यस्तो व्यक्ति छैन जो आफूलाई सबै व्यक्तिले सत्कार गरुन्, आफूलाई कुनै व्यक्तिले कहिल्यै पनि तिरस्कार नगरुन् भन्ने चाहना गर्दैन तर यी सबै कुरा आफ्ना दिव्यगुणले मात्र हुन सक्तछ । आज म त्यस्तै गुणका खानी महान् व्यक्तित्वका विषयमा आफ्ना लेखनीको विषय बनाउन गैरहेको छु ।

विपदि धैर्यमथाभ्युदये क्षमाः
सदसि वाक्पटुता युधि विक्रमः ।
यशसि चाभिरुचि र्व्यसनं श्रुतौ
प्रकृति सिद्धमिदं हि महात्मनाम् ।।

पाल्पा जिल्लाको त्यो विकट डाँडो जहाँ किन्नर-किन्नरीको विपुल वस्तीमा मगरजातिको बाहुल्यता भएको कताकतै मात्र २-४ ब्राह्मणका घर भएको 'रुचाङ्' भन्ने गाउँमा मुक्तिनाथ उपाध्यायका घरमा मध्यम पुत्रका रूपमा एक पुत्ररत्नको प्रादुर्भाव भयो । यतिबेला रुचाङ गाउँको त्यो डाँडो नै हर्षले विभोर भयो । आफ्ना आफ्ना जातिका मौलिक बाजा उत्सवले अनेक प्रकारसित हर्ष बढाई गरियो । ब्राह्मणले वेदध्वनि गर्दै शान्ति पाठ गरे, मगरले नाचगान गर्न लागे । नरसिंग, सनाई र दमाहाले आकाश प्रतिध्वनित भयो । जताततै हल्ला मच्चियो - मुक्तिनाथ बाजेले छोरा पाए रे ! कति उज्यालो देख्दै चन्द्रमा जस्तो ।

गुरु पुरोहित, इष्टमित्र, बन्धु-बान्धव सबै जम्मा भए । अब बालकको नामकरणको बेला भयो । एकले भन्यो रुचाङ् देउरालीका कृपाले यो बालक पैदा भयो । अर्कोले भन्यो शिवजीका कृपाले, अर्कोले भन्यो गणेशका कृपाले, यो जन्मियो । यस्तै बिच मुक्तिनाथ र वहाँकी श्रीमतीले भन्नुभयो मैले त स्वस्थानी परमेश्वरीको भाकल गरेकी थिएँ, अन्ततोगत्वा छोराको नाम देवीको कृपाले देवीप्रसाद रहन गयो ।

समयले प्रतिक्षा गर्दैन समय बित्दै गयो । बालक देवीप्रसाद रुचाङ गाउँको मनोहर पहाडी बस्तीमा शुक्ल पक्षका चन्द्रमाझैँ सबैलाई आनन्दित गर्दै हुर्कंदै गये । सामान्य अक्षरको ज्ञान पिता मुक्तिनाथबाट नै भयो । पहाड मगरजातिको बस्तीमा शिक्षाको त्यति राम्रो व्यवस्था थिएन ।

"अष्टवर्षं उपनीत", भन्ने वैदिक उक्ति अनुसार पिता मुक्तिनाथले आठवर्षको उमेरमा यज्ञोपवीत संस्कार सम्पन्न भएपछि विशेष

ज्ञानका खोजीमा तत्कालीन ब्रह्मचारी तपस्वीको रूपमा प्रख्यात गण्डकी तटका घाटहरूमा तपश्चर्या गर्दै मुक्तिनाथदेखि हरिहर क्षेत्रसम्म तपस्यामा निरत श्रीलक्ष्मी वेङ्कटेश मन्दिरका संस्थापक बैकुण्ठबासी मधुसूदनाचार्यबाट वेद र व्याकरणको केही अध्ययन गरी वहाँकै निर्देशनमा भारतको उत्तरप्रदेश महाराजगञ्ज जिल्ला जमुही भन्ने गाउँको जमुही पाठशालाबाट उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरी वहाँकै आज्ञानुसार अयोध्या गै स्वर्गद्वार नेपाली मन्दिरका मठाधीश श्री श्री श्री १००८ स्वामी अनन्ताचार्य स्वामीबाट २०१२ सालमा श्रीवैष्णव दीक्षामा दीक्षित हुनुभयो र स्वामीजीको आज्ञाभयो । बाबु आजबाट तिम्रो नाम देवनायक रामानुज दास भयो ।

अब देवनायक रामानुज दास अनन्ताचार्य स्वामीजीकै समीपमा रही श्रीसम्प्रदायका गूढभन्दा गूढ रहस्यको खोजीमा आफ्नो जीवन व्यतीत गर्न लाग्नुभयो । उसमा लागे अनुसार सफलता पनि मिल्यो राम्रै सम्प्रदायज्ञ हुनुभयो ।

वास्तवमा महात्माहरूको स्वभाव विचित्रको हुन्छ, कसले कल्पना गरेको थियो कि देवनायक रामानुज दास अनेक देवालयका नायक नै हुन्छन् भनेर ? अहिले भारतमा अयोध्या स्वर्गद्वार सप्तसागर, नैमिषारण्य, क्षेत्रपुर, देवघाट, बैठकपुर, रामदी, बर्दिया नेपालमा आदि आदि ठाउँका मठको नायक वहाँ हुनुहुन्छ ।

त्यो बेला अनन्ताचार्य स्वामीसित धेरै विद्यार्थी थिए तर त्यति खेर नै स्वामी अनन्ताचार्यले देवनायक नामकरण गर्नु नै भावी सङ्केत हो कि जस्तो अहिले लागिरहेको छ । नत्र यति धेरै मठ-मन्दिर निर्माण गरेर व्यवस्था मिलाउन सक्नु हुँदैनथ्यो होला ।

लौकिकानां हि शब्दानां अर्थं वागनु वर्तते ।
ऋषीणां पुनराद्यानां वाचमर्थोऽनुधावति ।।
भवन्ति लीलाविधयश्च वैदिका-
स्त्वदीय गम्भीरमनोऽनुसारिण: ।

भन्ने यामुनाचार्य स्वामीको उक्ति अनुसार वैकुण्ठवासी कमलनयनाचार्य स्वामीका कृपाले स्वामी रामानुजाचार्यका परम्परामा आबद्ध वरवरमुनिद्वारा सञ्चालित अष्ट गद्दिकाप्रधान तोताद्रि पीठका २७औं पीठाधीश वानमामलै रामानुज जीयर् स्वामीद्वारा श्रीदेवनायकाचार्य स्वामीजी महाराज आचार्य पदबाट समलङ्कृत हुनुभयो । यसरी स्वामीजीका हातमा अनेक मठको मठाधिपत्यता आयो । तर पनि यौवन धन सम्पत्ति र प्रभुत्व एक एक अनर्थका साधक हुन् तापनि देवनायकाचार्य स्वामीजीलाई यिनले केही पनि बिगार्न सकेनन् ।

धनिनोऽपि निरुन्मादा: युवानोऽपि रचञ्चला: ।
प्रभवोऽप्यप्रमत्तास्ते महामहिमशालिन: ।।

भगवान् लक्ष्मी वेङ्कटेशका कृपाले मैले पनि अयोध्यामा बसेर पढ्ने पढाउने काम वहाँका सान्निध्यमा बसेर गर्ने सुअवसर मिल्यो । सद्बुद्धि, साधुसेवी, शान्त स्वभाव, जितेन्द्रिय आदि स्वामीजीका गुणको अनुभव गरेँ । एक क्षण पनि कुनै कार्य नगरी बस्न न सक्ने वहाँका प्रमुख गुण हुन् ।

"क्षणश: कणशश्चैव विद्यां अर्थं च चिन्तयेत् ।"

हुन इच्छा गरेमा भन्ने उक्ति यदि कसैले हेर्न चाहनु हुन्छ भने वहाँमा पूर्णरूपले

देख्न सक्तछौँ । यस्ता सन्त आजका युगमा पाउन मुस्किलै पर्दछ । यद्यपि अहिले वहाँको आयु ८४ वर्ष बितिसक्यो तैपनि आफू आफ्नो मठ मन्दिरको हेर चाहमा तल्लीन देखिनु हुन्छ । यस्ता महान् विभूतिको सम्मान गर्न पाउँदा हामी सबै भक्त भागवत आनन्दित छौँ ।

# उदाहरणीय प्रेरक व्यक्तित्व श्रीस्वामीज्यू

**सुशीला सिटौला**

**संस्थापिका- श्रीबदरीनारायण मन्दिर, देवघाटधाम**

श्री १००८ स्वामी श्रीदेवनायकाचार्यज्यूको बारेमा मैले दुई शब्द लेख्नु सूर्यलाई बत्ति देखाउनु जस्तै मात्र सम्झन्छु । आदरणीय गुरु एक सच्चा साधु तथा सन्त हुनुहुन्छ । बाटो बिराएको समाजलाई मनुष्य जीवनको सफलता र पूर्णताको लागि केवल एक मात्र ईश्वरको अनिवार्यतालाई समाजमा उतार्न आफ्नो सम्पूर्ण जीवनलाई **"आचार्यवान् पुरुषो वेद"** को उक्ति चरितार्थ गरी वैष्णवत्वको उदाहरणीय व्यक्ति, अत्यन्त सुलभ, शान्त, उदार र मिलनसार हुनुहुन्छ ।

हाम्रो हिन्दु धर्म, त्याग र वैराग्यले ओतप्रोत भएको छ । जस्को हृदय जति धेरै त्याग र परोपकारले परिपूर्ण छ, त्यो त्यति नै ठूलो त्यागी हो । हृदयमा क्षमा, दया, करुणाले भरिँदा समत्वको संस्कार, प्रतिष्ठित व्यवहार देखाउँदै आफ्नो चोला सनातन हिन्दु धर्म, वैष्णवधर्मको संरक्षण र संवर्धन गर्न नेपालमा मात्र हैन भारतमा पनि मन्दिर निर्माण गरी समाजको सुधार र देशको गरिमा बढाउने कार्य गर्ने उहाँ एक उदाहरणीय व्यक्तित्व हुनुहुन्छ ।

समयको अन्तरालमा संसारमा कतै कतै यस्ता महान् पुरुषको प्रादुर्भाव हुन्छ । आज ८२ वसन्त पार गरिसक्दा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । यस्तो धर्मको मर्मज्ञ व्यक्तित्वलाई, श्री बदरीनारायण मन्दिर, देवघाटधाममा निर्माण भै २०६२ सालको अक्षय तृतीयाको दिन भगवान् बदरी विशालको स्थापना समारोहको अध्यक्षता स्वामीजीबाट भै कार्य सम्पन्न कै मुहूर्तमा संस्थापक मेरा पति श्री अर्जुन सिटौला "बद्रिबाबा" र पारिवारिक सल्लाहले यो मन्दिर सौंपी १ वर्षपछि "बद्रिबाबा"को वैकुण्ठबास भयो ।

स्वामीजीको निर्देशनमा मन्दिरको प्रगति भैरहेको छ । योग्य पुरुषको हातमा रहेको मन्दिरले दिनप्रतिदिन उन्नति गरिरहेकोमा खुसी व्यक्त गर्दै पुन: स्वामीजीप्रति सम्मान व्यक्त गर्दै भविष्यमा लामो अवधिसम्म स्वामीजीको सान्निध्य यो मन्दिरले प्राप्त गरिरहोस्, यही अभिलाषाका साथ आदरणीय र गरिमामय व्यक्तित्वलाई हजार बार नमन गर्दछु ।

श्रीमते रामानुजाय नमः

# श्री १००८ देवनायकाचार्य स्वामी

**प्रा.डा. श्री चूडामणि बन्धु**
सानेपा, काठमाडौं

नेपालको रामानुजीय वैष्णव समुदायका परमादरणीय श्री १००८ देवनायकाचार्य स्वामीज्यूको ८४औं जन्मदिवसका अवसरमा उहाँको भावपूर्ण अभिनन्दन गर्दछु ।

मेरा पूज्य पिता श्री माधवाचार्यले आफ्नो जीवनको उत्तरार्धमा श्रीवैष्णव धर्म लिएपछि क्षेत्रपुरको लक्ष्मीनारायण मन्दिरमा बस्न थाल्नुभयो । हामी छोराछोरी र परिवारका अन्य सदस्यहरू पनि समय समयमा त्यहाँभेला हुन्थ्यौं । तिनै अवसरहरूमा त्यस मन्दिरका पीठाधीश स्वामी श्री १००८ देवनायकाचार्यको दर्शन र शुभाशीर्वाद प्राप्त भइरहन्थ्यो । हाम्रा मातापिता दुवैले परमपद प्राप्त गरेपछिका दिनहरूमा पनि लक्ष्मीनारायण मन्दिर हाम्रो गन्तव्य र स्वामीजीबाट आशीर्वाद प्राप्त गर्ने थलो रहिरहेको छ ।

नेपालमा रामानुजीय श्रीवैष्णव सम्प्रदायले वैदिक सनातन धर्मको संरक्षण र सम्बर्द्धनका लागि गर्दै आएका कार्यहरू सराहनीय छन् । यसै सन्दर्भमा श्री १००८ देवनायकाचार्य स्वामीजीको योगदानलाई हेर्न सकिन्छ । आबालब्रह्मचारी **स्वामीजीको अहिलेसम्मको सम्पूर्ण जीवन सनातन धर्मको संरक्षण र सम्बर्द्धनमा बितेको छ** । उहाँ अहिले पनि अयोध्या, नैमिषारण्य, बर्दिया, नारायणगढ, देवघाट र राम्दीका मन्दिरहरूका प्रमुख हुनुहुन्छ । यी स्थलहरूमा रहेका संरचना र तिनको विकासमा स्वामीजीको विशेष योगदान छ । आजको भौतिकवादी युगमा पनि भक्त, अनुयायी र श्रद्धालुहरू जुटाएर मन्दिर र आवासहरूको निर्माण कार्य सम्पन्न गर्नु र विविध धार्मिक तथा आध्यात्मिक कार्यक्रमहरूको सञ्चालन गर्नु चानचुने काम होइन, यो देश विकासकै निम्ति नै ठूलो देन हो । उहाँका अनुयायीहरूबाट आगामी दिनहरूमा पनि यी मन्दिर र आश्रमहरूको सदुपयोग र सामयिक विकास हुनेछ भन्ने उहाँको दृढ विश्वास छ ।

स्वामी अत्यन्त दयालु र हार्दिक हुनुहुन्छ । उहाँको सान्निध्यमा आएको जोकोहिले पनि उहाँको दयालुता र हार्दिकताको अनुभव गरेको छ । आफ्ना शिष्य, श्रद्धालु र छात्रहरूप्रति उहाँको व्यवहार स्नेहपूर्ण रहेको छ । उहाँको सरलता र उदारताको सबैले प्रशंसा गरेका छन् । गहिरो ज्ञान तथा शास्त्रसम्मत धर्म, नीति, आचारविचार र सामाजिक मर्यादाका कुरालाई सरलतापूर्वक सम्झाइदिने उहाँको विशेषता हो ।

स्वामी देवनायकाचार्यको **अर्को खास विशेषता हो- समयको सदुपयोग** । उहाँ कुनै न कुनै काममा आफूलाई व्यस्त राख्नुहुन्छ ।

यसै कारण पनि विभिन्न ठाउँमा रहेका मन्दिरहरूको निर्माण र सुधारका निम्ति निरन्तर क्रियाील रहनुभएको छ । स्वामीजीले व्यक्तिगत सम्पत्तिको जोहो गर्नुभएको छैन र धार्मिक प्रवचन, पूजापाठ तथा विविध अनुष्ठानहरूमा निजी रूपमा आर्जन गरेका सम्पत्तिलाई मन्दिर र आश्रमहरूको निर्माण र विकासका निम्ति नै खर्च गर्नुभएको छ । परोपकार उहाँको आदर्श बनेको छ । सबै ठाउँमा रहेका मन्दिरहरूमा उहाँका योग्य उत्तराधिकारीहरू हुनुहुन्छ । उहाँका उत्तराधिकारीहरूले स्वामीजीको सुयोग्य निर्देशनमा स्थानीय समितिहरूको समेत सहायता लिई आ-आफ्ना संस्थाहरूको सञ्चालन गर्दै हुनुहुन्छ ।

स्वामीजीको अभिनन्दनका समयमा हामीले उहाँको निर्माणमुखी चरित्र र समयको सदुपयोग गर्ने बानीले दिएको शिक्षालाई बिर्सनु हुँदैन । उहाँले भविष्यका पुस्ताका लागि बनाई दिएको संरचनाको संरक्षण तथा सम्वर्द्धन गर्नुपर्छ र हामीले पनि आफ्ना अमूल्य समयलाई खेर जान नदिई सदुपयोग गर्नुपर्छ । सांस्कृतिक सम्पदाका रूपमा चिर कालसम्म रहिरहने मन्दिर र आश्रमका संरचनालाई कतैबाट हानी नोक्सानी नहोस् र तिनको समयानुकूल विकास होस् भन्ने कुरामा उहाँका उत्तराधिकारी, शिष्य र अनुयायीहरूले विचार गर्नैपर्छ । व्यक्तिगत स्वार्थ त्यागी लोकहितका निम्ति काम गर्दै समयको बढीभन्दा बढी सदुपयोग गर्ने बानी बसाल्यौं भने स्वामीजीको अभिनन्दन सार्थक हुनेछ ।



“कुलं पवित्रं जननी कृतार्था
वसुन्धरा भाग्यवती च धन्या ।
स्वर्गस्थिता ये पितरोऽपि धन्याः
येषां कुले वैष्णवनामधेयम् ।।”

# वयोविद्यावृद्ध शुद्धात्मा महात्माको काव्यात्मक अभिनन्दन

स्वामी श्रीजगन्नाथाचार्य
मठाधीश- श्रीवैकुण्ठनाथ मन्दिर, लंकु

हाम्रा मित्र पवित्र भित्र दिलका भक्तिप्रभादायक
प्यारा बालसखा र खास गुरु हे ! श्रीदेवकानायक ।
भारी भारत साथ देश यसका सद्धर्म संवर्द्धन
गर्छौं आज हजूरको हृदयले मीठो अभिनन्दन ।।१।।
चौरासीतिर लम्किएछ तन यो सेवा सबैको गरी
सारा जीवविषे विराजित स्वयं पूज्दै जगत्मा हरि
ऐलेसम्म अखण्डतासँग अहो ! सेवा चल्यो धर्मको
ज्ञानी भक्त भए पनि कति ठूलो बाढी त सत्कर्मको ।।२।।
ईर्ष्या द्वेष र पक्षपातहरूको सातो उडेको थियो
लामो जीवनमा सुप्रीति सबमा पाको भिजेको थियो ।
माया, शील, सुदृष्टि सत्यहरूले बासा बसेका थिए
यी सारा गुणपुञ्ज एकजुट भै भारी सुकीर्ति दिए ।।३।।
स्वामीजी हुनुहुन्छ शान्त विनयी हाम्रा ठूला गौरव
छर्दै पुग्नुभयो वहाँतक अहो ! सत्प्रेमको सौरभ ।
आफ्नो दीर्घपरम्परा क्रममहान् धान्दै बढ्यो जीवन
बाधा अल्मल वा विवाद न रही चोखो बित्यो यौवन ।।४।।
हाम्रा रक्षकरत्न नै हुनुभयो साथी भए तापनि
मान्छौं उत्तम भाग्य साथ हुन गो थोरै भए तापनि ।
यत्रा सन्तति हुर्कियौं द्विज बन्यौं एक्लै रहे तापनि
उँचा काम भए सुविग्रह भने होंचै भए तापनि ।।५।।
श्रीरामानुज नै उदाउनु भयो भन्ने बनुन् वैष्णव
श्रीकौण्डिन्य महर्षि झुल्किन पुगे भन्ने गरून् मानव !
निन्दा द्रोह घमण्ड दूर हुन गै हामी यहाँ झैं बनौं
एकात्मा परमात्मभक्त सबमा भिज्ने महात्मा बनौं ।।६।।
हाम्रो आन्तर एकता दृढ बनोस् सद्भाव औ प्रीति ली
ती रामानुज सम्झिँदै प्रकृतिका यी तुच्छ बोक्रा भुली ।
देहात्मभ्रमभाव भङ्ग हुन गै सारा बनौं उन्नत
माग्छौं आसिक आज वृद्धगुरुको, निक्कै झरेछौं तल ।।७।।

।।श्रीसीतालक्ष्मणभरतशत्रुघ्नहनुमत्समेतश्रीरघुनन्दनपरब्रह्मणे नमः।।

।।श्रीमते रामानुजाय नमः।।

।।श्रीमद्वरवरमुनये नमः।।

।।श्रीमते वानाद्रियोगिने नमः।।

# वक्तव्यमाचार्यवैभवः (वर्णन गर्नु आचार्य वैभव)

स्वामी श्रीबालकृष्णाचार्य
उत्तराधिकारी - श्रीशेषलक्ष्मीनारायण मन्दिर स्वर्गद्वार
एवं श्रीवेङ्कटेश मन्दिर तोताद्रिमठ, सप्तसागर
श्रीअयोध्याजी

**अयोध्याधिपतिं रामं शठारिञ्च यतीश्वरम् ।**
**रम्यजामातृयोगीन्द्रं वानाचलमहामुनिम् ।।१।।**
**अनन्तं पद्मनेत्रञ्च गुरुं श्रीदेवनायकम् ।**
**नमामि वर्णयाम्येवमाचार्यगुणवैभवम् ।।२।।**

श्रीमद्वेदमार्ग प्रतिष्ठापनाचार्य उभयवेदान्त प्रवर्तकाचार्य अस्मादाचार्य "श्रीदेवनायकगुरुं शरणं प्रपद्ये" श्रीमान् स्वामीजीमहाराजको जो वैभव अनुभव गर्दै आइएको छ, त्यसैमध्ये यथामति यत्किञ्चित् वैभव उल्लेख गरिँदै छ ।

श्रीमान् स्वामीजीको आविर्भाव नेपालदेश लुम्बिनी अञ्चल अन्तर्गत पाल्पा जनपदको 'रुचाङ' नामले सुप्रसिद्ध स्थलमा वि.सं. १८८७ फाल्गुन महिना रेवती नक्षत्रमा श्रीमान् मुक्तिनाथ पराजुलीका पुत्ररत्नको रूपमा भएको हो । शिक्षादीक्षाको क्रममा भगवान् श्रीरामको अवतारभूमि श्री अयोध्यामा वि.सं. २०१२ मा पदार्पण भएको रहेछ । सप्तपुरीहरूमा मूर्धन्य श्री अयोध्यामा स्वर्गद्वार श्रीशेषलक्ष्मीनारायण मन्दिरका संस्थापक श्रीमद्वेदमार्ग प्रतिष्ठापनाचार्य उभयवेदान्तप्रवर्तकाचार्य श्रीमद् अनन्ताचार्य स्वामीजी महाराजको सन्निधिमा पञ्चसंस्कार सम्पन्न भएको हो एवं समग्र रहस्यग्रन्थहरूको अध्ययन पनि श्री अयोध्याजीमा नै भएको हो वर्तमान श्री स्वामीजीको ।



प्रसङ्गत: श्रीमान् अनन्ताचार्य स्वामीजी महाराजको पनि सङ्क्षिप्त इतिहास उल्लेख गरौं- श्रीमद् अनन्ताचार्य स्वामीजीको जन्म धादिङ् जिल्ला 'जीवनपुर' नामक पवित्र स्थलमा रेग्मीथर, कौशिक गोत्र ब्राह्मकुलमा हुन गएको हो । दक्षिण भारत श्री तोताद्रिनाथ भगवान्को सन्निधिमा २५औ. पीठाधिपति श्रीमत् परमहंस परिव्राजकाचार्य श्री कलियन् वानमामलै जीयर् स्वामीजीको चरण सन्निधिमा शिक्षादीक्षा हुन गएको रहेछ । समग्र सत्सम्प्रदायको अध्ययन पश्चात् आचार्य आज्ञा शिरोधार्य गर्दै उत्तर भारतमा आएर श्री बद्रिनाथजीको प्राचीन मन्दिरमा चाँदीको ढोका लगाउने कैङ्कर्य उद्योगपति वर्गको सहायताले गर्नुभएको रहेछ । वि.सं. १८८६ मा नेपाल देशमा श्रीवैष्णव धर्मको प्रचार प्रसारको क्रममा सर्वप्रथम यात्रा गर्दै जगन्माता श्री जानकीजीको अवतारभूमि श्री जनकपुर अञ्चल अन्तर्गत सिन्धुली जिल्ला बाहुन तिल्पुङ भन्ने गाउँमा पदार्पण गर्नुभयो । धेरै आस्तिकजनतालाई श्रीवैष्णव संस्कारले सम्पन्न गरिदिनुभयो । त्यसबेला श्री ३ सरकार राणाशासनमा श्रीवैष्णवधर्मलाई विदेशी धर्मको प्रचार गर्न आएको भनेर केही व्यक्तिले उजुर गरेपछि श्री स्वामीजीलाई सिन्धुलीमा जेलमा नै पुऱ्याए । श्रीस्वामीजीले वेद, पुराण पाञ्चरात्रागम शास्त्रद्वारा श्रीवैष्णव धर्म वैदिक धर्म हो भनेर प्रमाणित गरेर त्यसक्षेत्रका हाकिम आदि अधिकारीहरूलाई पनि परास्त गर्नुभयो । **त्यतिबेलाको परिस्थितिमा दिग्विजय प्राप्त गर्नु ठूलो गौरवको विषय थियो ।**



श्री स्वामीजीका शिष्यवर्गमा श्रीमान् कमलनयनाचार्यस्वामीजी, श्री माधवाचार्य स्वामीजी (खोलापारी गुरुजी), श्री तोताद्रि स्वामीजी श्री जयकृष्ण आचार्य (महात्मा), श्री धरणीधर स्वामीजी हेटौंडा सम्पर्कमा रहेर रहस्यग्रन्थको अध्ययन श्रवण गर्ने श्रीस्वामी जनार्दनाचार्य देवघाट, श्री केशवाचार्य स्वामी जनकपुर, श्री चतुर्भुज स्वामीजी स्वर्गद्वार वर्तमान्



श्रीस्वामीजी अयोध्या आदि महापुरुषको श्रीमुखद्वारा श्री अनन्ताचार्य स्वामीजीको रहस्यग्रन्थको कालक्षेप वर्णन, ऐकान्तिक स्वभाव, बालकहरूलाई धेरै बात्सल्य प्रेम प्रदान गर्ने कल्याण गुणका आकर यस्तो वैभव श्रवण गर्दै आएका छौं हामी ।

यी श्रीबडे स्वामीजीका अन्तरङ्ग कृपापात्र श्रीमद्वेदमार्ग प्रतिष्ठापनाचार्य

उभयवेदान्त प्रवर्तकाचार्य द्वितीय मठाधीश श्री कमलनयनाचार्य स्वामीजी महाराजको आधिपत्यमा श्री शेषलक्ष्मीनारायण मन्दिरको शाखा प्रशाखाको रूपमा वैभवको विस्तार भयो । विस्तारको क्रममा पुराणविश्रुत अष्टभूवैकुण्ठमा अन्यतम श्री नैमिषारण्य क्षेत्रमा "श्री अनन्ताश्रम तोताद्रिमठ" नामले सुप्रसिद्ध छ । सम्प्रति उक्त मठमा भगवद्भागवत आचार्य सेवा, विद्यार्थी, अतिथि, गौसेवा सुचारु रूपले चलि आइरहेको छ एवं श्री अयोध्याजी सप्तसागरमा पहिले बगैँचा पनि भनेर व्यवहार गर्दथ्यौं, त्यो बगैँचा पनि श्रीमान् कमलनयनाचार्य स्वामीजी महाराजकै समयमा अर्जित भएको हो । वहाँको जन्मभूमि नेपालमा पूर्व भोजपुर जनपद अन्तर्गत दिङ्ला नामक स्थल रहेछ । वत्सगोत्र लम्साल थर ब्राह्मणकुलमा जन्म भएको हो । वहाँको सन्निधिमा रहेर कृपा प्राप्त गर्नुहुने महानुभाव महाविभूतिहरूको पनि हामीहरूले सान्निध्य प्राप्त गर्‍यौं । श्रीमान् कमलनयनाचार्य स्वामीको पश्चात् श्री १००८ वर्तमान श्रीस्वामीलाई श्री शेषलक्ष्मीनारायण मन्दिरको सेवा अभिभार प्राप्त भयो । वि.सं. २०२८ पुष महिनादेखि लिएर श्री स्वामीजी महाराजले **"गुरुं प्रकाशयेद धीमान्"** यस सूक्तिलाई चरितार्थ गर्दै पूर्वाचार्यको परम्परालाई सुरक्षित एवं परिवर्धित गर्दै आइरहनु भएको छ । शेषलक्ष्मीनारायण मन्दिरको जीर्णोद्धार गर्भमन्दिर निर्माण, परिक्रमा माथिल्लो तलामा कोठाहरूको निर्माण, गोपुर आदिको सुरक्षा आदिको प्रबन्ध गर्नुभएको छ । एवं प्रकारले अनन्ताश्रम तोताद्रिमठ नैमिषारण्यमा मन्दिरको विस्तार अतिथि भवन, गौशाला, वेदवेदाङ्ग अध्ययन गर्ने छात्रहरूलाई आवास भोजनादि व्यवस्था व्यवस्थित रूपमा गर्दै आउनु भएको छ ।

वि.सं. २०३८ मा वैशाखमा श्रीमान् श्रीधराचार्य स्वामीजी फेदी बाग्लुङको आचार्यत्वमा श्री वेङ्कटेश भगवान्को प्राणप्रतिष्ठा महोत्सव सम्पन्न गराउनु भयो । श्री नारायणाचार्य स्वामी गैंडाकोट, श्री कुलशेखर आचार्य स्वामी काठमाडौं आदिको प्राणप्रतिष्ठा महोत्सवमा तन मनको विशेष सहयोग थियो । नेपाल भारतका महान् विभूतिहरूको उपस्थितिले श्री वेङ्कटेश भगवान्को मुखोल्लास हुनगएको थियो ।

वि.सं. २०४३ साल श्रीरामनवमी श्रीअयोध्याजीमा श्रीमान् श्रीधराचार्यस्वामीजीको आचार्यत्वमा श्रीदेवी, भूदेवी, गोदादेवी श्रीरामानुजस्वामीसहित उत्सव विग्रहको प्राणप्रतिष्ठामहोत्सव सम्पन्न गराउनु भयो ।



पुन: वि.सं. २०५२ मा सप्तसागर बगैंचामा नवनिर्मित मन्दिरमा श्री वेङ्कटेश भगवान् मूल विग्रह गरुड हनुमानजी सहितको प्राण प्रतिष्ठा सम्पन्न गराउनु भयो उभयवेदान्त विद्वान् श्रीकृष्णाचार्यज्यूको आचार्यत्वमा । महाभागवत, आचार्यपुरुष, अतिथि सेवार्थ 'श्रीवेङ्कटेश भवन'को निर्माण एवं गौसेवार्थ गौशाला आदिको निर्माण गराउनु भयो । यस्तै प्रकारले क्षेत्रपुर, नारायणघाट, श्रीबद्रीनारायण मन्दिर देवघाटको निर्माणमा महत्वपूर्ण योगदान श्रीमान् स्वामीजीको रहेको छ ।

८४ वर्षको अवस्थामा पनि सबै आश्रमको बागडोर श्रीस्वामीजीको हातमा छ । श्रीस्वामीजीका परिचारक वर्ग आज्ञापालनमा तत्पर हुनुहुन्छ । **"पारवानस्मि काकुत्स्थ"** श्रीलक्ष्मणजीको सूक्तिलाई पालन गर्ने सतत प्रयासमा रहनुहुन्छ । सम्प्रति राम्दी पाल्पा श्रीकृष्णागण्डकी नदीको समीपमा नै **"श्रीरामानुजाश्रम"** नाम दिएर रामानुजस्वामीजीको मूल विग्रह एवं उत्सव विग्रहको प्राणप्रतिष्ठा महोत्सव विद्वान् श्रीकृष्णमाचार्यको आचार्यत्वमा सम्पन्न गराउनु भयो । श्रीस्वामीजीको जीवनमा धैर्य, सारल्य, दया, वात्सल्य, क्षमा तदीयाराधना आदि महान् गुण विद्यमान हामीहरू दर्शन पाइरहेका छौं । एवं दिव्यगुण सम्पन्न महान् आचार्यको छत्रच्छायामा वहाँद्वारा प्रदत्त अन्न, जल, वस्त्र, शिक्षा-दीक्षा यावत् वस्तु प्राप्त गरेर हुर्किएको यो शरीर हो । श्रीलोकाचार्य स्वामीजीद्वारा प्रणीत "श्रीवचन भूषणम्" श्रीवचन स्मृतिपथमा आइरहेको छ- **"वस्तव्यमाचार्य-सन्निधिर्भगवत् सन्निधिश्च, वक्तव्यमाचार्यवैभव: स्वनिकर्षश्च, जप्तव्यं गुरूपरम्परा द्वयञ्च, परिग्राह्यं पूर्वाचार्यवचनमनुष्ठानञ्च परित्याज्योऽवैष्णवसहवासोऽभिमानश्च, कर्तव्यमाचार्य कैङ्कर्यं भगवत्कैङ्कर्यञ्च** ।२८८।"

अर्थ- आचार्य सन्निधि र भगवत्सन्निधिमा बास गर्नु, आचार्य वैभव र नैच्यानुसन्धान गर्नु, गुरूपरम्परा र द्वयमन्त्रको जप गर्नु, पूर्वाचार्यको वचन र अनुष्ठानलाई पालन गर्नु, अवैष्णवको सहवास र अभिमानलाई त्याग गर्नु, आचार्य कैङ्कर्य र भगवत् कैङ्कर्य गर्नु ।

"रामानुजाङ्घ्रिशरणोऽस्मि कुलप्रदीप:" श्री कुरेश स्वामीजीको वचनानुसार हाम्रा उज्जीवनका लागि हाम्रो सर्वस्व श्रीस्वामीजी महाराज नै हुनुहुन्छ । ८४औं जयन्ती महोत्सव एवं सहस्रपूर्णचन्द्रदर्शनको पावन सन्दर्भमा श्रीस्वामीजीको आयुरारोग्यवृद्धिको लागि करुणामृताब्धिक दण्डपाणि श्रीकोशलेश भगवान्को सन्निधिमा सादर प्रार्थना गर्दछु । श्रीस्वामीजीको श्रीविग्रहमा पूर्ण आयु, पूर्ण आरोग्य प्रभुले प्रदान गर्नुहोस् श्री स्वामीजीको आश्रित शिष्यजनलाई सत्धर्म सत् मार्ग प्राप्त होस् ।

"महातमभिर्मामवलोक्यतां नय, क्षणेऽपि तेयद् विरहोऽति दु:सह: ।। यस प्रार्थनाका साथै दासानुदास बालकृष्णरामानुदास श्रीशेषलक्ष्मीनारायणमन्दिर स्वर्गद्वार, श्रीवेङ्कटेश मन्दिर तोताद्रिमठ सप्तसागर श्रीअयोध्या ।

।।श्रीलक्ष्मीवेङ्कटेशपरब्रह्मणे नमः।।

।।श्रीमते रामानुजाय नमः।।

।।श्रीमद्वरवरमुनये नमः।।

।।श्रीमते वानाद्रियोगिने नमः।।

# श्रीशेषलक्ष्मीनारायण मन्दिर क्षेत्रपुर : अतीत र वर्तमान

स्वामी श्रीपद्मनाभाचार्य
उत्तराधिकारी श्रीशेषलक्ष्मीनारायण मन्दिर
क्षेत्रपुर, नारायणगढ

कुम्भे च रेवत्युद्भूतमनन्तार्यपदाश्रितम् ।
पङ्कजाक्षाश्रयं वन्दे गुरुं श्रीदेवनायकम् ।।

## १) पृष्ठभूमि

धर्म, संस्कृतिको धनी नेपाल देश मन्दिरै मन्दिर भएको देवभूमि हो । धार्मिक ऐतिहासिक एवं प्राचीन ऋषि महर्षिहरूको साधना एवं तपस्थली देवघाटधामको समीप पवित्र नारायणी नदीको किनार चितवन जिल्ला भरतपुर नगरपालिका-२, क्षेत्रपुरमा अवस्थित श्रीशेषलक्ष्मीनारायण मन्दिरको पृष्ठभूमि र इतिहासलाई केलाउँदा यो एउटा मातृसमूहबाट थालनी भई वर्तमान स्वरूपमा आइपुगेको भक्तहरूको आस्थाको केन्द्र एक प्रिय संस्था हो ।

वि.सं. १९८० मा तनहुँ जिल्लामा जन्मनु भएकी श्रीमती केशव आमाजी (केशुमाया घिमिरे) ले अयोध्या स्वर्गद्वार श्रीमद्अनन्ताचार्य स्वामीज्यूबाट श्रीवैष्णव दीक्षा ग्रहण गरी दक्षिण भारतका वैष्णव मठ-मन्दिरहरूमा भगवत्सेवामा संलग्न रहँदा श्रीमधुसूदनाचार्य (त्रिवेणी) र श्रीमाधवाचार्य (खोलापारी) स्वामीजीको प्रेरणाबाट २०२५ सालदेखि वर्तमान श्रीशेषलक्ष्मीनारायण मन्दिर परिसरलाई नै आफ्नो तीर्थवास निर्धारण गरी सहयात्रीहरू चन्द्रकला (चक्रापाणि) भट्टराई, सुभद्रा बास्तोला,



हरिप्रिया भट्टराई, रमा बराल, यशोदा सुवेदी, जनार्दन भट्टराई, लक्ष्मी भट्टराई, कमला पौडेल समेत नौजना आमाजीहरूबाट ०-३-७$^1/_2$ जग्गा

लिई २०३७ सालमा श्रीमती पद्मा कोइरालाको आर्थिक सहयोगमा हेटौंडा निवासी श्री श्रीनिवासाचार्य स्वामीज्यूबाट वरदराज भगवान्‌को प्राणप्रतिष्ठा सम्पन्न भएको थियो । त्यतिबेला पश्चिम फर्किएको सानो मन्दिरमा भागवत सेवा प्रारम्भ भएको थियो ।

**२. श्रीअयोध्यास्वामीजीको आगमन र मन्दिर एवं भौतिक संरचनाहरूको निर्माण**



व्यवस्थित रूपमा मन्दिर सञ्चालन गर्न एक जना आचार्यको आवश्यकता महसुस गरी प्रमुख संस्थापिका केशव आमाजी र अन्य सहयोगी आमाजीहरूको अनुरोधमा भारतको अयोध्यास्थित स्वर्गद्वार तोताद्रिमठका मठाधीश नेपालआमाका पुत्ररत्न श्री १००८ देवनायकाचार्य स्वामीज्यूबाट मन्दिरको संरक्षकत्व एवं अध्यक्षता स्वीकार गरी श्रीशेषलक्ष्मीनारायणमन्दिरको निर्माण र विकासमा अनवरत रूपमा लाग्नुभयो । २०४० सालमा श्रीमाधवाचार्य स्वामीज्यू (खोलापारीस्वामी) को उत्साहमा मन्दिर निर्माण र सञ्चालनमा अभ्यस्त श्री स्वामीजीबाट अथक परिश्रमका साथ मन्दिर लगायत परिसरभित्रका विभिन्न भौतिक संरचनाहरूको निर्माण सम्पन्न भएका छन् । हाल मन्दिर परिसरमा एक मूल मन्दिर, जगमोहन (प्रार्थना-कक्ष) यज्ञशाला, सत्सङ्ग भवन, गौशाला एवं छात्रावास, अतिथि भवन एवं पाकशाला आदि निर्माण भएका छन् भने केही तीर्थवासीहरूले आफ्नै लगानीमा कोठा निर्माण गरिरहनु भएको छ । जसमा काठमाडौं, धादिङ, नुवाकोट, महेन्द्रनगर, कञ्चनपुर, पाल्पा, नवलपरासी, दाङ, तनहुँ आदि जिल्लाका भक्तहरू हुनुहुन्छ ।

**३. मठ-मन्दिर निर्माणमा सिद्धहस्त श्रीस्वामीजीमहाराज**

श्रीस्वामीज्यूबाट अयोध्या स्वर्गद्वार एवं सप्तसागरमा श्रीवेङ्कटेश नेपाली मन्दिर, नैमिषारण्य क्षेत्रमा श्रीअनन्ताश्रम नेपाली मन्दिर, नेपालको मध्य पुण्यभूमि नारायणघाटको क्षेत्रपुरमा श्रीशेषलक्ष्मीनारायण मन्दिर, बर्दियाको बैठकपुरमा बालगोपाल मन्दिर, देवघाटमा बदरीनारायण मन्दिर र पाल्पाको रामदीमा ‘श्रीरामानुज आश्रम’को स्थापना तथा व्यवस्थापन, थप निर्माण कार्य आदि गर्दै सहस्रपूर्णचन्द्रदर्शनको यो कार्यक्रमका दिनसम्म मन्दिर निर्माणमा निरन्तर क्रियाशील रहनुले श्रीस्वामीजी मठ-मन्दिर निर्माणमा

सिद्धहस्त महापुरुष हुनुहुन्छ भन्दा स्वाभाविक नै लाग्दछ ।

**४. मन्दिरको जग्गाजमीन**

दैनिक सेवा सञ्चालनार्थ यस मदिरको नाममा चितवनको भीमनगरमा २-२-२ जग्गा प्रमुख संस्थापिका केशव आमाजीबाट श्री वेङ्कटेश भगवान्को सेवामा प्राप्त भएको छ । यसैगरी नवलपरासी सिंगाहामा श्री शालिग्राम अर्याल सपरिवारबाट दाउन्ने देवी गा.वि.स.को ०-११-७ खेत प्राप्त भएको छ । यसैगरी वै.वा. खोलापारी स्वामी श्रीमाधवाचार्य तथा श्रीमती हरिप्रिया रेग्मी गुरुआमाको प्रेरणाबाट सुपुत्रहरू प्रा.डा. श्री चूडामणिबन्धुज्यू लगायत भाइहरूबाट मन्दिर परिसरसँगै रहेको ०-०-७ धुर जग्गा र नवलपरासी माकर-६, बेताहनीको ०-१४-१५ खेत मन्दिरलाई प्राप्त भएको छ । नवलपरासी जिल्ला सिसवार गा.वि.स.-१ मा रहेको एक कठ्ठा जग्गा श्रीमती रमा श्रेष्ठबाट मन्दिरलाई प्राप्त भई सो जग्गा बिक्री गरी प्राप्त रकम अक्षयकोषमा राखिएको छ ।

**५. श्री वेङ्कटेश भगवान्को अचल विग्रह र उत्सव विग्रहहरू**

श्री भगवान्को वैभव वृद्धिका निमित्त श्री १००८ देवनायकाचार्य स्वामीबाट वर्तमान मूल मन्दिरको निर्माण गरी वि.सं. २०५१ सालमा भारतको आन्ध्र प्रदेशस्थित तिरूपति देवस्थानबाट नि:शुल्क उपलब्ध वेङ्कटेश भगवान्को अचल विग्रह (मूर्ति) ल्याई श्रीमद् उभयवेदान्ताचार्य विभिन्न भाषा साहित्यका ज्ञाता श्री श्रीकृष्णमाचार्य स्वामीज्यूको आचार्यत्वमा विभिन्न आचार्य भक्तभागवतहरूको समुपस्थितिमा रामनवलमीको पावन अवसरमा पाञ्चरात्रागम पद्धति अनुसार पञ्चदिवसीय प्राणप्रतिष्ठा महोत्सव गरी संस्थापित गर्नुभएको हो ।

त्यसै गरी श्रीमाधवाचार्य (खोलापारी) स्वामीजीबाट श्रीराम, जानकी, लक्ष्मण र हनुमानजीका उत्सव विग्रह, अयोध्या निवासी सीता आमाजीबाट श्रीदेवी भूदेवी सहित वेङ्कटेश भगवान्को उत्सव (मूर्ति) विग्रह, ई. कृष्णकुमार श्रेष्ठ सपरिवारबाट मन्दिरद्वारमा स्थापित श्री हनुमान्जीको स्थापना र जगमोहनको पूर्वी भागमा प्रा.डा. श्री चूडामणि बन्धु र भाइहरू सपरिवारबाट श्री गरुडजीको स्थापना भएका छन् भने अन्य गोपालजीहरू, सयौं शालग्रामहरू, श्रीशठारि आदि भगवद्विभूतिहरू मन्दिरमा विराजमान छन् ।

**६. उत्तराधिकारीको चयन**

वि.सं. २०५६ सालमा श्रीशेषलक्ष्मी-नारायणमन्दिर क्षेत्रपुरको उत्तराधिकारीका रूपमा श्री पद्मनाभाचार्यलाई श्रद्धेय मठाधीश स्वामीजी महाराज एवं तत्कालीन मन्दिर सञ्चालक समितिद्वारा वरण गरिएको थियो । सोही वर्ष दक्षिण भारतका जगद्गुरु श्रीवानमामलै रामानुज जीयर स्वामीजी महाराजको शुभागमन भयो र श्रीजीयर स्वामीजी महाराजबाट मङ्गलाशासन एवं उत्तराधिकारीलाई श्रीमुखपत्र प्रदान गरिबक्सनुका साथै आशीर्वाद स्वरूप माला लगाइदिनु भएको थियो ।

**७. मन्दिरको संस्थागत विकास**

वि.सं. २०६० सालमा मन्दिरको उन्नयन एवं वैभववृद्धिका निमित्त "समाजका सबैको सहभागिता रहनुपर्दछ, भगवान् सबैका साझा हुनुहुन्छ, मन्दिर सामाजिकीकरण हुनुपर्छ" भन्ने मठाधीश स्वामीज्यूको दूरदर्शिता र शुभसङ्कल्पमा यस क्षेत्रका सम्पूर्ण बुद्धिजीवी, समाजसेवी लगायत भक्तहरूको भेला गराई सबैको सहभागितामा श्रीबालकृष्णाचार्य स्वामीज्यूको वाचकत्वमा श्रीमद्वाल्मीकीय रामायण नवाह ज्ञानमहायज्ञ लगाई उत्तराधिकारी श्री पद्मनाभाचार्यको अध्यक्षतामा सबै सम्मिलित १९ सदस्यीय मन्दिर सञ्चालक समिति गठन गरियो । जि.प्र. कार्यालय चितवनमा यसै समितिले विधिवत् विधान दर्ता गरी संस्थागत विकासको प्रारम्भ भयो । मन्दिर सार्वजनिक एवं विधान दर्ता पश्चात् विधिवत् रूपमा साधारण सभाबाट श्री १००८ देवनायकाचार्य स्वामीज्यूको प्रमुख संरक्षकत्व रहने गरी श्री स्वामी पद्मनाभाचार्यज्यूको अध्यक्षतामा १९ सदस्यीय मन्दिर सञ्चालक समिति गठन भई मन्दिरको नाममा बैङ्कमा खाता सञ्चालन गरी प्रत्येक भक्तले चढाएको भेटी चन्दा सहयोग, सत्सङ्गमा चढेको भेटी लगायत साना-ठूला सबै रकमहरूलाई आय बाँधी दैनिक खर्चको समेत हिसाब राखी विधिवत् लेखापरीक्षण गरिँदै आएको छ ।

वर्तमानमा मन्दिर विकासको लागि १९ सदस्यीय सञ्चालक समिति, १२ सदस्यीय सल्लाहकार समिति, ३ सदस्यीय लेखा समिति, ७ सदस्यीय निर्माण समिति, ७ सदस्यीय संरक्षण समिति र १६ सदस्यीय ससङ्ग समिति कार्यरत छन् । यसै गरी १२५ जना आजीवन सदस्य र १२० जना विधिवत् साधारण सदस्य छन् भने श्री वेङ्कटेश मन्दिर अयोध्याका उत्तराधिकारी श्री स्वामी बालकृष्णाचार्यज्यू र विद्वान् श्री श्रीकृष्णमाचार्य स्वामीज्यूलाई मानार्थ सदस्यता प्रदान गरिएको छ ।

मन्दिरको आध्यात्मिक क्षेत्र तथा उत्सव आदिलाई व्यवस्थित गर्न मठाधीश श्रीस्वामीजीकै अध्यक्षतामा ७ सदस्यीय एक संरक्षण समितिको विधानमा व्यवस्था गरिएको छ । विधान अनुसार यस संरक्षण समितिले पूजा, आराधना तालिका, उत्सव तालिका आदि बनाई मन्दिरमा प्रचलित परम्परागत उत्सव पूजा आदिलाई सुव्यवस्थित गर्नुका साथै अर्चक रसोइया आदि सेवकहरूको नियुक्ति गर्ने व्यवस्था गरेको छ । साथै वैकुण्ठोत्सवलाई व्यवस्थित गर्नको लागि छुट्टै खाता खोली सम्बन्धित भक्तको यथासमयमा **"वैकुण्ठयात्रोत्सव"** पनि गर्ने व्यवस्था मिलाइएको छ । यस मन्दिरको आध्यात्मिक उन्नयनतर्फ भने लगभग प्रारम्भिककालदेखि हालसम्म स्वामी श्री बालकृष्णाचार्यज्यू र विद्वान् स्वामी श्रीश्रीकृष्णमाचार्यज्यूको सल्लाह र सुझावमा कार्यक्रमहरू हुँदै आइरहेका छन् ।

**८. दैनिक आराधना एवं विशेष उत्सवहरू**

यस मन्दिरमा प्रतिदिन बिहान बटुकहरूद्वारा सुप्रभात पाठ हुन्छ, अनि लक्ष्मीनारायण भगवान्को आरती, पुष्पाञ्जलि, तुलसी अर्चना, कपूर आरति गरिन्छ ।

सायंकालमा श्रीगुरूपरम्परा, विष्णुसहस्रनाम आदिको पाठ, नित्यपाठहरू र भजन-कीर्तन हुने गर्दछन् । प्रतिमहिना तिष्य नक्षत्रमा भगवान्को **"महाभिषेकस्नान"** हुने गर्दछ । विशेष उत्सवमध्ये श्रावण शुक्ल एकादशीदेखि जनैपूर्णिमासम्म **"पञ्चदिवसीय झूला-महोत्सव"**, श्रीकृष्णाष्टमी, शरत्पूर्णिमा, कोजाग्रत महोत्सव र (भगवान्लाई बाहिर ल्याई चन्द्रदर्शन गराउने) सायंकालमा रासपञ्चाध्यायीको पाठ-प्रवचन, कीर्तन, तिहारपछिको मूल नक्षत्र प्राय: पञ्चमीमा **"अन्नकूट-महोत्सव"** भव्य रूपमा हुन्छ र कार्तिक 'हरिबोधिनी एकादशी'मा सामूहिक **"लक्षअर्चना कार्यक्रम"**, विशेष गरेर पुस महिनाभरी नै श्रीगोदाम्बाजीको **"धनुर्मास उत्सव"** हुन्छ भने पौष २७ गते **श्रीगोदा एवं रङ्गनाथ भगवान्को भव्य "विवाह-महोत्सव"** सम्पन्न हुने गर्दछन् । अरू विभिन्न आचार्यहरूको उत्सवका साथै चैत्र शुक्ल श्रीरामनवमीमा पञ्चदिवसीय वार्षिक-ब्रह्मोत्सव, पञ्चमीदेखि प्रारम्भ भई विभिन्न पूजा, अर्चना, मन्त्रानुष्ठान आदि कार्यक्रमका साथ **रामनवमीको अन्तिम दिन** बिहान ७:३० बजे विभिन्न धार्मिक संघ-संस्थाहरूको सहभागितामा हजारौं भक्तसमुदायको समुपस्थितिमा **"श्रीवेङ्कटेश भगवान्को भव्य रथयात्रा"** बजार परिक्रमा गर्दै सुसम्पन्न हुने कार्यक्रम प्रतिवर्ष चल्दै आएको छ । साथै प्रत्येक बुधबार सत्सङ्ग कार्यक्रम, एकादशी महात्म्य, पुरुषोत्तम माहात्म्य लगायत कार्यक्रमहरू निरन्तर चलिआएका छन् ।

**९. मन्दिरमा सम्पन्न महायज्ञहरू र निर्माण कार्य**

समय-समयमा विशिष्ट विद्वान् एवं आचार्यज्यूहरूबाट धार्मिक आध्यात्मिक प्रवचनका साथै अनुष्ठानात्मक कार्यक्रमका माध्यमले धर्म, संस्कृति र परम्परालाई जीवन्त राख्ने रोचक समाजोपयोगी कार्यहरू मन्दिरमा भई रहन्छन् । २०६० फाल्गुणमा श्री बालकृष्णाचार्य स्वामीज्यूको प्रमुख वाचकत्वमा सम्पन्न श्रीमद्वाल्मीकीय रामायण नवाह यज्ञको वचत रकमबाट सञ्चालक समितिको प्रत्यक्ष सक्रियता र रेखदेखमा मन्दिर परिसरको गेट, सिँढी, परिसरमा ढलाई, पानीका धाराहरूको व्यवस्था, अन्डरग्राउण्ड भईँ ढलाई, वाल निर्माण लगायतका कार्यहरू सम्पन्न भएका थिए भने २०६२ मा श्रीवैष्णव परिषद्का अध्यक्ष श्री देवराज आचार्य स्वामीज्यूको प्रमुख वाचकत्वमा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ सम्पन्न भई सो यज्ञबाट बचत रकमबाट मन्दिरको जगमोहन वर्तमान स्थितिमा निर्माण गर्नुका साथै मन्दिरमाथि रेलिङ, मन्दिरको चारैतर्फ टप सोलोप र मन्दिर सम्मुख पूर्व दक्षिणतर्फको माथिल्लो तला लगायतका निर्माण कार्य सम्पन्न गरिएको थियो ।

यसै गरी मठाधीश एवं प्रमुख संरक्षक श्री स्वामीजीकै सत्सङ्कल्पमा सञ्चालक समितिको अथक प्रयासबाट २०६८ फाल्गुणमा पं. श्री ठाकुरप्रसाद सुवेदीज्यूको प्रमुख वाचकत्वमा श्रीमद्भागवत ज्ञानमहायज्ञ सम्पन्न गरी **हाल नवनिर्मित पङ्गतहल** (भोजनालय) र पाकशाला सहितको **"वेङ्कटेश अतिथि भवन"** सुसम्पन्न भई सबै संरचनाहरूमा

रङरोगन र कोठा निर्माण कार्यको निरन्तरता दिइएको छ । मन्दिरको आयोजना अतिरिक्त २०६५ मा तीर्थप्रकाशको निजी खर्चमा श्री १००८ देवनायकाचार्य स्वामीज्यूको आचार्यत्व र उत्तराधिकारी श्री पद्मनाभाचार्यको प्रमुख वाचकत्वमा १ महिने १०८ श्रीमद्भागवत ज्ञानमहायज्ञ माघस्नान कल्पवास महायज्ञहरूबाट भक्तहरू आध्यात्मिक रूपमा लाभान्वित भएका छन् ।

**१०. यस संस्था र आजको आवश्यकता**

श्रीमती केशव आमाबाट शुभारम्भ भई प्रमुख संरक्षक मठाधीश अनन्तश्री विभूषित श्रीदेवनायकाचार्य स्वामीज्यूको त्याग-तपस्या, समर्पण भाव, सञ्चालक समितिको तत्परता र श्रद्धालु भक्त-भागवतहरूको योगदान एवं सहयोगबाट मन्दिर आजको अवस्थासम्म आइरहेको अवस्थामा नेपाल भूमिको मध्यभाग, अतिथि अभ्यागतको प्रधान आश्रयस्थल, नेपाल भारत र अन्य देशहरूबाट पनि मुक्तिनाथ, बद्रीनाथ, दक्षिणयात्राका क्रममा तीर्थयात्रीहरूलाई भोजन-आवास सहित विश्रामस्थलका रूपमा चिरपरिचित यस संस्था धर्म एवं विद्याको केन्द्र रमणीय नारायणगढमा विराजमान देशकै एउटा धरोहरका रूपमा र सम्पूर्ण वैदिक सनातन धर्मको प्रचार एवं नवजागरणका विविध कार्यक्रमहरूको माध्यमले यस संस्थाबाट अतुलनीय योगदान हुँदै आएको र यसलाई अझै व्यापक रूपमा लैजान निरन्तरता दिन अक्षयकोषको वृद्धि, समयानुकूल श्रीवैष्णव धर्मको श्रीवृद्धिका लागि ग्रन्थहरूको प्रकाशन, वैदिक गुरुकुलको स्थापना अर्चक रसोइया (भान्छे) को तथा सेवकहरूको व्यवस्था, वृद्धवृद्धा तथा भक्त एवं पाहुनाहरूलाई सुविधाको समुचित व्यवस्था आदि कार्यहरूमा विशेष सल्लाह-सुझाव र योगदान दिएर सहयोग गरी वैदिक सनातन धर्मको मूल मर्म अन्वेषण गरी धर्म संस्कार, संस्कृति र मठ-मन्दिरको सबैले रक्षा गर्नु आजको आवश्यकता र कर्तव्य हो भन्ने ठान्दछु ।

**११. उपसंहार**

परम श्रद्धेय श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुरका मठाधीश एवं प्रमुख संरक्षक श्री देवनायकाचार्य स्वामीजी महाराजको ८३ वर्ष पूर्ण भई ८४ औं जन्मोत्सव एवं सहस्रपूर्णचन्द्रदर्शनको उपलक्ष्यमा विविध तयारीका साथ २०६९ फागुन महिनामा त्रिदिवसीय भव्य कार्यक्रम, समस्त विद्वान् आचार्य एवं शिष्यमण्डलीहरूको परामर्श अनुसार भक्त-भागवतहरूको सुविधाको लागि यस श्रीशेषलक्ष्मीनारायण मन्दिरमा गर्ने सुअवसर प्राप्त भएकोमा हामी सबै सञ्चालक समिति एवं मन्दिर परिवार भाग्यशाली भएका छौं । यसै गरी श्री स्वामीजी महाराजको सुस्वास्थ्य एवं दीर्घायु बनिरहोस् भनी अर्चास्वरूप भगवान् श्री वेङ्कटेशसँग सविनय प्रार्थना गर्दछौं । साथै संस्थाको भौतिक एवं आध्यात्मिक विशेष उन्नतिका लागि श्री स्वामीजी महाराजको मङ्गलाशासन प्राप्त रहिरहोस् भनी सम्पूर्ण भक्त-भागवत, आचार्यमण्डली, शिष्यसमुदाय, नागरिक समाज सबैले अभिनन्दन निवेदन गर्दछौं ।

"श्रीरामानुजार्यदिव्याज्ञावर्धतामभिवर्धताम्"

जय श्रीमन्नारायण !

# स्वामी हे ! देवनायक

आचार्यचरणचञ्चरीक
श्री वरदराज रा. दास (भारद्वाज)
हेटौँडा-५

आचार्यको दर्शन मिल्छ यैँ अब,
आचार्यको सङ्गत मिल्छ लौ अब !
उद्धार जीव्कै हुनजान्छ लौ अब,
सानिध्य होऔँ भवपार तर्न लौ ! ।।
अयोध्या धामकाऽनन्तआचार्यचरणार्पित ।
दिनानुदिन मन्त्रार्थ प्रकाशार्थ प्रवीणत ।।
चरणार्पित नेतृत्व बालकृष्ण सुसंस्कृत ।
शिष्य प्रशिष्य धेरै छन् यति विष्णु र पद्म झैँ ।।
उत्तराधीत्व कर्तव्य गर्नमा नै सुबोधक ।
स्थान नै पाँच निर्माण गर्नु भो नि निरन्तर ।।
कृपा औ सिन्धु वर्षाको बाढी नै लहराउँदै ।
द्वार-द्वार पुगी नित्य भक्तिको मार्ग खोलदै ।।
चौरासी वर्षको प्रौढ शरीरै अति तेजिलो ।
दया सागरका खानी भक्त रक्षण तत्पर ।।
लक्ष्मीनाथ र आचार्यदेखिका ज्ञानबोधक ।
सयवर्ष ब्रह्मज्ञानी रहनु है निरन्तर ।।
मङ्गलं मङ्गले देव-नायक स्वामी हे ! मुनि ।
सय वर्षसम्म जिए स्वामी हे ! देवनायक ।।

श्रीमते रामानुजाय नमः

# अनन्ताश्रम नेपाली मन्दिर नैमिषारण्य : एक परिचय

**स्वामी श्री विष्णुप्रपन्नाचार्य**
**उत्तराधिकारी- अनन्ताश्रम तोताद्रिमठ**
**नैमिषारण्य, यू.पि., भारत**

"पृथिव्यां यानि तीर्थानि तानि तीर्थानि नैमिषे"

नैमिषारण्य सत्य युगको तीर्थ हो र धार्मिक संदेशको मूल स्थान हो । अष्ट भूवैकुण्ठमा एक भूवैकुण्ठ नैमिषारण्य हो । भगवान्को चक्रद्वारा चिह्नित भएको प्रसिद्ध स्थान पनि हो । यही पुण्यक्षेत्रमा महर्षि कृष्ण द्वैपायन व्यासको तपस्थली, व्यासद्वारा चारवेद, पुराणहरू, महाभारत, ब्रह्मसूत्र रचना गरेको गुरुकुल पद्धतिबाट शिष्यहरूलाई ज्ञानको गङ्गा प्रवाहित गरी सम्पूर्ण विश्वको कल्याण गर्नुभएको थियो । मनु एवं शतरूपाले तेइस हजार वर्ष वायुपान गरी तपस्या गर्नुभयो र भगवान्लाई नै पुत्र रूपमा प्राप्त गर्नुभयो । यसै पुण्यभूमिमा भगवान् श्रीरामजीले अश्वमेघ यज्ञ र लव-कुशबाट श्रीद्वाल्मीकीय रामायण श्रवण गर्नुभएको थियो । श्री सीताजीको अन्तिम विश्लेष (वियोग) भएको भूविवर प्रवेश गरेको नैमिषारण्यमा नै हो ।

"तस्मिंस्तु धरणी देवी बाहुभ्यां गृह्य मैथिलीम् ।
स्वागतेनाभिनन्द्यैनामासने चोपवेशयत् ।।
तमासनगतां दृष्ट्वा प्रविशन्ती रसातलम् ।"

श्री बलरामजी पनि तीर्थयात्रा गर्दै नैमिषारण्यमा आउनु भएको प्रसङ्ग श्रीमद्भागवतमा उल्लिखितछ-

जगाम नैमिषं यत्र ऋषयः सत्रमासते ।

जहाँ ऋषिहरू सत्सङ्गरूपी महान् यज्ञमा दीक्षा लिएर बस्नुभएको छ । तीर्थयात्रा पूर्ण गरी पुनः नैमिषारण्यमा आई ऋषिहरूले यज्ञ सम्पादन गराई रेवतीको साथमा श्री बलरामजीले यज्ञान्त स्नान गर्नुभयो ।

"तं पुन नैंमिषं प्राप्तमृषयोऽयाजयन् मुदा"

शौनकादि अठासी हजार ऋषिमुनिहरूको तपस्थली एवं अठासी हजार ऋषिहरूले भगवत्प्राप्तिको लागि कलिदोषले रहित पवित्र भूमि खोजी गर्न लाग्नुभयो । खोजी गर्दा नपाउँदा खिन्न भै ब्रह्मलोकमा गई पितामह ब्रह्माजीसँग सोध्नुहुन्छ । ब्रह्माजीले भगवान्को ध्यान गरी भन्नुभयो यो मनोमय चक्र प्रदान गर्छु, त्यो जहाँ गएर खस्छ (गड्छ) त्यै भूमिलाई अत्यन्त पवित्र मानी कलिदोषले रहित जानी तपस्या गर्नु भन्ने आज्ञा भयो । त्यो चक्र सारा त्रिलोकी भ्रमण गरी नैमिष वनमा आई शीर्ण भयो । चक्रले चिह्नित भएको स्थानमा अखण्ड रूपले निर्मल जल प्रवाहित हुनलाग्यो । सोही चक्रतीर्थमा जसले स्नान, दर्शन गर्छ भने सम्पूर्ण पाप नाश गरी बैकुण्ठलोकमा बास गर्दछ ।

शौनकादि ऋषिहरूले चक्रकुण्डको वरिपरी कुटी बनाई आनन्दको साथमा कालक्षेप गरी भगवत्प्राप्तिको लागि सहस्रवर्षमा पूर्ण हुने महान् यज्ञको अनुष्ठान् गर्नुभयो-

नैमिषेऽनिमिषक्षेत्रे ऋषयः शौनकादयः ।
सत्रं स्वर्गाय लोकाय सहस्रसममासत ।।
- श्रीमद्भागवत, स्क. १, अ. १, श्लो.४

ऋषिहरूले यज्ञमा व्यर्थ समय नजाओस् भनी अयोनिज अग्निकुण्डदेखि प्रकट भएका श्रीसूतमुनिलाई उच्चासनमा विराजमान गराई



अत्यन्त आदरका साथमा भगवत्चरित्र सुनाउन निवेदन गर्नुभयो-

"सँत्कृतं सूतमासीनं प्रपच्छुरिदमादरात् ।"

ऋषिहरूलाई भगवत्कथा श्रवण गर्ने समय पनि प्राप्त भएको हुन्छ-

कलिमागतमाज्ञाय क्षेत्रेऽस्मिन् वैष्णवे वयम् ।
आसीना दीर्घसत्रेण कथायां सक्षणा हरेः ।।
श्रीमद्भागवत स्क. १ अ. १-४

श्रीमद्भागवतको भनाई अनुसार कलियुग आएको जानी यो वैष्णव क्षेत्रमा (नैमिषारण्यमा) हामीहरू दीर्घकालीन सत्रको सङ्कल्प गरेर बसेका छौं। श्रीहरिकथा श्रवण गर्न हामीहरूलाई अवकाश प्राप्त भएको छ । यस्तो निवेदन सुनी श्री सूतजी प्रसन्न भै सहस्रवर्ष पर्यन्त अमृत समान भगवत्कथा ऋषिहरूलाई श्रवण गराउनु भयो ।

यस्तो परमपवित्र भूमिमा श्रीमद्वेदमार्गप्रतिष्ठापनाचार्य उभयवेदान्त प्रवतकाचार्य शमदमादि गुणगण समलङ्कृत तपस्वी अनन्तश्रीविभूषित स्वामी श्रीअनन्ताचार्य महाराज अयोध्या स्वर्गद्वार स्थित श्री वेङ्कटेश मन्दिरको संस्थापक स्वामीजीको शिष्य द्वितीय मठाधीश अनन्तश्रीविभूषित स्वामी श्री कमलनयनाचार्य महाराजद्वारा संस्थापित भएको हो । श्रीशेषलक्ष्मीवेङ्कटेश मन्दिर तोताद्रिमठ अनन्ताश्रम, नैमिषारण्यमा संवत् २०१० सालमा श्री स्वामीजी एकान्तबास गर्ने इच्छाले नैमिषारण्यमा आगमन भयो । चक्रकुण्डबाट निक्लेको निर्मलजल, कलकल बगेकी गोमती नदी, ऋषिहरूको तपस्थली, यत्रतत्र सन्तमहात्माहरूको कुटी, सुरम्य आध्यात्मिक आनन्दले युक्त देखेर मनमा आनन्दको लहर आयो । नैमिषारण्यमा भव्य मन्दिर बनाउने सङ्कल्प गर्नुभयो । चक्रकुण्डको नजिकै जमिन लिएर कुटी बनाई तपस्या गर्न लाग्नुभयो, भगवत्इच्छाले श्रीस्वामीजी दक्षिण भारत तीर्थयात्रामा जानुभयो । श्री वेङ्कटाद्रि, श्री भूतपुरी, काञ्ची, श्रीरङ्गम, तोताद्रि, मेलकोटा आदि दिव्य

देशहरूको दर्शन गर्दैजाँदा “श्री वेङ्कटेश भगवान्ले श्री स्वामीजीलाई आज्ञा गर्नुभयो मेरो नाममा नैमिषारण्यमा मन्दिर बनाउ”, भगवान्को आज्ञा शिरोधार्य मानी तीर्थयात्राबाट फर्की नैमिषारण्यमा दक्षिणी शैलीमा वेङ्कटेश भगवान्को मन्दिर बनाउन प्रारम्भ गर्नुभयो । गर्भगृह, जगमोहन आदि निर्माण गरी श्री स्वामीजीको



२०२८ सालमा वैकुण्ठबास हुनगयो । मन्दिरको शेषकार्य प्रथम मठाधीस स्वामीजीको कृपापात्र (शिष्य) अनन्त विभूषित १००८ स्वामी श्री देवनायकाचार्य महाराज तृतीय मठाधीश हुनुभयो । श्री स्वामीजीले नैमिषारण्य मन्दिरलाई अयोध्याको शाखाको रूपमा बनाई सञ्चालन गर्नुभयो । मन्दिर सुरक्षाको लागि चारैतिरबाट दिवाल (वाल) बनाई अतिथि निवासको लागि धर्मशाला निर्माण गर्नुभयो । दक्षिण भारतबाट श्री वेङ्कटेश भगवान्को अचल विग्रह उत्सव विग्रह वेङ्कटेश भगवान् श्रीदेवी, भूदेवी, श्रीगोदाआमा, श्रीसुदर्शन भगवान्, श्रीशठकोप स्वामी, रामानुज स्वामीजी आदिको सवारी गराई २०३७ सालमा श्रीस्वामीजीले पाञ्चरात्र आगम पद्धतिले प्राण प्रतिष्ठा विधिवत् गराई भगवद्आराधना चलिरहेको छ । २०४१ सालमा “दर्शनीय शीशमहल” निर्माण गरी श्रीसीताराम-लक्ष्मणजीलाई विराजमान गरी प्राणप्रतिष्ठा गराई पूजा अर्चना चलिरहेको छ । जगमोहनदेखि बाहिर ‘श्री वेदपुरुष भगवान्को स्तम्भ’ निर्माण भएको छ । यज्ञशाला, गौशाला, अतिथि भवन निर्माण भएको छ । वर्तमान श्रीस्वामीजीले प्रतिवर्ष फाल्गुन शुक्ल प्रतिपदादेखि चौरासीकोशको परिक्रमा सञ्चालन हुने व्यवस्था गर्नुभएको छ ।

आज पनि चौरासीकोश परिक्रमा सञ्चालन भै रहेको छ । १५ दिनमा पूर्ण हुने चौरासीकोश परिक्रमा गर्न नेपाल भारतका भक्तहरूको सहभागिता रहने गर्दछ ।

चौरासीकोश परिक्रमा भगवान् श्रीरामद्वारा अश्वमेध यज्ञ समाप्तिमा बन्धु-बान्धवको साथमा परिक्रमा गरी अयोध्या जानुभएको थियो ।

महर्षि दधीचिको इच्छानुसार इन्द्रद्वारा सम्पूर्ण तीर्थ आह्वान गरी महर्षिले चौरासीकोश परिक्रमा गर्नुभएको छ । **परिक्रमाका विश्रामस्थलहरू यसप्रकार छन्-** प्रथम दिन नैमिषारण्यबाट चक्रतीर्थ स्नानगरी माता ललितादेवीको दर्शन गरी ‘करैना’ भन्ने स्थानमा विश्राम हुन्छ । द्वितीय ‘दरैया’ ३. कोथवाँ ४. ओममुरारी, ५. साक्षीगोपाल, ६. देवगावँ, ७. मडरुवा, ८. गरिगाँव, ९. नैमिषारण्य, १०. चित्रकुट हुँदै मिश्रित तीर्थमा ५ दिन निवास गरी पूर्ण हुने गर्दछ ।



।।श्रीमते रामानुजाय नमः।।

।।श्रीमते वानाद्रियोगिने नमः।।

# श्रीबदरीनारायण मन्दिर : एक परिचय

स्वामी श्री यतीन्द्राचार्य
उत्तराधिकारी- श्री वदरीनारायणमन्दिर, देवघाटधाम, तनहुँ

**ॐ नमो भगवते उपशमशीलायोपरतानात्म्याय
नमोऽकिञ्चनवित्ताय ऋषि ऋषभाय नरनारायणाय ।
परमहंसपरमगुरवे आत्मरामाधिपतये नमो नमः ।। इति ।।**

आत्मोज्जीवनको लागि नै भगवान्ले जीवलाई करण कलेवर प्रदान गर्नु भएको हो । यति मात्र नभएर स्वयं भगवान् नै आचार्य-शिष्य दुवै बनी मनुष्यमात्रलाई ज्ञानोपदेश दिनुभएको छ । धर्म पिता, माता मूर्तिद्वारा अवतार लिएर यस पवित्र कर्मभूमि भारतवर्षको अधिष्ठातृत्व मुख्य कूलदेवताको रूपमा गन्धमादन पर्वतमा लोकल्याण, लोकशिक्षणका लागि **"अकरोद् दुश्चरं तपः"** अनुसार तपमा संलग्न हुनुहुन्छ । भागवतमा चतुर्थ अवतारको रूप श्री शुकदेवले वर्णन गर्दै अगाडिको प्रसङ्गमा तपस्याको प्रभाव यस्तो छ, इन्द्रद्वारा पठाइएका कामदेव अप्सराका हावभावद्वारा भगवान्को तपस्यामा विघ्न गर्न सकेनन् ।

"कामं दहन्ति कृतिनो ननु रोषदृष्ट्या" आदि अर्थात् शङ्कर आदि महानुभाव आफ्नो क्रोधयुक्त दृष्टिले कामदेवलाई जलाइदिये परन्तु आफैँलाई जलाउने असह्य क्रोधलाई जलाउन असमर्थ भए । क्रोध नारायण भगवान्को निर्मल हृदयमा प्रवेश गर्न पहिले डराउँदै काँप्न लाग्यो फेरी भगवानको भित्र कामको प्रवेश कसरी हुनसक्छ । कामदेव आदिलाई 'मा भैष्ट' भन्दै अभय प्रदान गर्नुभयो । स्वयं देवताहरूले क्रोधमाथि विजय प्राप्त गर्नुभयो भनेर अत्यधिक महत्वको रूपमा वन्दना गरेका छन् किनकी भोक, प्यास, जाडो गर्मी आँधी विविध इन्द्रिय वेगलाई पनि सहन गर्दछन् । परन्तु क्रोधको वशमा भएर आफ्नो कठिन साधना तपस्यालाई व्यर्थ गर्दछन्-

"क्रोधस्य यान्ति विकलस्य वशं पदे गो-
र्मज्जन्ति दुश्चरतपस्श्चवृथोत्सृजन्ति"

भागवतमा नै धेरै स्थान भगवान् बदरीनारायणको वर्णन मुक्तकण्ठले शुकदेवले गर्नुभएको छ । विद्वज्जनलाई विदित नै छ । अस्तु ।

सर्वगुण परिपूर्ण सर्वसुलभ भगवान् बदरीनारायण अर्चावतारको रूपमा **"गुणपूर्तिश्च अर्चावतारे"** अनुसार - विश्वको नै अति पवित्र देवघाट धाम कृष्णानदी शुक्लानदी बीच अति मनोहर महातीर्थस्थल भगवान् विष्णु शालीग्राम रूपमा कालीगण्डकीको काखमा सदा विराजमान हुनुहुन्छ । अन्य गङ्गा आदि नदीहरूको अवधि यति यति वर्ष रहने भनी उल्लेख गरिएको पाइन्छ । कालीगण्डकी

अनादिकालदेखि अनन्त समय यथावत् रहने कुरा शास्त्रद्वारा जान्न सकिन्छ । मुख्य रूपले दुई नदीको संगम देखे पनि केही दूरीमा धेरै नदीको मिलन भएको पाइन्छ । कालीगण्डकीमा नौवटा नदीहरू छन् । जस्तै- मिर्सा, रहु, मंगला, मोदी, रुद्रमती, रुरुगङ्गा, हैमवती, सेती र आँधी आदि अन्धवती र अरू तुङ्गादेवीका मदी जस्ता नामहरू पनि प्रकारान्तरमा थपिन्छन् ।

शुक्ला गण्डकीमा पनि मादी, माद्री, मर्स्याङ्दी, चम्पावती, चेपे, दरौंदी, धर्मावती, बूढी गण्डकी, बृद्धगङ्गा, वेत्रावती, त्रिशूली, तादी (तापी) सूर्यमती मिसिएका छन् । १८ वटा नदीको मिलन भएको यो स्थल प्राचीनकालदेखि नै एक पावन भूमिको रूपमा पूजनीय तीर्थस्थल मानिएको कुरा सर्वसम्मत छ । विविध धर्म ग्रन्थहरूले यसको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । यहाँको प्राकृतिक बनोटको शोभा ज्यादै रमणीय छ ।

बृहद् जलराशी, नदीको वरिपरी घना जङ्गल, विविध जङ्गली जनावर, प्राकृतिक सौन्दर्यले र धार्मिक दृष्टिले अत्यधिक महत्व देखिएको यो स्थलमा धेरै संख्यामा भक्तजन, अन्य पर्यटकहरू यहाँ आउने क्रम दिनानुदिन बढ्दो देखिएको छ । यस पवित्र स्थल देवघाट धाममा धेरै नै देवालय मठ-मन्दिर देखिएका छन् । परन्तु भगवान् श्री बदरीनारायणको मन्दिर नहुनु, यो देशको लागि नै खट्किएको थियो । यसको पूर्तिको लागि वै.वा. “श्री अर्जुन सिटौला” (बद्रीबाबा) द्वारा नेपाल लगायत सबैलाई आफ्नो वर्ष “भारतवर्ष” का कुलदेवताको रूपमा विराजमान भगवान बदरीनारायणको सेवा, पूजा, दर्शन आदि सुलभ होस् भनी विशाल बदरीनारायण भगवान्को मन्दिर निर्माण गरी यथासम्भव गुठीको व्यवस्थालाई सल्लाह दिनुभएको छ र श्री श्री श्री १००८ स्वामी देवनायकाचार्य सहाराजलाई प्राण-प्रतिष्ठा र अगाडिको आराधना संरचना आदि व्यवस्थापनको लागि पनि पूर्ण रूपले समर्पण गर्नुभएको सबैलाई विदितै छ । संस्थापक- श्री अर्जुन सिटौलाजीको अचानक वैकुण्ठवासले संरचना आदिमा ठूलो कठिनाई थियो नै तथापि श्री स्वामीजी महाराजबाट भगवान्लाई अति आवश्यक संरचना जगमन, यज्ञशाला, गौशाला, सानो दुई कोठाको धर्मशाला स्वयं स्वामीजी निवास भवन गरुडस्तम्भ, पानी टङ्की, दाक्षिणात्य शैलीको गोपुर अरू सानातिना काम स्वामीजीको अथक प्रयासमा सम्पन्न भएको छ । केही मात्रामा संस्थापिका सुशीला सिटौलाको सहयोग पनि रहेको छ ।

श्री स्वामीजी महाराजको विषयमा यो दासलाई जानकारी अल्प नै छ । तथापि स्वामीजीमा महान्गुण, सरल स्वभाव, भगवत् भागवत सेवा समत्व भाव अत्यधिक देख्न मिल्दछ । भगवान्को उपदेश नै यस्तो छ - “नाहं मखै वैं सुलभस्तपोभि र्योगेन वा यत्समचित्तवर्ती” समचित्तवर्ती नै साधु ज्ञानी आचार्यको मुख्य लक्षण हो ।

“तितिक्षया करुणया मैत्र्या चाखिलजन्तुषु ।
समत्वेन च सर्वात्मा भगवान् सम्प्रसीदति ।।”

आदि लक्षण स्वामीजीमा पूर्णरूपले विराजमान छन् ।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दु:खहा ।।
- भगवद्गीता, ६/१७

गीताचार्य भगवान् श्रीकृष्णको उपदेश अनुसार नै स्वामीजीको दिनचर्या देख्न मिल्दछ, “सबै भगवान्ले नै गर्नुहुन्छ” भन्ने पूर्णनिष्ठा यो अत्यन्त फलित भएको प्रत्यक्ष अनुभव गर्न हामी सबैलाई उद्यत र मठमन्दिर सञ्चालन आदि गर्न ठूलो टेवा मिलेको छ । अहिलेको विषम परिस्थितिमा मन्दिर सञ्चालन आदिमा पनि स्वामीजी सहजरूपमा नै प्रस्तुत हुनुहुन्छ, ६ महिना भगवान्को सेवा, रसोइको सेवा पात्र प्रक्षालन सेवा एक्लै गरेको थिएँ भनी प्रशन्न व्यक्त गर्नुभएको थियो । स्वामीजी सबैको लागि सर्वसुलभ हुनुहुन्छ । साधारण व्यक्तिलाई, विद्वान्हरूलाई पनि विलक्षण भगवत् विषय प्रवचनद्वारा भगवत् संमुख गराउने, विशेष प्रभाव स्वामीजीमा देखिन्छन् । स्वामीजीमा विद्यमान गुण-स्वभाव सहनशीलता साधुता निरभिमानिता असङ्कुचित भावना, उदारता, समय सापेक्ष व्यवहार आदि सद्गुण अनुकरणीय रूपमा देखिन्छन् ।

ज्ञान र अनुष्ठानयुक्तता नै उत्तम आचार्यको लक्षण हो । संसारी जीवको उद्धारका निमित्त परमकृपाको वशीभूत भएर उपदेश दिने उत्तम आचार्यको नाम सङ्कीर्तन ध्यान कृतज्ञता प्रकट गर्नु शिष्यको आवश्यक कर्तव्य हो ।

शास्त्रले भनेका छन्- **“गुरोर्नाम सदा जपेत्”** गुरुको उपकार बराबर प्रत्युपकार हुने वस्तु यो लीलाविभूतिमा नै छैन भन्ने उल्लिखित छ । त्यसको लागि चार विभूति दुई ईश्वर हुनुपर्छ, जो असम्भव छ ।

आचार्य कृपा (पुरस्कार) नै मुक्तिको मुख्य साधन हो । आजसम्म भगवत् प्राप्ति, मुक्ति नहुनुमा आचार्यको अभिमत नभएकोले नै हो - **“आचार्याभिमान एव उतारक:”** । अन्य विद्वान् भागवत आचार्यले श्री स्वामीजीको विषयमा छर्लङ्ग पार्नु हुने नै छ । अस्तु । जय श्रीमन्नारायण ।।

**यस श्रीबदरीनारायण मन्दिर रामानुज पीठ व्यवस्थापन समितिको गतिविधि**

श्री स्वामीजी महाराजको आचार्यत्व अध्यक्षत्वमा नै अगाडि बढिरहेको छ ।

मन्दिर नेपालको कानुन अनुसार मन्दिरको मर्यादा आदि विचार गरी २०६७।२।१० गते दर्ता भएको छ । दर्ता नं. १७७५ ।

यस मन्दिरको व्यवस्थापन समिति सबै - भक्त भागवतहरू नै हुनुहुन्छ ।
व्यवस्थापन समिति यसप्रकार छ-
मठाधीश अध्यक्ष श्री श्री श्री १००८ स्वामी देवनायकाचार्य
उत्तराधिकारी- उपाध्यक्ष- यतीन्द्राचार्य (अर्जुन काफ्ले)
कोषाध्यक्ष- खगेन्द्र गौतम
सचिव- सूर्य न्यौपाने
सदस्य- भरत लामिछाने
सदस्य- रामचन्द्र गौतम
सदस्य- देवराज अधिकारी
सदस्य- सुशीला सिटौला
सदस्य- चन्द्रकली सापकोटा

समितिद्वारा पनि मन्दिरको विकासजनक कार्यहरू सम्पन्न भइरहेका छन् । जस्तै मन्दिरभित्र जगमनमा टायल लगाइने काम भएको छ । जय श्रीबदरीनाथ !

।।श्रीमते रामानुजाय नमः।।

# स्वामी श्री देवनायकाचार्य र रामानुज आश्रम राम्दीधाम, पाल्पा

श्रीकेशवरमण रेग्मी

सदस्यसचिव- श्रीरामानुजाश्रम, राम्दी, पाल्पा



**कुम्भे च रेवत्युद्भूतमनन्तार्य पदाश्रितम् ।**
**पङ्कजाक्षाश्रयं वन्दे गुरुं श्री देवनायकम् ।।**

सर्वेश्वर भगवान् श्री नारायणका असीम अनुकम्पाले संसारी जीवको कल्याण गर्न भू-मण्डलमा अलौकिक महान् व्यक्तित्वको उदय हुने गर्दछ । यसै क्रममा पूर्वी पाल्पाको रुचाङ गाउँमा वि.सं. १९८७ साल फाल्गुण १० गते चतुर्थी तिथि रेवतीनक्षत्रको प्रथम चरण शनिबार प्रात: काल शुभ मुहूर्तमा तेज-मुक्तिका वरदपुत्र (द्वितीय) एक दिव्य बालकको जन्म भएको थियो ।

जातकर्म षष्टी-देवी पूजन पश्चात् कुल पुरोहित, श्री पं. गणेशप्रसाद ढुङ्गानाबाट, कुल परम्परा अनुसार वहाँलाई 'देवराज' नामले विभूषित गरियो । अन्नप्राशनादि संस्कारहरू प्राय: सम्पन्न हुँदै गए । अक्षरारम्भको समय आयो । त्यतिबेला त्यस क्षेत्रमा कुनै औपचारिक शिक्षण संस्था थिएनन् । वहाँले प्रारम्भिक शिक्षा घर मै पिता श्री मुक्तिनारायण उपाध्याय पराजुलीज्यूबाट प्राप्त गर्नुभयो । माता तेजकुमारी उपाध्याय र दाजु शक्तिप्रसादको पनि उहाँप्रति अगाध स्नेह थियो ।

पाँचौ वर्षमा प्रवेश गर्न नपाउँदै वहाँले हर्ष-शोक दुवैको सामना गर्नु पऱ्यो । भाइ ऋषिरामको जन्मले वहाँलाई अपार हर्षको अनुभव भयो भने दुईदिन भित्रै माताजीको परमपद प्राप्ति शोक विह्वल बनायो ।

वेद, रुद्री सप्तशती जस्ता धार्मिक ग्रन्थहरूको अध्ययनसँगै लौकिक कर्मकाण्डतर्फ पनि पिताजीबाट सामान्य ज्ञान प्राप्त गर्दै जानुभयो । आठवर्षको उमेरमा शुभ उपनयन संस्कार सम्पन्न भयो । हुने विरुवाको चिल्लो पात भने जस्तै वहाँ एकछिन पनि त्यसै बस्नु हुँदैनथियो । घरको काम प्राय: वहाँ कै जिम्मा जस्तो थियो । तर पनि समय निकालेर आफ्नो जानकारीका विषयहरू गाउँका सम वयस्क, बालबालिकालाई सिकाउनु हुन्थ्यो । वहाँको गौसेवामा विशेष रुचि रहन्थ्यो ।

समय र परिस्थितिले वहाँलाई पुन: प्रहार गऱ्यो दश वर्ष पुग्न नपाउँदै पितृ वियोगको व्यथाले वहाँ पीडित हुनुभयो । मातापिताको वात्सल्य र ममता, दाजुभाउजुमा सरे पनि सन्तोषजनकमै सीमित रह्यो । उहाँ भित्रभित्रै पिरोलिन लाग्नुभयो । अभावग्रस्त जीवनसँग पौठेजोरी खेल्दै भविष्य निर्माणको सपनाले, विद्याध्ययन मात्र एउटै लक्ष्य थियो वहाँको ।

त्यसै क्रममा नवलपुरको पिप्रहर र त्रिवेणी हुँदै माधव आमा र धरणी आमासँग अयोध्या आइपुग्नुभयो । त्यतिबेला वहाँले २५ वसन्त पार गरिसक्नु भएको थियो । अयोध्या स्वर्गद्वार तोताद्रिमठका मठाधीश स्वामी श्री अनन्ताचार्यजी महाराजबाट श्री वैष्णव दीक्षा ग्रहण गरी पञ्च संस्कारित हुनुभएका श्री देवनायकज्यू भगवान् आराधना र गुरु सेवामा समर्पित रहनुभयो साथै अध्ययनको सु-अवसर पनि वहाँले प्राप्त गर्नुभयो । महान् सौभाग्यबाट वहाँ चाँडै नै बञ्चित हुनुपर्‍यो । अनन्तश्रीविभूषित स्वामी श्री अनन्ताचार्यजी महाराजको २०१५ साल चैत्र २८ गते भएको वैकुण्ठ प्राप्तिबाट वहाँका आशा र आकाङ्क्षाका उज्ज्वल गगन मण्डलमा काला बादलहरू मडराउन थाले तर पनि उहाँले ती सबै नैराश्यतालाई चिर्दै दुई वर्ष गोरखपुरमा बसेर अध्ययन गर्नुभयो । पुन: स्वर्गद्वारका मठाधिपति गुरु दाजु श्रीकमलनयनाचार्यका चरणाविन्दलाई नै परमाश्रय सम्झी सेवाभावले समर्पित रहनु भयो । फलत: उहाँ व्याकरण मध्यमाको परीक्षामा उत्तीर्ण हुनुभयो । त्यसै समयमा करिब एक वर्षका निमित्त दक्षिण भारतबाट श्री सम्प्रदायका प्रकाण्ड विद्वान् श्री गोपालाचार्यजी महाराज अयोध्यास्थित 'विजय राघव मन्दिरमा' पाल्नुभएको थियो । त्यसै स्वर्ण अवसरको सदुपयोग गरेर श्रीभाष्य आदि श्रीसम्प्रदायका सद्ग्रन्थहरूको अध्ययन गर्नुभयो । साथै सदाचारादि भगवद् कैंकर्यहरूको पनि गहनतम चिन्तन मनन गर्ने सु-अवसर प्राप्त गर्नुभयो ।

यसरी चिन्तन, मनन, अध्ययन तथा भगवद्आराधना कार्यमा रमाउँदा रमाउँदै २०२८ सालमा स्वामी श्रीकमलनयनाचार्यजीको पनि भौतिक शरीर रहेन, उहाँलाई काजक्रमले पुन: शोक विह्वल बनायो । त्यस परिस्थितिमा गुरूपरम्परामा आबद्ध भई उहाँ स्वर्गद्वार तोताद्रिमठको तेस्रो मठाधीशको रूपमा स्थापित हुनुभयो । स्वामी श्री देवनायकाचार्य ज्यादै लगनशील र शिष्य्वाञ्छाकल्पतरु हुनुभएको कुरा उहाँका शिष्यहरूको दिनचर्या र सद्भावका साथै वर्तमानमा मूल मठ अयोध्या सप्तसागर लगायत स्वर्गद्वार नैमिषारण्य, चितवन क्षेत्रपुर श्री शेषलक्ष्मीनारायण मन्दिर, वदरीनारायण मन्दिर देवघाट तनहुँ, श्रीरामानुज आश्रम राम्दी पाल्पा, बर्दिया गोपाल मन्दिर लगायत ठाउँ-ठाउँमा बनेका मठ-मन्दिर र आश्रमहरू नै ज्वलन्त उदाहरण छन् ।

स्वामीजीको तीर्थयात्रामा विशेष रुचि छ, वहाँले दक्षिण भारतका प्रमुख तीर्थहरूको पाँच पटक र अन्य चारधाम आदि प्रमुख तीर्थहरूको पटक-पटक यात्रा गरिसक्नु भएको छ । नेपालमा पनि श्री मुक्तिनाथ भगवान्को तीन पटक र अन्य मेची-काली लगायतका तीर्थहरूको दर्शन तथा अवलोकन भ्रमण गरिसक्नु भएको छ ।

अन्य याग अनुष्ठान आदि वैदिक कार्यहरूलाई निरन्तरता दिँदै निर्माण कार्यहरूमा पनि त्यत्तिकै लागिपर्ने उहाँको दैनिकी बनिसकेको छ । जीवनको उत्तरार्ध, निर्बल शरीर बातरोगबाट पीडित हुँदाहुँदै पनि आफ्ना

श्रीचरणमा शिष्यहरूद्वारा समर्पित पत्रम् पुष्पम्लाई सङ्कलन गरेर आजसम्म उहाँले करोडौंका भवन-इमारतहरूको निर्माण गरिरहनु भएको छ । कर्मयोगीका यी कर्मठ हातहरूले कहिले विश्राम पाउने हुन् भन्ने कुरा दैवमा नै निर्भर मान्नुपर्ने हुन्छ ।

यस्ता कर्मयोगी आबाल ब्रह्मचारी ऋषिरूप दयासागर आचार्य प्राप्त गर्नु हाम्रा निम्ति अहोभाग्य हो भने उहाँको अभिनन्दन दर्शन पाउनु सुनमा सुगन्ध थपिएको छ भन्ने पङ्क्तिकारले गहिरा अनुभूति गरेको छ ।

**पाल्पा-तानसेन**

पाल्पा नेपाल अधिराज्यका ७५औं जिल्लामध्ये पश्चिमाञ्चल क्षेत्र लुम्बिनी अञ्चलमा पर्ने एउटा प्रशासनिक एकाई हो भन्ने कुरा सर्वविदितै छ, तथापि पालवंशले स्थापना गरेको अथवा पालना गरेका कारण यस स्थानको नाम पाल्पा रहेको हो भन्ने विचार श्री महानन्द सापकोटा, श्री माधवप्रसाद देवकोटा, संस्कृतिविद् योगी नरहरिनाथको रहेको छ भने यसै क्षेत्रका विद्वान् जगत बहादुर जोशी र मि.सु. श्री नारायणप्रसाद श्रेष्ठको मंगोलियन 'बालवा' शब्दबाट पाल्पा भएको र यसले पूरै नेपाललाई सम्झेको अथवा चिनेको हुनुपर्दछ भन्ने विचार व्यक्त गरेका छन् । जे भए पनि हाम्रा दृष्टिमा पाल्पा एउटा सुन्दर शान्त विशाल नेपालको एउटा सुन्दर पर्यटकीय जिल्ला हो, जहाँ सबै जातजाति भेषभूषाको सुन्दर मनोहर फाँट र हिमालसम्मको दृश्यावलोकन हुन सक्ने मध्यपहाडी जिल्ला हो भन्ने जस्तो लाग्दछ । परापूर्वदेखि नै शिक्षाको क्षेत्रमा यो जिल्ला तेस्रो स्थानमा रहेको पाइन्छ । काठमाडौं, पोखरापछि पाल्पालाई लिइन्छ । हाल, तान्सेन र बतासे डाँडामा सञ्चालन भैरहेका स्नातकोत्तर कक्षासम्मको पठन-पाठन छँदैछ । यस अलावा पनि गाउँ-गाउँसम्म फैलिएका, क्याम्पस, उच्च मा.वि. को संख्या पनि प्रशस्तै छन् ।

यस्तै स्वास्थ्यतर्फ तानसेन भुसालडाँडामा रहेको 'मिसन अस्पताल' जस्ले नेपाल र भारतका हजारौं जनसमुदायलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । आयुर्वेदिक औषधिको पनि यो जिल्ला भण्डार नै मानिन्छ ।

यस्तै रम्भादेवी लगायत पाल्पा जिल्लाका धार्मिकस्थलहरूको गणना गर्दा पूर्वमा रामपुरको राममन्दिर, पश्चिममा रिंडी ऋषिकेश मन्दिर, उत्तरमा राम्दी, दक्षिणमा सत्यवती आदि तानसेमा भगवती र लक्ष्मीनारायण मन्दिर अमर नारायण मन्दिर आदि पर्दछन् ।

**तानसेन**

श्रीनगरडाँडाको काखमा रहेको पाल्पा जिल्लाको सदरमुकामको नाम तानसेन हो । वि.सं. १५७५ तिर पाल्पाका राजा मुकुन्द सेनले स्व. राजकुमार तान्देनका नाउँमा सितलपाटी बनाई त्यस ठाउँको विकास गरेका थिए । कालान्तरमा सदरमुकाम पाल्पा खस्यौलीबाट त्यहाँ सारिएको रहेछ । पूर्वमा गोर्खाराज्य, पश्चिममा डोटी, उत्तरमा भोट र दक्षिणमा भारतसम्म फैलिएको पाल्पा नै पाल्पा राज्य भएको इतिहासविद्हरूको भनाई छ, तानसेनलाई स्मरण गर्दा केही राज्य शासकहरूको पनि नाम दिनुपर्ने हुन्छ, जस्तै- खड्ग समशेर राणा ।

उनी प्रधानमन्त्री वीर शमशेरका नाति थिए । रोलवाला अर्थात् भावी प्रधानमन्त्रीहरूलाई कुनै न कुनै बहानामा अदृश्य बन्दी बनाई बाहिर पठाउने चलन राणा सरकारमा रहेछ । त्यसै अन्तर्गत खड्ग समशेर पनि परेका थिए । उनलाई बन्दी जस्तै बनाई तत्कालीन पाल्पाको ठाढा हालको अर्घाखाँचीमा पठाइएको रहेछ । पछि उनैलाई पाल्पाको तैनाथी दिई प्रशासक बनाइयो । यसभन्दा पूर्व त्यहाँ बद्रीविक्रम राणा प्रशासक रहेछन् । खड्ग शमशेरलाई नेपाली शाहजहाँ पनि भनिन्छ । उनले आफ्नी स्वर्गीय पत्नी रानी तेजकुमारीको सम्झनामा बराङ्दी खोला र कालीगण्डकीको दोभानमा दर्बार बनाई त्यस ठाउँलाई रानीघाट नामाकरण गरेका थिए । पूर्व प्रशासक बद्रीविक्रम राणाले जग लगाउन सुरु गरेको तानसेन दरबारको निर्माण कार्य पनि उनैले पूरा गराएका हुन् साथै ३० फिट चौडा र ५० फिट उचाइ भएको घोडाबग्गी सजिलै प्रवेश गर्न सक्ने मूलढोका पनि निर्माण गराएका थिए । उक्त ढोका अहिले पनि पर्यटकीय आकर्षणका रूपमा तानसेन नगरको मध्यभागमा विद्यमान छ । तानसेनमा खानेपानीको हाहाकार भएका बेला घर घरमा कलधारा जडान गराएर ठूलो पुण्य आर्जन गरेका थिए । त्यस समयका लोकगायक माष्टर मित्रसेन वरालले उनका विकास कार्यहरूलाई लोकभाकामा रचना गरी रेकर्डिङ्ग समेत गराएका थिए ।

तानसेनको अर्को पुरातात्विक महत्वको आकर्षण अमरनारायण मन्दिर पनि हो । वि.सं. १८१० तिर प्रधानमन्त्री भीमसेन थापाका पिता अमरनारायण थापाले मन्दिर बनाई भगवान् श्रीनारायणको विग्रह स्थापना गरी स्वयं पनि पूजा आराधनामा जीवन यापन गरेका थिए । मन्दिर सञ्चालनार्थ प्रसस्त जग्गा गुठी राखेका थिए । अहिले पनि गुठिसंस्थान अन्तर्गत उक्त मन्दिरको निर्माण र पुनर्निर्माण हुँदै सञ्चालक समितिले मन्दिर सञ्चालन गरिरहेको छ ।

**राम्दी**

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट करिब ३० किलोमिटरको दूरीमा हामी श्रीकृष्णगण्डकीको दर्शन पाउँछौं



रानीघाटमा । यो क्षेत्र पाल्पा दर्लामडाँडा गा.वि.स. को वडा नं. २ मा पर्दछ । ऋषिश्रापद्वारा भष्म भएका आफ्ना दश हजार पितृहरूको उद्धार गर्न राजा भगीरथले स्वर्गबाट गङ्गालाई भूमण्डलमा अवतरण गराएका थिए ।

त्यस बखत गङ्गाजीको वेगलाई रोक्न शिवलाई आह्वान गरिएको थियो । त्यसै अनुसार शिवशंकरको जटाबाट गङ्गाजीले आफ्नो बेगलाई तीनधारामा विभाजन गर्नुभयो । कोशी-१, गण्डकी-२, कर्णाली-३ त्यसपछि कोशीमा



ऋषि विश्वामित्रले गण्डकीमा वशिष्ठले र कर्णालीमा ऋषि बामदेवले तपस्या गर्नुभयो । यस्ती पतितपावनी तपोभूमि कृष्णगण्डकीका तटमा विद्यमान राम्दीधाम पाल्पा जिल्लाको दोस्रो तीर्थका रूपमा प्रसिद्ध छ ।

शालिग्राम वाहिनी श्रीकृष्णा नदीका सबै शिलाहरू भगवान् श्रीनारायणका दिव्य विग्रहका रूपमा विराजमान छन् । "जहाँ ढुङ्गा-ढुङ्गामा देवताको बास छ, जहाँ थुम्का-थुम्कामा स्वर्गको आभास छ" यहानेर सार्थक देखिन्छ । संसारका सबैभन्दा पुराना ढुङ्गा राम्दीकै हुन् भनेर पारखीहरूले प्रमाणित समेत गरेका छन् । राम्दी क्षेत्रमा पाल्पा-स्याङ्जा र लुम्बिनी-गण्डकी सीमालाई यिनै गण्डकीले छुट्याएकी छन् भने यिनैमाथि सिद्धार्थ राजमार्गमा बनेको पुलले पुनः जोडेको छ ।

'लाटो साथी'का नामबाट कृतिहरूमा देखा पर्नुहुने विद्वान् प्रा.डा. विष्णुराज आत्रेयले श्री जगत् जननी सीताजीको निर्वासनभूमि, ऋषि वाल्मीकिको रामायण लेखनभूमि र श्रवण कुमारको जन्म, मृत्यु र राजा दशरथले वृद्ध ब्राह्मण अन्धा-अन्धीबाट श्राप पाएको क्षेत्र पनि रामदी कै सेरोफेरो नै हो भनी प्रमाणित गरेको पाइन्छ ।

रामगिरी पग्ल्यो केही पर अड्क्यो रामदी तीरमा<br>
यहीं नै भेटियो यौटा गुफा छेउकै भीरमा<br>
जानकी स्नान गर्दै थिइन्, ध्यान रामलाई जपेकी<br>
राम गिरी नदी रामनदी हुँदै रामदी भएकी ।<br>
वाल्मिकी तपी रामलाई जपी साधना गर्दथे<br>
यही नै बसी कम्मर कसी रामायण लेख्दथे<br>
कुश र लव गाउँथे यहीं रामको कहानी<br>
गाएको ठाउँ रामगिरी भयो त्यसैको निशानी ।

(नयाँ मेघदूत, लाटो साथी)

रामदीमा केही पर्यटकीय स्थलहरू पनि छन् । त्यसमध्ये प्रमुख रामदी सुनगुफा हो । प्राचीन समयमा ऋषि वशिष्ठले तपस्या गर्नुभएको थियो भने अहिले पनि समय-समयमा विभिन्न सन्तहरूले धार्मिक अनुष्ठान गर्दै आउनु भएको पाइन्छ । स्थानीय चाडहरूमा दर्शनार्थीहरूको भीड नै लाग्ने गर्दछ । परापूर्वमा गुफाबाट गण्डकीसम्म जाने बाटो थियो भन्ने स्थानीय बूढापाकाको भनाई छ । अहिले पनि गुफामा

श्री महादेवलाई चढाएको दूध सोझै गण्डकीसम्म पुग्ने गर्दछ ।

रामदीमा स्याङ्जातर्फको भू-भाग जस्लाई कोटीहोम भन्ने गरिन्छ, जहाँ भगवान् नारायण मन्दिर, शिव मन्दिर आदि धार्मिक स्थलहरूको निर्माण भएको छ । योगी नरहरिनाथजीको सत्संकल्प र जानकी आमाको प्रयासमा स्थानीय सहयोगबाट ती सबै सम्पन्न भएका हुन् ।

जहाँ जानकी आमाका नामले प्रसिद्ध कलियुगकी साक्षात् जानकी माता तपोमूर्तिका रूपमा गौसेवा र अतिथि सेवामा समर्पित भावले रहनुभएको छ । यहाँ वैशाख सङ्क्रान्ति, अक्षयतृतीया, हरिशयनी र हरिबोधिनी एकादशी, मकर सङ्क्रान्ति जस्ता पर्वहरूमा धुमधामसँग मेला लाग्छ । मेला भर्न स्याङ्जा, पाल्पा लगायत देश विदेशका भक्तहरूको धुइरो लाग्दछ । परापूर्वदेखि यस ठाउँलाई मृत्यु पश्चात् दाहसंस्कार गर्ने घाटका रूपमा लिइन्थ्यो । यातायातको सुगमताका कारण अहिलेका दिनहरूमा अझ बढी महत्व बढेको पाइएको छ ।

**श्रीरामानुज आश्रम**

श्री समादरणीय, स्वामीज्यूका सत्संकल्पमा २०६५ मा भएको वाल्मीकिय रामायण नवाह ज्ञान महायज्ञको सिलसिलामा उपस्थित महानुभावहरूको सुझाव अनुसार श्री स्वामीजीबाट श्रीमद्आचार्य श्रीरामानुज स्वामीको दिव्य विग्रह स्थापना गर्ने सदिच्छा व्यक्त हुँदा स्थानीय व्यक्तिहरूबाट समर्थन प्राप्त भै सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त भएपछि सिद्धार्थ राजमार्गको राम्दीपुलको पश्चिम मोहडाबाट सिद्धगुफातर्फ जाने बाटोको पश्चिम भागमा रहेको ठूलो ढुङ्गा भन्ने ठाउँलाई श्री स्वामीजीले कैङ्कर्य रूपले श्रीरामानुज आश्रम नामाकरण गरी निर्माण कार्य शुरु गर्नुभएको छ । निर्माणाधीन भवनमा गत वैशाख महिनामा अधिराज्य भरिका शिष्यहरूको उत्साहजनक उपस्थितिमा श्रीसम्प्रदायका मर्मज्ञ, विद्वान् आचार्य श्री श्रीकृष्णमाचार्यज्यूको प्रमुख आचार्यत्वमा दक्षिण भारत भूतपुरी (श्रीरामानुज स्वामीजीको प्रादुर्भावस्थल) बाट प्राप्त श्रीविग्रहको पञ्चदिवसीय प्राण प्रतिष्ठा महोत्सव सम्पन्न भएको थियो ।

निकट भविष्यमा हुने भएको भगवद् रामानुजाचार्यको सहस्राब्दी मनाउन नेपालभरिका श्रीवैष्णव आचार्यहरूको सम्मेलन गराउने । नेपाल, भारत र अन्य मुलुकबाट पनि श्रीमुक्तिनाथ तीर्थ दामोदर कुण्डको यात्रा गर्ने यात्रुहरूलाई विश्राम गर्ने ठाउँ र एक छाक भने पनि सक्दो भोजनको व्यवस्था मिलाउने ।

यस तीर्थको महत्वको बोध गराई यसका वरपर रहेका सम्पूर्ण श्रद्धालुहरूलाई श्रीसम्प्रदायको बोध गराई, वैष्णव समाजको अभिवृद्धि गर्ने उद्देश्य यस आश्रमको रहेको छ । उक्त उद्देश्य प्राप्तिका निमित्त श्री स्वामी देवनायकाचार्यज्यूको प्रमुख संरक्षकत्व एवं स्वामी श्री बालकृष्णचार्यजीको अध्यक्षतामा १३ सदस्यीय "श्रीरामानुज आश्रम गुठी-२०६९" नामक संस्था गठन गरिएको छ । उक्त संस्था पल्लवित कुसुमित हुँदै जावस् भन्ने शुभाकाङ्क्षा व्यक्त गर्दै लेखनीलाई विश्राम दिने अनुमति चाहन्छु । श्रीहरि:शरणम् ।।

।।श्रीमते रामानुजाय नमः।।

# श्रीसम्प्रदाय-प्रवर्धनमा श्रीदेवनायकाचार्य स्वामीको योगदान

प्रा.डा. श्रीकेशवप्रपन्नाचार्य
काठमाडौं

भगवद् विमुख जीवहरूलाई धर्मोपदेश गरी भगवदुन्मुख गराई समाश्रयण गराउने, धर्माचार्यहरूको समय-समयमा यस धराधाममा अवतार हुने गर्दछ । यस्ता स्वनामधन्य आचार्यहरूमध्ये श्री देवनायकाचार्य स्वामीज्यू एक हुनुहुन्छ ।

उहाँ नेपालको गण्डकी अञ्चलको पाल्पा जिल्लाको रुचाङ् गाउँमा वि.सं. १९८७ फाल्गुण १० गते रेवती नक्षत्रमा अवतीर्ण हुनुभयो । वहाँको प्रारम्भिक अवस्थाको नाम देवीप्रसाद पराजुली थियो । गाउँमा प्राथमिक शिक्षा हासिल गरी वि.सं. २०१२ मा अयोध्याको स्वर्गद्वारस्थित तोताद्रिमठका संस्थापक एवं मठाधीश श्री अनन्ताचार्यस्वामीज्यूबाट वहाँले श्रीवैष्णवदीक्षा प्राप्त गर्नुभयो । उक्त मठमै रही अयोध्याको ग्वालिपर पाठशाला आदि महाविद्यालयहरूमा संस्कृत वाङ्मयको अध्ययन पश्चात् वहाँ 'श्रीदेवनायकाचार्य' नामबाट विभूषित हुनुभयो । २०१५ सालमा स्वर्गद्वारको मठमा व्याकरणका विद्वान् श्रीकमलनयनाचार्य स्वामी द्वितीय मठाधीश हुनुभयो । २०२८ मा वहाँको वैकुण्ठवास भएपछि श्री १००८ देवनायकाचार्य स्वामी स्वर्गद्वार तोताद्रिमठको तृतीय मठाधीश पदमा अभिषिक्त हुनुभयो ।



आफ्ना गुरुकै पालादेखि भगवत्सेवा र धर्मप्रचार यात्रामा संलग्न रहनुहुने स्वामीज्यूले मठको सम्पूर्ण अधिकार प्राप्त गरेपछि स्वर्गद्वारको मठको जीर्णोद्धार गरी गर्भमन्दिरको निर्माण गरी श्री वेङ्कटेश भगवान्को प्रतिष्ठा समेत गराउनु भयो ।

मठका प्रथम आचार्य श्री अनन्ताचार्य स्वामीज्यूले दक्षिणमा रही श्रीसम्प्रदायको गहन अध्ययन गर्नुभएको थियो । उहाँसँग अध्ययन गरेका व्यक्तिहरू नेपाल तथा भारतमा यत्रतत्र विद्वान् तथा धर्माचार्यको रूपमा प्रतिष्ठित हुनुहुन्थ्यो र हुनुहुन्छ पनि । अनन्ताचार्य स्वामीका एक शिष्य श्री गोविन्दाचार्य स्वामीले जनकपुर अञ्चलको खजुरीको मठमा रही धर्मप्रचार गर्नुभएको थियो भने अर्का शिष्य श्री माधवाचार्य स्वामी (खोलापारी) ले पनि धर्माचार्यको रूपमा प्रतिष्ठित भई पाल्पा एवं नवलपरासी आदि स्थानमा धर्मप्रचार गर्दै नारायणघाटको शेषलक्ष्मीनारायण मन्दिरमा समेत ठूलो योगदान दिनुभयो । अनन्ताचार्य स्वामीकै विद्वान् शिष्य, मठका द्वितीय आचार्य श्रीकमलनयनाचार्य स्वामीले कृष्णसदनको निर्माण गराउनु भयो भने सप्तसागरको जग्गा र नैमिषारण्यको जग्गा समेत किनेर आश्रम बनाउने सङ्कल्प लिनु भएको थियो । अनेक प्रकारका बाधा विरोधको

सामना गर्दै धर्मप्रचार गर्दै रहनुभएको द्वितीय आचार्यको वैकुण्ठवासपछि तृतीय मठाधीश देवनायकाचार्य स्वामीले नेपाल-भारत सर्वत्र धर्मप्रचार गर्न थाल्नु भयो । नैमिषारण्यमा गुरुकै नाममा अनन्ताश्रमको स्थापना गरी वेङ्कटेश भगवान्‌को प्रतिष्ठा समेत गराउनुभयो र सीसमहल समेत थप्नुभयो । भक्तहरूको सहयोगबाट धर्मशालाको निर्माण गरी आगन्तुक अतिथिको लागि सुविधा प्रदान गर्नुभयो । स्वामीले अयोध्याको सप्तसागरमा (पहिलेको बगैंचामा) ठूलो मन्दिर बनाई लक्ष्मीवेङ्कटेश भगवान्‌को स्थापना गराउनुभयो । 'रामजी गोयाल' जस्ता दाताको सहयोगमा तीनतले धर्मशालाको निर्माण पश्चात् सन्त महात्माहरूलाई पनि ठूलो सुविधा प्राप्त भयो ।

संस्थापिका केशव आमाबाट नारायणघाटको मन्दिरको स्वामित्व पाएपछि वेङ्कटेश भगवान्‌को प्रतिष्ठा, जीर्णोद्धार तथा यज्ञशाला सत्सङ्ग भवन आदिको निर्माणको साथसाथै व्यवस्थापन समितिको सहयोगमा यज्ञ यज्ञादिको सम्पादन आदिबाट अर्थोपार्जन गरी जगमोहन एवं नवीन वेङ्कटेश अतिथि, 'भवनको निर्माण' आदि स्वामीज्यूका प्रमुख कार्यहरू हुन् । देवघाटको बदरीनारायण मन्दिरको प्रथम आचार्य समेत भई प्रतिष्ठा गराउने स्वामीज्यूले त्यहाँ रामानुजपीठ (आचार्य आवास) को स्थापना, गोपुर निर्माण, जगमोहन निर्माण आदि कार्य गर्नुभएको छ भने संस्थापक श्री अर्जुन सिटौला र वहाँकी धर्मपत्नी श्रीमती सुशीला सिटौलाको पनि ठूलो योगदान रहेको छ । पाल्पाको रामदीमा धर्मशालाको निर्माण गरी श्रीरामानुजाचार्य स्वामीको विग्रह ल्याई प्रतिष्ठा समेत गराई आफ्नो जिल्लामा नवीन कार्य गरेर स्वामीज्यूले देखाउनु भएको छ । उक्त स्थानको निर्माण एवं व्यवस्थापनमा श्रीबालकृष्णाचार्य एवं श्रीकृष्णमाचार्य स्वामीको समेत ठूलो योगदान रहेको छ ।

बर्दियाको बैठकपुरमा मन्दिर बनाई बालगोपाल भगवान्‌को आराधना चलाउँदै स्वामीज्यूले उदाहरणीय कार्य प्रस्तुत गर्नुभएको छ ।

अयोध्याका दुवै मन्दिरहरूको सञ्चालनको लागि स्वामीज्यूले पहिले नै व्याकरणाचार्य श्री बालकृष्णाचार्य स्वामीज्यूलाई उत्तराधिकारीको रूपमा चयन गरिसक्नु भएको थियो । अधिकारी स्वामी पनि विभिन्न गुरुहरूबाट (वैजनाथ द्विवेदी, रामवदन शुक्ल र कृपाशङ्करजी रामायणी, श्री तोताद्रिस्वामी) व्याकरण-वेदान्त एवं पुराणादिको अध्ययन पूर्ण गरी धर्मप्रचारमा संलग्न हुनुहुन्छ एवं रामायण-भागवत आदिको प्रवचन र अध्यापन समेत गर्नुहुन्छ । यसै गरी देवनायकाचार्य स्वामीले नैमिषारण्यमा श्री विष्णुप्रपन्नाचार्यलाई, क्षेत्रपुरमा श्रीपद्मनाभाचार्यलाई र देवघाटमा श्री यतीन्द्राचार्यलाई उत्तराधिकारीको रूपमा नियुक्त गरिसक्नु भएको छ । सबै उत्तराधिकारी स्वामीहरू श्रीमद्‌भागवत आदि पुराणहरूको प्रवचनको माध्यमबाट धर्मप्रचार गर्दै मठको सञ्चालन समेत गर्दै हुनुहुन्छ ।

आफ्नो जीवनकालमै उत्तराधिकारीको चयन गर्नु एवं वहाँहरूलाई कथा प्रवचन तथा मठ सञ्चालनमा योग्य बनाई समस्त कार्य सुम्पिनु र आफू अनुष्ठानमा लाग्नु स्वामीज्यूको दूरदर्शिता एवं ठूलो सौभाग्य समेत हो भन्न सकिन्छ ।

स्वामीज्यूकै पालामा भक्तको सहयोगबाट गुरूपरम्परा, पञ्चरहस्य, पाराशरस्मृति 'बहुशरद् मङ्गलाशासनप्रबन्ध र कण्णिनुंशिरुत्ताम्बुप्रबन्ध' निगमप्पडि (मन्त्रार्थ) जस्ता अनेक ग्रन्थहरूको प्रकाशन समेत भएको छ भने वहाँद्वारा लेखिएका 'तत्वत्रय संस्कृत पद्यानुवाद' आदि ग्रन्थहरू प्रकाशोन्मुख रहेका छन् । यसप्रकार श्रीसम्प्रदायका प्रबर्धनमा स्वामीज्यूको ठूलो योगदान रहेको छ । यस्ता तपोमूर्ति श्रीमद्वेदमार्ग प्रतिष्ठापनाचार्य उभयवेदान्त प्रवर्तक अनन्तश्री विभूषित श्रीदेवनायकाचार्य स्वामीज्यूको दीर्घायु एवं

# श्री देवनायकाचार्य स्वामीज्यूको वैभव

**डा. श्रीकेशवप्रपन्नाचार्य**

अनन्ताचार्य स्वामीले स्थापना गर्नु भो मठ ।
स्वर्गद्वार महाँ यौटा तोताद्रिमठनामक ।।१।।
आफ्नो शेषपछि सारा कार्य गर्न भनीकन ।
कमलनयनाचार्यलाई सुम्पिनु भो सब ।।२।।
वहाँले जोर्नु भो केही जग्गा आश्रमखातिर ।
बनाउनु भयो केही श्रीकृष्णसदनादिक ।।३।।
श्रीदेवनायकाचार्यलाई सुम्पेर यो मठ ।
वहाँ श्रीहरिको धाम जानु भो अति सुन्दर ।।४।।
श्रीदेवनायकाचार्य स्वामीले स्वर्गद्वारको ।
जीर्णोद्धार गरी राम्रो पार्नु भो मठ चम्किलो ।।५।।
सप्तसागरमा अर्को बनाई मठ सुन्दर ।
स्थापना गर्नु भो लक्ष्मी समेत वेङ्कटेश्वर ।।६।।
यात्री निवासका लागि भक्तको सहयोगले ।
धर्मशाला बन्यो बास गर्दछन् साधुसन्तले ।।७।।

नैमिषारण्यमा राम्रो अनन्ताश्रमनामको ।
बनाई वेङ्कटेशैको स्थापना पनि गर्नु भो ।।८।।
सीसाको महलै राखी सीताराम र लक्ष्मण ।
राख्नु भो दर्शनार्थी ता आउँछन् अब दिन्दिन ।।९।।
श्रीनारायणघाटमा वरदराट् बस्नु भएको थियो
त्यै नै मन्दिरमा त वेङ्कट प्रभु ल्याएर राख्नु भयो ।
जीर्णोद्धार समेत लौ हुनगयो सत्सङ्ग-शाला अहो
राम्रो ढङ्गसितै बन्यो भवन ता हेरी रहूँ झैँ भयो ।।१०।।
स्वामीले पछि देवघाट पनि गै स्वीकार्नु भो मन्दिर
त्यस्मा स्थापित गर्नु भो नि बदरीनारायणै सुन्दर ।
श्रीरामानुज पीठको पनि त्यहाँ निर्माण गर्दै पर
पर्खालै अतिरम्य गोपुर बडो लौ राख्नु भो सुन्दर ।।११।।
अर्को आश्रम नै बनाउनु भयो त्यो बर्दियामा पनि
पूजा चल्दछ है त्यहाँ पनि उनै गोपालको दिन्दिनै ।
राम्दीघाटमहाँ यतीश्वर उनै रामानुजाचार्यको
राखी विग्रह नै चलाउनुभयो पूजा त आचार्यको ।।१२।।
धेरै धर्मप्रचार गर्नु पनि भो यात्रा गरी लौ सब
स्वामीज्यू त प्रवेश गर्नु पनि भो चौरासीमा नै अब ।
धेरै ग्रन्थ छपाई बाँड्नु पनि भो पाराशरादिस्मृति
त्यस्तै तत्वत्रयादि पद्य पनि ता लेख्नु भएको छ नि ।।१३।।
यस्ता श्रीगुरुको महोत्सवमहाँ यात्रादिको साथमा
गर्दै पूजन आज भक्त सबले सत्कार गर्छौं यहाँ ।
स्वामीको अभिनन्दनै सब जना गर्छौं बडो भक्तिले
स्वामीज्यू सय वर्ष बाँच्नु पनि होस् भन्छौं सबै प्रेमले ।।१४।।

# ज्योतिषमा सन्न्यासयोग

**कपिल अज्ञात**
भरतपुर-१२, चितवन

ज्योतिषमा विरक्त सन्न्यासका सम्बन्धमा कैयौं योग भेटिन्छन् । कतिपय ज्योतिष ग्रन्थमा प्रव्रज्या अध्यायकै रूपमा प्रव्रज्याका कैयौं योगहरू समेटिएका छन् । ज्योतिषका प्रसिद्ध ग्रन्थ 'सारावली', 'सर्वार्थ चिन्तामणि', 'वृहज्जातक', 'होराशतक', 'फलित मार्तण्ड', 'फलदीपिका', 'ज्योतिष रत्नाकर' आदिमा उक्त तथ्यहरू भेटिन्छन् । सन्न्यास हुनु भनेको सांसारिक क्रियाप्रति विद्रोहजन्य स्थिति नै हो । संसारदेखि विरक्त भएर आफ्नो प्रतिक्रिया जनाउने भिन्न भिन्न अवस्थाहरू छन् । जस्तै : कोही भिक्षु गेरु वस्त्र धारी, कोही आबाल ब्रह्मचारी, कोही कन्दमूल सेवी तपस्वी, कोही नग्न कठोर कापालिक, कोही अध्यात्मवादी गुरु आदि ।

सन्न्यासको शाब्दिक अर्थ काम्य कर्मको त्याग हो । सत् र न्यास दुई शब्द मिलेर सन्न्यास बनेको छ । सत्को अर्थ राख्ने वा स्थापना गर्ने हो अर्थात् आफ्नो मनोवृत्ति सत्यमा राख्ने काम नै सन्न्यास हो । संसारिक प्रपञ्चदेखि विरक्त भएर कर्मफललाई त्यागी योगको धर्म धारण गर्नु नै सन्न्यास हो । सन्न्यासबाटै सन्न्यासी भएको हो । सामान्यतया सन्न्यासी भन्नाले योगी वा भिक्षु हो ।

सन्न्यासको विशेष तात्पर्य सांसारिक रीतिरिवाज र प्रपञ्चदेखि विरक्त स्थिति नै हो । सच्चा सन्न्यासीले घरगृहस्थीको सुख, सम्बन्ध र भोग्य पदार्थहरूको परित्याग गरेको हुन्छ । भोग्य पदार्थभित्र पर्ने धन भोगका साधनहरूमध्ये प्रमुख एक साधन हो । धनको सञ्चय नगर्ने र त्यसको तृष्णा पनि नराख्ने प्रवृत्ति नै विरक्तिको परिचायक हो । यौनप्रति अभिरुचि, धनप्रति लालसा, शक्तिप्रति आकाङ्क्षा, साधनप्रति लोभ जो राख्छ त्यो सन्न्यासी होइन ।

सन्न्यास के हो ? अध्यात्मिक वा धार्मिक दृष्टिबाटै विशद व्याख्या विवेचन सम्भव छ किन्तु घरबार, गृहस्थी, पत्नी पुत्रादिको सीमा सम्बन्ध तोडी आध्यात्मिक मार्गमा लाग्ने समग्र स्थितिलाई सन्न्यास योगभित्रै समेट्न सकिन्छ । यस दृष्टिले योगी, भक्त, गुरु, ब्रह्मकुमार सबै सन्न्यास योगभित्रै पर्दछन् किनकि ती सबैले पारिवारिक घरगृहस्थीको सीमा तोडेकै हुन्छन् । जो मनुष्यले सांसारिक सुखभोग त्यागेर परोपकार, देशोन्नति आदि बहुजन हिताय आफ्नो जीवन उत्सर्ग गरेका हुन्छन् । राष्ट्र सेवा, विश्व सेवा वा मानवसेवाको निम्ति नानाप्रकारका झन्झट र कठिनाइहरू बेहोरेका हुन्छन्, तिनलाई पनि योगी वा सन्न्यासी मान्न सकिन्छ । ज्योतिष रत्नाकर नामक ग्रन्थकर्ताको पनि यही धारणा छ ।

ज्योतिषमा सन्न्यास योग तब बन्छ जब जातक सांसारिक सुखभोगका सामग्रीदेखि

विमुक्त हुन्छ । परिवार, नाता, कुटुम्ब, सञ्चय आदिको स्थान द्वितीय स्थान हो भने घरजग्गा, जमिन, वाहन सुख सामग्रीको स्थान चतुर्थ हो, त्यस्तै द्वादशेश भोगकारक हो । सूर्य, शनि, राहु, पृथक्ता जनक ग्रह हुन् । सांसारिक सुखभोगसँग सम्बन्धित द्वितीय र चतुर्थ स्थान भएकाले यिनै स्थानसँग त्यागात्मक एवं पृथक्ताजनक प्रभाव उत्पन्न भएमा सन्न्यासयोग निर्मित हुन्छ । धनको हानी, परिवारजनदेखि विमुक्त, भोगको वेरुचि भएर मात्र सन्न्यास हुने होइन । सांसारिक सुखभोगका सामग्रीदेखि विरक्त भई मनोवृत्तिमा आउने परिवर्तित स्थिति नै सन्न्यासको परिचायक हो ।

चन्द्र चतुर्थेश भएमा मनको बढी प्रतिनिधित्व गर्दछ । यदि चन्द्रमाथि तथा मन द्योतक अङ्गमाथि शनिको युति अथवा दृष्टिको प्रभाव परोस् त मनुष्य उदासीन मनवाला विरक्त चित्त सन्न्यासप्रिय हुन्छ (फलितसूत्र, ई. २००४, पृ. २३) । शनि पृथक्ताजनक प्रवृत्तिको ग्रह हो । शनिको प्रभाव जब चन्द्रमाथि पर्दछ तब मनलाई वैराग्यमय बनाउँछ । सांसारिक वस्तुदेखि विरक्त तुल्याउँछ । प्राय: सन्न्यासीहरूको जन्माङ्गचक्रमा यस्तै योग देखिने तथ्य बढी उल्लेख भएको पाइन्छ ।

सन्न्यासका लागि द्वितीय (कुटुम्ब) भाव, चतुर्थ (घरबार) भाव, द्वादश (भोग सामग्री) भाव र यिनका स्वामीसँग सूर्य, शनि, राहु आदि पृथक्ताजनक ग्रहको प्रभाव पर्नु आवश्यक छ किनभने कुटुम्ब घरबार तथा भोगको परित्याग नै सन्न्यासको उत्प्रेरक हो । यी तीनै वस्तुको त्यागलाई सन्न्यासको मुख्य चिह्नको रूपमा लिनु तथ्यसङ्गत प्रतीत हुन्छ ।

मनको प्रतिनिधि चन्द्र शीघ्र गतिशील एवं परिवर्तनशील ग्रह हो । शनिको दृष्टि वा युति विषाक्त हुनाले अनिष्टकर हुन्छ । परिवर्तनकारी चन्द्रमाथि शनिको विषाक्त दृष्टिले मनलाई सांसारिक सुखभोगको भावनादेखि विरक्त तुल्याउँछ भन्ने तथ्य युक्तिसङ्गत अनुभव हुनाले द्वितीय चतुर्थ द्वादश भावका साथै चन्द्र, शनि र शुक्र पनि सन्न्यासयोगका सम्बन्धमा बढी विचारणीय देखिन्छन् ।

सन्न्याससम्बन्धी केही योगहरू यसप्रकार छन्-

- जन्म राशीश यदि निर्बल होस् र त्यसमा बढी शनिको दृष्टि परोस् त सन्न्यासयोग हुन्छ । (ज्योतिष रत्नाकर, पृ. ३८४)
- यदि शनि नवम स्थानमा होस्, त्यसमा कुनै पनि ग्रहको दृष्टि नपरोस् त त्यस्तो जातक राजा नै भए पनि सन्न्यासी हुन्छ र कहिले सन्न्यासी भए पनि राजातुल्य हुन्छ । (ऐ. पृ. ३८५)
- जन्माङ्ग चक्रमा चन्द्रमा र वृहस्पति अन्तर्गत सबै ग्रह स्थित हुन् त जातक दीर्घजीवी योगी हुन्छ । (ऐ. पृ. ३८८)
- यदि जन्म मकर राशिको होस् । कूल, ग्रह, सूर्य र मङ्गलका अन्तर्गत हुन् त जातक महात्मा हुन्छ । (ऐ. पृ. ३८९)
- शनिको दृष्टि निर्बल लग्नमा परेमा पनि सन्न्यास योग हुन्छ । (ऐ. पृ. ३८४)

- यदि दशमेश दुई शुभग्रहले घेरिएको होस् अथवा दशमेश शुभग्रहको नवांशमा होस् जातकको कीर्ति समुज्ज्वल हुन्छ । (ऐ. पृ. ३८७)
- यदि दशम स्थानमा चार ग्रह स्थित हुन् त जातक वैरागी हुन्छ । (जातक निर्णय, पृ. २१५)
- यदि शनिको क्षेत्रमा चन्द्रमा स्थित होस् र शनिद्वारा दृष्टि पनि होस् त जातकले विरक्तिको जीवन व्यतीत गरी संसारमा ख्याति प्राप्त गर्दछ । (जातक निर्माण, पृ. २१५)
- नवम स्थित चन्द्रमालाई अन्य कुनै ग्रहले नदेखेमा राजयोग परेको भए पनि दीक्षित हुन्छ । (फलित मार्तण्ड, पृ. २३२)
- तीनभन्दा अधिक ग्रह एक स्थानमा स्थित भएर लग्नेशलाई देखून् त त्यो जातक दीक्षित हुन्छ । (फलित मार्तण्ड, पृ. २३२)
- गुरु, चन्द्रमा र लग्न यी तीनैमा शनिको दृष्टि होस् र गुरु नवममा स्थित होस् त प्रव्रज्या योग हुन्छ । यदि त्यसमा राजयोग भए महापुरुष हुन्छ । (फलित मार्तण्ड, पृ. २३३)
- चन्द्रमा शनिको द्रेष्काणमा स्थित होस् तथा चन्द्रमामाथि शनि एवं मंगलको दृष्टि होस् त प्रव्रज्या योग बन्दछ । (ज्योतिष योग दीपिका, पृ. ९८)
- चन्द्रमा जुन राशिमा होस्, त्यस राशिको स्वामी केवल शनिबाटै दृष्ट होस् तथा त्यसमा अन्य कुनै ग्रहको दृष्टि नपरोस् प्रव्रज्या योगको निर्माण हुन्छ । (ज्योतिष योग दीपिका, पृ. ९८)
- दशमेश षष्ठममा होस् लाभेश अष्टममा होस् भाग्येश षष्ठममा वा द्वादशमा होस् प्रव्रज्या योग हुन्छ । (ज्योतिष योग दीपिका, पृ. ९८)

टिप्पणी : मनकारक चन्द्रमाथि शनि मंगलको दृष्टि विषाक्त हुन्छ । पाथीभर दूधमा कागतीको थोपोमात्र परे पनि एक चिम्टि नुन मिसिएर त्यसले सम्पूर्ण दूधलाई प्रभावित पारी दूध फाटे झैँ चन्द्रमाथि शनि एवं मंगलको दृष्टि परेपछि जातकको मन पनि फाट्ने हुन्छ र सांसारिक भएर चल्न कर्म आय भाग्य सप्रनु पर्छ । जोसँग जागिरको कुनै पद छैन, आयको कुनै मुहान छैन, जसलाई कहीँ कतैबाट भाग्यको द्वार खुल्दैन, ऊ विरक्त हुनु स्वभाविक हो ।

यदि जन्म समयमा चार, पाँच, छ या सात ग्रह एकत्रित भएर कुनै एक स्थानमा रहून् त त्यस्तो जातक सन्न्यासी हुँदैन ।

एकत्रित ग्रहमध्ये कुनै एक ग्रह दशमाधिपति पनि हुनुपर्छ तब मात्र सन्न्यास योग घटित हुन्छ भन्ने पनि देखिन्छ । साररूपमा निम्नलिखित तथ्य देखा पर्छन् ।

१) चार वा चारभन्दा अधिक ग्रह एकत्रित हुन् ।
२) तीमध्ये कुनै एक ग्रह बली होस् ।
३) बली ग्रह अस्त नहोस् ।
४) बली ग्रह ग्रहयुद्धमा पराजित नभएको होस् ।

५) हारेको बली ग्रहमा अन्य ग्रहको दृष्टि नपरेको होस् ।

६) ती एकत्रित ग्रहमध्ये कुनै दशमाधिपति होस् ।

सन्न्यास योगका निम्ति उपर्युक्त तथ्यमाथि ध्यान दिनुपर्ने कुरा उल्लिखित छ ।

चारपाँच ग्रह एकै स्थानमा एकत्रित भएका जातकले प्राय: सन्न्यास धारण गर्छन् भन्ने शास्त्रमा उल्लिखित भए पनि व्यवहारिक जगत्मा सन्न्यास धारण नगरेका तथ्यहरू प्रशस्त भेटिन्छन् । त्यस्तै कैयौं योगी वा सन्न्यासीहरूको जन्माङ्गमा चक्र परीक्षण गर्दा एकै स्थानमा चारपाँच ग्रह एकत्रित भएको स्थिति पनि पाइन्न, त्यसैले ग्रहको गुणधर्म प्रकृति र लग्नादिको स्थितिप्रति नै बढी विचार गर्नु आवश्यक देखिन्छ ।

लग्न एवं चन्द्रमादेखि मनुष्यको शरीर एवं मनको विचार हुन्छ । चन्द्र मनको कारक हो । 'चन्द्रमामनसो जात:' भन्ने वेदमैं पनि उल्लिखित छ । त्यसैले चन्द्रमाबाटै मनको वृत्ति वा अवस्था बुझ्न सकिन्छ । जब अष्टम आदि अनिष्ट स्थानमा स्थित चन्द्रमामाथि राहु वा शनिको दृष्टि पर्छ, त्यसले विशेष रूपबाट भय वा सन्त्रासको स्थिति उत्पन्न गरी मूर्च्छित समेत तुल्याउन सक्छ ।

एकै राशि वा स्थानमा चारभन्दा अधिक ग्रह स्थित हुन् तिनमा जुन बली होस् त्यसै प्रवृत्ति अनुसार प्रव्रज्या हुन्छ । यसमा पनि कसैका मतमा एकै स्थानमा एकत्रित ग्रहमध्ये कुनै दशमेश होस् र दशमेशकै प्रवृत्ति अनुसार प्रव्रज्या हुन्छ । जस्तै :-

मंगल : गेरु वस्त्रधारी बौद्ध सन्न्यासी
चन्द्र : तीर्थयात्री प्रवक्ता योगी
बुध : अनात्मवादी, छली, कपटी, तान्त्रिक
वृहस्पति : परमहंस, योगिराज, ज्ञानी
शुक्र : भ्रमणशील, आडम्बरी, भोगी
शनि : नग्न कापालिक कठोर पाखण्डी
सूर्य : कन्दमूल वा फलभक्षी तपस्वी ।

सारटिप्पणी : यसप्रकार ग्रहको प्रवृत्ति अनुसार सूक्ष्म रूपले प्रव्रज्याको पनि विविध भेद गरिएको पाइन्छ । किन्तु एकै स्थानमा एकत्रित ग्रहका जातकले प्रव्रज्या वा सन्न्यास धारण नगरेको र फलबोधमा पनि जटिलता अनुभव हुने हुँदा सामान्य जीवन र प्रव्रज्या जीवनकै भेद सरल र सुगम रीतिबाट स्पष्ट हुन अपेक्षित छ । योगहरूको सञ्चित स्थितिमा भन्दा ग्रहको गुण धर्म प्रकृतिबोधका साथै पृथकताजनक स्थितिको सैद्धान्तिक आधारबाटै प्रव्रज्या अवस्थाको ज्ञान बढी सहज हुने देखिन्छ । जातकले कस्तो प्रव्रज्या धारण गर्छ भन्दा जातकले प्रव्रज्या धारण गर्छ कि भन्ने प्रश्न नै बढी महत्वपूर्ण र सान्दर्भिक छ । सामान्यतया प्रव्रज्या योगहरूको अध्ययन गर्दा अन्य पृथक्ताजनक स्थिति बाहेक मनकारक चन्द्रमाथि अन्धकार प्रिय वृद्ध तापस शनिको विषाक्त दृष्टि नै प्रव्रज्याको एक प्रमुख कारण हो भन्ने बुझ्न सकिछ, त्यसैले प्रव्रज्याका सम्बन्धमा शनि र चन्द्रकै भूमिका बढी रहने हुँदा तिनको युतिदृष्टिमाथि विचार गर्नुपर्ने हुन आउँछ ।

निष्कर्ष : सन्न्यास भनेको भौतिक सुख समृद्धिमा सक्रिय परम्परागत सामान्य जीवनभन्दा आत्मचिन्तनमा निमग्न भिन्न जीवन हो । ज्योतिषमा सन्न्यासयोगको स्थिति हेर्दा द्वितीय (

नाताकुटुम्ब) भाव, चतुर्थ (घरबार) भाव र द्वादश (शय्या भोगविलास) भावलाई आधार मान्नुपर्ने हुन्छ । यी तीनै भाववैभवबाट पृथक् हुनु र मनमा सांसारिक रसरङ्गदेखि विरक्ति आउनु नै प्रव्रज्या वा सन्न्यास हो । मनकारक चन्द्रमाथि शनिको प्रभावले मनमा वैराग्य उत्पन्न गर्छ । शनि, मंगल, राहु, सूर्य जस्ता पृथक्ताजनक ग्रह बाहेक वृहस्पति र शुक्र जस्तो शुभग्रहको दृष्टि चन्द्र वा शनिमा परेमा भने सन्न्यास योग निर्मित हुँदैन । वास्तवमा भोगकारक शुक्र दुर्बल भएर शय्या साधन सम्पत्ति, तीनै वस्तुबाट अलग रही मनमा भौतिक सञ्चय वा समृद्धिको तृष्णा नउठेर सुखभोगको आशा इच्छा जागृत नहुने स्थिति नै वैराग्य हो र यही वैराग्य नै सन्न्यासको उत्प्रेरक हो । जन्माङ्ग चक्रको अध्ययनबाटै जहाँ यो स्वरूप देखिन्छ, त्यहाँ सन्न्यास योग बनेको बुझ्न सकिन्छ ।

विवेचनार्थ सन्न्यास स्वरूप धारण गरी जगत्प्रसिद्ध बनेका महापुरुषका कुण्डलीका केही नमुनाहरू:

आदिगुरु शङ्कराचार्य
वि.सं. ७४३




जगद्गुरु श्रीरामानुजाचार्य
वि.सं. १०७६




श्रीचैतन्य महाप्रभु
सन् १४८६




रामकृष्ण परमहंस
विक्रम संवत् १८३३



स्वामी विवेकानन्द

ई. १८६३




स्वामी श्रीदेवनायकाचार्य (देवीप्रसाद पराजुली)

वि.सं. १९८७ फागुन १० गते शनिबार




उपर्युक्त लब्ध प्रतिष्ठित योगी वा सन्न्यासीका कुण्डलीहरू हुन् । उक्त योगी जुनसुकै आध्यात्मिक सम्प्रदायका भए पनि सांसारिक क्रिया परित्याग गरी ईश्वरीय आस्था र चिन्तनमा निमग्न भएका हुँदा सन्न्यास योगमा समावेश गरिएको छ ।

उपर्युक्त सन्न्यास योगका सिद्धान्त अनुसार शङ्कराचार्यको कुण्डली हेर्दा सुखस्थानमा पृथक्ताजनक सूर्य र राहुको दृष्टि परेको देखिन्छ । यही स्थिति रामानुजाचार्यको कुण्डलीमा पनि देखिन्छ । चैतन्य महाप्रभुको कुण्डलीमा चन्द्रमा माथि शनि, सूर्य र राहुको पूर्ण दृष्टि परेको छ । यसले नै चैतन्य महाप्रभुमा वैराग्य भावना उत्पन्न गरेको बुझिन्छ । त्यस्तै रामकृष्ण परमहंसका कुण्डलीको द्वितीय भावमा शनि र राहुको पूर्ण दृष्टि परेको छ । यसले स्वामीलाई कुटुम्ब वा घरबारबाट विरक्त बनाएको देखिन्छ । त्यस्तै विवेकानन्दको कुण्डलीमा मनद्योतक चन्द्रसँग शनिको युति पाइन्छ । यसले विवेकानन्दलाई सन्न्यासप्रिय बनाएको पाइन्छ ।

चन्द्रमा राहुद्वारा ग्रसित भई सुखस्थानमा मङ्गल नीचो हुनुका साथै राहुको दृष्टिद्वारा मङ्गल पीडित हुन गई सुख स्थान बिग्रन गएको छ, त्यसका साथै भोगकारक शुक्र शनिले दूषित छ । यसबाट प्रव्रज्या योग सृष्टि भएको देखिन्छ ।

"प्रथमोऽनन्तरूपश्च द्वितीयो लक्ष्मणस्तथा ।
तृतीयो बलरामश्च कलौ रामनुजो मुनिः ।।"

# सिद्धहस्त महापुरुष

**स्वामी श्रीभागवताचार्य**
मठाधीश- श्री वैकुण्ठनाथ दिव्यधाम
भागवत सेवाश्रम, मातातीर्थ, काठमाडौं

श्री वैष्णव जगत्मा अनेकानेक महापुरुषहरूको चर्चा परिचर्चा हुने गरेकै हो । यसमा पनि अत्यन्त सरल, भगवद्निष्ठ, सिद्धहस्त अनन्त श्रीविभूषित प्रात: स्मरणीय श्रीस्वामी देवनायकाचार्य महाराजको सान्निध्य निकै चोटी यसले पाउने सौभाग्य पायो । जब जब स्वामीज्यूको दर्शन पाउँछु भिन्न-भिन्न भाव भगवद् रहस्य सेवा सद्भाव रहेको अनुभूति प्राप्त भयो । जहाँ जस्तै स्थानमा पनि सजिलै सरल भावद्वारा सबै भक्त भागवत सज्जन महापुरुषलाई श्रीवैष्णव बनाएर रहस्य विषयहरूमा प्रवेश गराउनमा स्वामीजी दक्ष हुनुहुन्छ । सबैमा प्रेम सबैमा सद्भाव प्रकट गराउन स्वामीज्यू सिद्धहस्त हुनुभएको कुरा सबैलाई अवगत भएकै विषय हो । आज नेपालमा धेरै धेरै मठहरू सञ्चालन संरक्षण गरेर धेरै नै उत्तराधिकारी बनाउनु हुनेमा स्वामीज्यू प्रथम नै हुनुहुन्छ जस्तो लाग्छ । नेपाल भारतमा गरेर झन्नै आठ दश ओटा मठ मन्दिर निर्माण गराएर समुचित व्यवस्थापन गराउने महापुरुष मध्येमा स्वामीजी जेठो हुने कुरामा दुईमत नहोला । यस्ता अद्वितीय महापुरुषलाई जति प्रकाश दिन खोजे पनि कमी नै होला । उहाँले गरेका कार्य अत्यन्तै प्रशंसनीय छन् । श्रीवैष्णव जगतमा स्वामीज्यूको ठूलो अहं भूमिका रहेको अनुभव प्राप्त गरेको छु । उहाँको जीवनमा यस्तै महान् कार्य सफल तुल्याउन प्रभुबाट प्रेरणा रही रहोस् ।

।।श्रीमते रामानुजाय नमः।।

# श्रीशेषलक्ष्मीनारायण मन्दिर क्षेत्रपुर २०६० साल यता भएका निर्माण तथा पुनःनिर्माण गतिविधि एक झलक

लालमणि पौडेल
महासचिव- मन्दिर सञ्चालक समिति, क्षेत्रपुर

नेपालको मध्यभूमि पवित्रपावन देवघाटधामको समीप नारायणी नदीको तट मनोरम नगरी नारायणगढ क्षेत्रपुर स्थित श्रीशेषलक्ष्मीनारायण मन्दिर परिसरलाई तीर्थबास निर्धारण गरी प्रमुख संस्थापिका केशवआमा लगायत ९ जना आमाजीहरूको पहल कदमी र मठाधीश श्री १००८ स्वामी देवनायकाचार्यज्यूको दूरदर्शिता, धर्मप्रतिको निष्ठा, साहसिक एवं अथक परिश्रमका कारण श्री वेङ्कटेश नेपाली मन्दिर सप्तसागर अयोध्या र अनन्ताश्रम नेपाली मन्दिर नैमिषारण्य भारतका मठाधीश भई मन्दिरको निर्माण, सञ्चालन र व्यवस्थापनको कठीन कार्य र व्यवस्तताका बाबजूत यस मन्दिरको जिम्मेवारी बहन साथ साथ यस मन्दिर परिसरभित्र मूलमन्दिर, सत्सङ्ग भवन, छात्रावास, यज्ञशाला, गौशाला लगायतको भौतिक संरचनाहरूको निर्माण गरी मन्दिरमा वेङ्कटेश भगवान् र विभिन्न विग्रहहरूको प्रतिष्ठा गरी दैनिक पूजा आराधना, भजनकीर्तन, उत्सव, महोत्सव तथा धार्मिक यज्ञहरूको अनुष्ठान, तीर्थबासमा इच्छा राख्ने भक्तभागवतहरूको बसोबास व्यवस्था, देशविदेशका अतिथि भक्तभागवतहरूलाई आतिथ्यता प्रदान गर्दै, हाल मन्दिरलाई यस अवस्थासम्म ल्याईपुऱ्याउन अथक प्रयासरत र मन्दिरका मठाधीश श्री १००८ देवनायकाचार्य स्वामीज्यू भगवान्बाट शक्तिप्राप्त एक सन्त महापुरुष हुनुहुन्छ । दूरदर्शी विचारका धनी श्री स्वामीज्यूले आफ्नो मठहरूको सुयोग्य उत्तराधिकारीहरूको वरण र सञ्चालनको जिम्मा लगाउनु भई मार्गदर्शन एवं संरक्षकत्व प्रदान गरिरहनु भएको छ ।

वैदिक धर्म प्रचारक श्री स्वामीज्यू साम्प्रदायिक घेराभन्दा माथि हुनुहुन्छ । सबै विचारहरूको सम्मान, आदर एवं समताभाव, दूरदर्शी विचारका कारण समयानुकूल 'सबैको सहभागिता बिना मन्दिरको विकास सम्भव छैन, भगवान् सबैका हुनुहुन्छ र मन्दिर सबैको साझा हो' भन्ने भावनाका साथ मन्दिर क्षेत्र वरपरका समाज एवं सामाजिक क्षेत्रका व्यक्तित्व एवं भक्तहरूको भेलाबाट निर्णय गरी स्वामीजीकै सत्सङ्कल्पमा २०६० साल फाल्गुणमा श्रीमद्वाल्मीकीयरामायण ज्ञान महायज्ञ सम्पन्न भयो । तत्पश्चात् गठित सञ्चालक समिति मार्फत् जिप्रका चितवनमा विधिवत् विधान दर्ता गरी संस्थागत विकासको प्रारम्भ पश्चात्

स्वामीजीकै निर्देशन र मार्गदर्शनमा मन्दिर सञ्चालक समितिले हालसम्म भए गरेका निर्माण तथा पुननिर्माण सम्बन्धी गतिविधि एक झलक श्री स्वामीजीको ८४ औं जन्मोत्सवको यस पावन अवसरमा यहाँहरू समक्ष राख्न सान्दर्भिक ठान्दछु ।

२०६० सालमा सम्पन्न श्रीमद्वाल्मीकीय रामायण महायज्ञबाट बचत रकमबाट भएका पुनर्निर्माणसम्बन्धी कार्यहरू-

१. बिचको २ नं. प्रवेशद्वारदेखि उत्तर सिमानासम्मको साँगुरो र खण्डहर अण्डरग्राउण्ड प्यासेजको पर्खाल र भुईंको सोलिङ भत्काई माटो कटान गरी फराकिलो पारी १४ इन्ची पर्खाल लगाई भुइँ ढलान र नाली निर्माण कार्य गरेको ।
२. सोही गेटभित्रभएका अव्यवस्थित २ वटा ट्यूबेल धारालाई हालको समतल स्थानमा व्यवस्थित गरिखाने पानीका धाराहरू समेत व्यवस्था मिलाइएको ।
३. सोही अण्डर ग्राउण्ड प्यासेजलाई उज्यालोको लागि सचिवालय रहेको आश्रमको पुरानो टप फूटाई फलामे जालीसहित माथिल्लो सतह समतल मिल्ने गरी पुनर्निर्माण र सत्सङ्ग कक्षनिरको जालि समेत पुननिर्माण गरिएको ।
४. मूल मन्दिरको दक्षिण-पश्चिम कुनाबाट तल झर्ने सिँढी हटाई दक्षिण-पश्चिम र उत्तर-पश्चिमबाट तल झर्ने २ वटा सिँढी निर्माण गरिएको ।
५. ट्वाइलेट भएका स्थानमा पुराना ट्वाइलेट भत्काई ३ फिट माटो पुरान गरी भुइँ सबै ढलान गरी ३ वटा ट्वाइलेट १ बाथरुम, १ पानी ट्याङ्की र पर्खाल घेरी व्यवस्थित गरिएको ।
६. परिसरको दक्षिण पश्चिमको ३ नं. गेटबाट गाईगोठसम्मको भागमा माटो कटान गरी समतल मिलाई पानी निकासको लागि पाइप वइरिङ गरी च्याम्बर सहित भुइँ ढलान र गोठनिरको पर्खाल निर्माण गरेको ।
७. २ नं. र ३ नं. गेट बिचका अव्यवस्थित पर्खाल हटाई भुइँको समतल मिलाई ढलान गरिएको ।
८. मूल प्रवेशद्वार र २ नं. गेटमा हालको अवस्थाको फलामे गेटहरू निर्माण गरिएको ।
९. मूल प्रवेशद्वारदेखि परिसरको माथिल्लो सम्पूर्ण भुइँ माटो कटान गरी समतल मिलाई हालको अवस्थामा सम्पूर्ण भाग ढलाई गरिएको ।
१०. यज्ञशालाको पश्चिम-उत्तर तर्फको पुरानो सिमेन्टवाला पानी टंकी, तलझर्ने सिँढी लगायत अव्यवस्थित संरचनाहरू हटाई बाँकी उत्तरी सिमानामा पर्खाल लगाई पानीका ५ वटा धाराहरू र भान्छाभित्र डाइरेक्ट १ पानीको धाराको व्यवस्था मिलाइएको ।
११. उत्तर-पश्चिमबाट तल झर्ने सिँढीको साम्नेको भित्ता प्लाष्टर र पश्चिमतर्फ बरण्डामा फलामे रेलिङ र सँगै तुली मठ निर्माण गरिएको ।

१२. मन्दिरको उत्तरतर्फ सँगै टाँसिएको भान्छाघरको पर्खाल सबै भत्काइ मन्दिरको वाल प्लाष्टर र भुइँ समतल मिलाई ढलान गरिएको ।

१३. मन्दिरको उत्तरतर्फका २ वटा ढोका बन्द गरी एउटा झ्याल र च्यानल गेटको व्यवस्था मिलाइएको ।

१४. मन्दिरको परिक्रमा क्षेत्रमा रहेका २ वटा ढोका हटाई नपुग गारो कटान र थप गरी काठको रेलिङ सहित हालको अवस्थामा व्यवस्थित गरिएको ।

१५. भान्छाघर (रसोइ) को लागि जगमोहनको उत्तरतर्फ सँगै रहेका २ वटा कोठालाई एउटै बनाई झ्यालढोकाहरू परिवर्तन गरी धुँवाकस सहित भित्र बाहिर सबै प्लाष्टर गरी बाहिरी सबै भागमा पेटी निर्माण गरी व्यवस्थित गरिएको ।

१६. शिलालेखको लागि मूल गेटमा दुवैतर्फ पर्खाल लगाई शिलालेखन कार्य सम्पन्न गरिएको ।

१७. हुनमान मन्दिर निर्माण गरिएको ।

१८. छात्रावासमा चढ्ने छात्राबासबाट सत्सङ्ग भवनको छतमा जाने रेलिङ सहितका सिँढी निर्माण र छात्राबासबाट पूर्वी छतमा जाने सिँढीमा फलामे रेलिङ निर्माण साथै तल्लो भाग सबै प्लाष्टर गरिएको ।

१९. मूल गेटको पूर्वतर्फको कोठाको बाटोतर्फको भाग प्लाष्टर रेलिङ निर्माण र पेटी समेत निर्माण गरिएको ।

२०. २ नं. गेट माथिको बरण्डाबाट छतमा जाने सिँढी भत्काई सो छत ढलान गरिएको ।

२१. सत्सङ्ग भवनको छतको रेलिङ सबै लगाएको ।

२२. आश्रम भवनको छतमा चिफ गिटी ढलान, प्लाष्टर र पोनिङ गरिएको ।

२३. सत्सङ्ग हलमा मञ्चको निर्माण र जालीफ्रेमबाट बन्दको व्यवस्था मिलाइएको ।

२४. यज्ञशालामा रहेको चौका हटाएर सो ठाउँमा हवन वेदी निर्माण गरिएको ।

२५. आश्रमको छतको कोठाको बाहिरी भाग प्लाष्टर गरिएको लगायत विभिन्न मर्मतहरू । यही क्रममा ई.कृष्णकुमार श्रेष्ठबाट हनुमानजीको मूर्ति प्राण प्रतिष्ठा गर्नुभएको ।

२६. मन्दिर परिसरभित्र प्राय: सबै रङ्रोगन गरिएको ।

स्वामीजीकै सत्सङ्कल्पमा २०६२ सालमा सम्पन्न श्रीमद्भागवत ज्ञानमहायज्ञको रकमबाट गरिएका निर्माण तथा पुनर्निर्माणका कार्यहरू-

१. मूल मन्दिरको जगमोहन साम्नेको भित्री कोठा र जगमोहन सबै भत्काई नयाँ जगमोहन निर्माण गरी थपिएको भुइँमा चिफ ढलाई समेत गरिएको ।

२. मन्दिरको छत सबै चिफगिटी ढलाई गरी प्लाष्टर पोनिङ गरिएको ।

३. मन्दिर, जगमोहन र हनुमान् मन्दिरदेखि पूर्वी छतको रेलिङ निर्माण सम्पन्न ।

४. मन्दिरको दुवै टपको सोलोप बनाई बुट्टा काट्ने काम गरिएको ।
५. मन्दिरको वरिपरि पेटी निर्माण गरिएको ।
६. हनुमान् मन्दिरको पूर्वी माथिल्लो (मैयाआमाको) कोठाको अगाडिको भाग छतसमेत हटाई पुनर्निर्माण र सो कोठाको बाटोतर्फको टप र पर्खाल समेत प्लाष्टर गरिएको ।
७. उपर्युक्त कोठा र जगमोहन बीचमा नयाँ पाहुना कोठा निर्माण गरी एउटै अतिथि भवन बनाएको ।
८. मन्दिरको च्यानलगेट अगाडिका पिलरहरू मर्मत र भुइँमा सिँढी समेत चिफ लगाइएको ।
९. मन्दिरको उत्तरी पर्खालसँगैको वालमात्र हटाइएको पहिलेको भान्छाघर (रसोइ)को दुवै तलाको छतहरू पिलरहरू सबै भत्काई हटाइएको ।
१०. सत्सङ्ग हलमा सुविधायुक्त कार्पेटको व्यवस्था र विभिन्न मर्मत सम्भार कार्यहरू सम्पन्न गरिएको ।
११. यस चरणमा निर्माण एवं पुनर्निर्माण भएका संरचनाहरूमा रङरोगन गरिएको । यही क्रममा प्रा.डा. चूणमणि बन्धुसमेतका भाइहरूबाट गरुडजीको मूर्ति स्थापना गर्नुभएको छ ।

२०६८ सालमा सम्पन्न श्रीमद्भागवत ज्ञानमहायज्ञबाट बचत रकमबाट हालसम्म गरिएका निर्माण मर्मतका कार्यहरू-

१. भान्छा घर (रसोई), प्रसादी स्थल (पङ्गत भवन) सहितको २ तले “श्री वेङ्कटेश अतिथि भवन” निर्माण सम्पन्न ।
२. मन्दिरको उत्तरतर्फ सँगैको १ फिट उचाईको ढलान सहितको पुरानो भागलाई हटाई समतल मिलाई च्याम्बर सहित ढलान सम्पन्न गरिएको ।
३. नवनिर्मित ‘श्रीवेङ्कटेश अतिथि भवन’ मन्दिर लगायत परिसरभित्रका सम्पूर्ण संरचनाहरूमा हालको अवस्थामा रङरोगन गरिएको ।
४. २०६२ साल र २०६८ सालमा सम्पन्न श्रीमद्भागवत् ज्ञानमहायज्ञमा आर्थिक सहयोग गर्नुहुने महानुभावहरूको शिलालेखन कार्य तत्काल गर्न सङ्कल्परत ।
५. परिसरको पश्चिम उत्तर सिमानाको भवन अत्यन्त जीर्ण भएकोले श्रीस्वामीजीको सङ्कल्प र श्रद्धेय भक्तहरूको आर्थिक सहयोग जुट्न सकेमा ‘सुविधायुक्त सन्त निवास’ र ‘भक्त निवास’ निर्माणको आवश्यकता महशुस गरेका छौं ।

यस मन्दिरको प्रमुख संरक्षक एवं मठाधीश श्री १००८ स्वामी देवनायकाचार्यज्यूको दूरदर्शिता, प्रेरणा, मार्गनिर्देशन र अध्यक्ष एवं उत्तराधिकारी श्रीस्वामी पद्मनाभाचार्यज्यूको नेतृत्वमा वैदिक सनातन धर्मको मर्मलाई आत्मसात् गर्दै अतिथि सत्कार एवं मन्दिरको प्रचार-प्रसार, विकास निर्माण र तीर्थबासीहरूलाई समुचित व्यवस्था गर्दै आध्यात्मिक समाजको निर्माणमा सहयोगी भूमिका निर्वाह गर्न सञ्चालक समिति दृढ सङ्कल्परत छ । अस्तु ।

।।श्रीमते रामानुजाय नमः।।

# पश्येम शरदः शतम्

**श्री चतुर्भुजाचार्य (अधिकारी)**
श्रीकूर्मनारायण मन्दिर, विभीषणकुण्ड, अयोध्या

स्वर्गद्वार अयोध्यामा अवस्थित श्री तोताद्रिमठ मन्दिरका मठाधीश श्री स्वामी देवनायकाचार्यजी महाराजको नाम न सुनेको व्यक्ति वैष्णव जगतमा सायद दुर्लभ होला । श्रीस्वामीजी महाराजको भगवन्निष्ठा आचार्य निष्ठालाई दृष्टान्तको रूपमा दर्शाउन सकिन्छ । सम्प्रति ८४ वर्षको उमेरमा पनि उपनिषद्को "**चरैवेति-चरैवेति**" सिद्धान्तलाई अपनाएर अयोध्या, नैमिषारण्य, वैठकपुर, क्षेत्रपुर, देवघाट, राम्दीधाममा अवस्थित अर्चाविग्रह रूप भगवान्को कैङ्कर्यमा संलग्न रहेको देख्दा आश्चर्य लाग्छ । स्वर्गद्वार अयोध्याको श्रीतोताद्रिमठका संस्थापक अध्यक्ष श्री स्वामी अनन्ताचार्यजी महाराजका कृपापात्र श्री स्वामीजीमा स्थान निर्वहणको अभिभारा प्राप्त भएको समयमा आर्थिक विपन्नताको कारणले आउनु भएको अतिथि अभ्यागतहरूलाई कति दिन बस्ने ? भनेर सोध्नुपर्ने अवस्था थियो । मध्यम स्वामी श्री कमलनयनाचार्यजी महाराजको समयमा फूल तुलसी हेतु लिइएको बगैंचामा सम्प्रति भव्य मन्दिरको निर्माणका साथ भगवत्समाराधना, अतिथि सेवा, गौसेवाको अकल्पनीय परिदृश्य देख्दा आश्चर्य लाग्छ । केवल अयोध्यामा मात्र श्री स्वामीजी महाराजको वैभव सीमित नरहेर अष्टभूवैकुण्ठमा अन्यतम नैमिषारण्यमा अवस्थित मन्दिरको माध्यमबाट चतुर्दिक् प्रकाश फैलिएको छ । क्षेत्रपुर नारायणघाटमा श्रीलक्ष्मी वेङ्कटेश भगवान्को वैभव, देवघाटमा अवस्थित श्री बद्रीनारायण मन्दिर एवं वैठकपुर बर्दियाको वैभव देख्दा श्रीस्वामीजी महाराजलाई "निर्माण पुरुष" भन्नमा केही अत्युक्ति हुँदैन । ८० वर्षभन्दा बढी उमेर भइसकेपछि पाल्पाको राम्दी धाममा श्री रामानुजकोट निर्माणको अवधारणा आउनु र त्यसलाई मूर्तरूप दिन सक्नु सामान्य कुरा होइन । वि.सं. २०३१ सालमा नैमिषारण्यमा नवनिर्मित प्रकोष्ठहरूको रंगाई पोताईमा बिहानदेखि बेलुकासम्म (यस दासका साथ) संलग्न रहेको सम्झँदा उपनिषद्को "**कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः**" को सम्झना आउँदछ । अर्थाभावको विकट परिस्थितिमा पनि मन्दिर निर्माणको परम्परालाई अक्षुण्ण राख्दै श्रीस्वामीजी महाराजले हामीहरूलाई दिनुभएको "**स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते पराम्**" को सन्देश अविस्मरणीय छ । ८४ वर्षको अवस्थामा रहनु भएका श्री स्वामीजी महाराजको प्रत्यक्ष सम्पर्कमा रहेको करिब ४२ वर्ष भयो, यस अवधिमा श्रीस्वामीजी महाराजमा रहेको भगवन्निष्ठा, आचार्यनिष्ठा, भागवतनिष्ठा, कैङ्कर्यपरायणता, सहिष्णुता आदि

गुणहरूको एक प्रतिशत मात्र भए पनि आफुबाट अनुसरण हुन सके यो जीवन उज्जीवन हुन सक्ने थियो । मठ मन्दिरको निर्माण एवं सञ्चालन "**असिधारावले हन**" को रूपमा रहेको हुनाले अनेकौं मठ-मन्दिरको निर्माण, सञ्चालन, संरक्षण, संवर्द्धन आदि देख्दा श्रीस्वामीजी महाराजको विषयमा "**आचार्य मां विजानीयात्**" रूप भगवद्वचनको सम्झना हुन आउँछ । यस्ता आचार्यको ८४ वर्ष प्रवेशको पावन अवसरमा स्वास्थ्यलाभ समन्वित श्रीस्वामीजी महाराजको दिव्यमङ्गल विग्रहलाई "**पश्येम शरदः शतम्**" को अभिलाषापूर्ण गरिदिनुहुन भगवान् सर्वेश्वरसँग प्रार्थना गर्दछु ।



"ये कण्ठलग्नतुलसीनलिनाक्षमाला
ये बाहुमूलपरिचिह्नितशङ्खचक्राः ।
ये वा ललाटफलके लसदूर्ध्वपुण्ड्रा-
स्ते वैष्णवाः भुवनमाशु पवित्रयन्ति ।।"

पद्मपुराण उ.ख.अ.२२४

---

"विचित्रा देहसम्पत्तिरीश्वराय निवेदितुम् ।
पूर्वमेव कृता ब्रह्मन् हस्तपादादिसंयुता ।।"

।।श्रीमते रामानुजाय नमः।।

# देवकल्प महात्यागी सन्त देवनायकाचार्य स्वामीजी

**हरिलाल पौडेल**
उपप्राध्यापक, भानु संस्कृत विद्यापीठ
तनहुँ

देवकल्पो महात्यागी देवनायकसंज्ञकः ।
आचार्यप्रवरो नित्यं जयताल्लोकमङ्गलः ।।
सर्वसौलभ्यगुणवान् निर्मदश्च जितेन्द्रियः ।
सदाचार्योऽस्मदाचार्यः सर्वमुक्तिप्रदो भवेत् ।।

परमात्माविरचित त्रिगुणमय संसारमा सत्त्व, रज र तम गरी प्रकृतिका तीन गुण छन् । यी गुणहरू धेरथोर सबैमा भए पनि मात्राको कमबेसीले गर्दा जीवहरूको जाति र वर्ग विभाजन हुन्छ । गाई र बाघमा , औषधी र विषका बिरुवामा पक्कै पनि गुणगत पार्थक्य हुन्छ नै । यी त अर्धचेतन र अचेतन वस्तु भए । चेतनशील जीवहरू त्रिगुणकै कम बेसीका कारण देव, मनुष्य र दानव वर्गमा विभक्त हुन्छन् । सत्त्वगुण अधिक भए देव, रजोगुण अधिक भए मनुष्य र तमोगुण अधिक भए दानव कोटिमा पर्दछन् । मान्छे पनि गुणानुरूप तीन कोटिमा बाँडिन्छन् । यो कोटि वर्गीकरण जन्मका आधारमा होइन, कर्मका आधारमा हुन्छ । दैत्यकुलमा जन्मेका प्रह्लाद र विभीषण देवकोटिमा पर्दछन् , मनुष्य कुलमा जन्मेको कंस दैत्यकोटिमा पर्दछ । मनुष्यकुलमा जन्मेर पनि गुण र कर्मले गर्दा देवकोटिमा पर्ने मानिस पनि संसारमा कहिलेकाहीँ आउँछन् । त्यस्ता मानिसमा सत्त्वगुणको आधिक्यले गर्दा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य र अहङ्कार जस्ता दुर्गुण पाइँदैनन् । त्यस्ता मान्छे सबैलाई समान दृष्टिले हेर्छन् र सबैको भलो चाहन्छन्, सबैलाइ सुमार्गमा हिँड्न प्रेरित गर्छन् । ती सबैका लागि सुलभ हुन्छन्, त्यागी प्रकृतिका हुन्छन् र स्वार्थलाई होइन, परार्थ र परमार्थलाई महत्त्व दिन्छन् । त्यस्ता दुर्लभ व्यक्तिमध्ये एक हुनुहुन्छ :– स्वामी श्री देवनायकाचार्य ।

यस संसारका सम्पूर्ण प्राणीमा काम क्रोध आदि दुर्गुण प्रशस्त मात्रामा हुन्छन् । अरू प्राणीमा भन्दा मान्छेमा यी सबै दुर्गणहरू सयगुणा बढी हुन्छन् ।मान्छेले आृना अनन्त इच्छाहरूको परिपूर्तिका लागि जेजस्ता कर्म पनि गर्दछ । घर,जग्गा, रूपैयाँ, जहान, छोराछोरी, पद, सम्मान, प्रसिद्धि, हैकम जस्ता कुरा मान्छेका अवश्य पूरणीय आकाङ्क्षाहरू हुन् । काम अर्थात् इच्छा र रतिराग (विपरीतलिङ्गीप्रतिको आकर्षण) मान्छेका नैसर्गिक स्वभाव हुन् । अरू प्राणी सन्तान जन्माउनका लागि मात्र यौन संसर्ग गर्छन् भने मान्छे चाहिँ

यौन संसर्गमा लिप्त हुने हुँदा चाहेभन्दा बढी सन्तान जन्मने त्रासमा अनेक स्थायी /अस्थायी उपायहरू अपनाउँछ । यसको मतलब तमाम मान्छेहरू गलत गर्दै छन् भन्ने मेरो अभिप्राय होइन कि कामशक्ति अविजेय छ भन्ने हो । कामशक्तिले भगवान् शंकरलाई त पराजित गऱ्यो, विष्णु , ब्रह्मा आदि त सपत्नीक छन् भने मान्छे त के हो र ? फेरि ईश्वरले नै सृष्टि चलाउन विवाह र दाम्पत्य कर्मलाई महत्त्व दिनुभएकै हो । त्यसैले यो संसारको सामान्य नियमै भएको छ । बरु यो चाहिँ आश्चर्य हो कि यस संसारमा कोहीकोही यस्ता महान् त्यागी सन्त पनि हुन्छन्,जसले आफूभित्रको कामशक्तिलाई नियन्त्रण गरी आफ्नो शरीरमा निरन्तर बनिरहने तेज(रेत/बीज)लाई ऊर्ध्वगामी बनाई उर्ध्वरेता बन्छन् र पेट्रोलद्वारा गाडीको इन्जिन चलाएझैं त्यस तेजलाई विचारशक्तिका रूपमा परिणत गरी समाजकल्याण र जीवमुक्तिको मार्ग पहिल्याउने कार्य गर्दछन् । त्यस्ता महामानवमध्ये एक हुनुहुन्छः–श्री १००८ स्वामी देवनायकाचार्यजी महाराज ।

आज (२०६९साल) भन्दा चौरासी वर्षअघि पाल्पामा जन्म ग्रहण गर्नुभएका श्री स्वामीजी युवावस्थामा अध्ययनका सिलसिलामा अयोध्या पुग्नुभयो । त्यहाँ मन्दिर बनाएर बस्नुभएका महाविद्वान् सन्त अनन्ताचार्य स्वामीजीको सम्पर्कमा आई उहाँकै शिष्य बनी उहाँकै साथमा रहेर पढ्नुभएका लगनशील, इमानदार, श्रद्धावान्, तेजस्वी, सम्प्रदायका ज्ञाता, विद्वान् श्री स्वामी देवनायकाचार्यजीलाई अनन्ताचार्य स्वामीजीको सदिच्छानुसार उहाँका उत्तराधिकारी श्री कमलनयनाचार्य स्वामीजीले आफ्नो उत्तराधिकारी बनाउनुभएको थियो । श्री अनन्ताचार्य स्वामीजी ब्रह्मचारी भए पनि कमलनयनाचार्य स्वामीजी गृहस्थी भएकाले मठाधीश वा उत्तराधिकारीले विवाह गर्न मिल्ने नजिर बसिसकेको थियो । त्यसो गर्नु धार्मिक वा साम्प्रदायिक दृष्टिले कुनै गल्ती पनि थिएन तर श्री स्वामी देवनायकाचार्यजीले आजीवन ब्रह्मचारी रही मन्दिर सञ्चालन, सदुपदेश, धर्मविस्तार र जीवोद्धारमा आफूलाई समर्पित गर्ने अठोट गर्नुभयो । मन्दिरका मठाधीश वा उत्तराधिकारी गृहस्थी हुँदा भगवान् र अभ्यागत भागवतहरूको सेवा राम्रोसँग चल्न सक्तैन र विशुद्ध आध्यात्मिक वातावरण हुनुपर्ने मन्दिरमा सांसारिक मोहमय वातावरण हुन गई परमार्थ साधना गर्न गराउनमा अवरोध हुन सक्छ भन्ने स्वमान्यताबाट प्रेरित भई उहाँले यस्तो कठिन मार्ग अपनाउनुभएको हो । हामीजस्ता साधारण मान्छेलाई कठिन भए पनि उहाँलाई त यो सामान्य नै होला,किन भने उहाँ त असाधारण तपस्वी र महान् त्यागी हुनुहुन्छ ।

त्यागी स्वभावका भएरै होला– आफूले प्रवचनादिबाट आर्जन गर्नुभएको र श्रद्धालु भक्तहरूद्वारा श्रद्धापूर्वक अर्पित रकमलाई व्यक्तिगत काममा नलगाई अयोध्या, नैमिषारण्य, नारायणघाट, देवघाट, राम्दी आदि स्थानहरूमा भव्यभव्य मन्दिरहरूको निर्माण, विकास, सञ्चालन जस्ता काममा लगाउनु भयो । साधारण वा गृहस्थी व्यक्तिबाट यो सम्भव थिएन । यी

सबै मन्दिरहरूमा भगवान्का दिव्य झाँकीहरूको दर्शन पाइन्छ । यी मन्दिरहरू मानवसभ्यताका धरोहर हुन्, आस्थाका केन्द्र हुन्, स्वदेशी एवं विदेशी पर्यटकका गन्तव्य स्थल हुन् , परमार्थसाधनाका उत्तम स्थल हुन् । त्यसैले यिनको निर्माण, विकास र सञ्चालनमा उहाँले आफ्नो जीवन समर्पण गर्नुभयो । उहाँका आश्रम/मन्दिरहरूमा विद्यार्थीहरूलाई खाने, बस्ने, पढ्ने आदिको राम्रो सुविधा छ । उहाँका आश्रम/मन्दिरहरूमा बसेर, उहाँबाटै सदुपदेश प्राप्त गरेर पढेका कयौँ विद्यार्थीहरू आज नेपाल, भारत तथा अन्य देशहरूमा उच्च सम्मानजनक पदहरूमा आसीन छन् र विश्वविद्यालयहरूमा उहाँका थुप्रै शिष्यहरू प्राध्यापक छन् ।

सांसारिक प्रपञ्चहरूबाट सदा मुक्त रही समाजकल्याणमा लाग्नुभएका श्री स्वामीजी त्यागका प्रतिमूर्ति नै हुनुहुन्छ । कामवासनालाई मात्र होइन, क्रोध, लोभ, मोह, मद, मात्सर्य र अहङ्कार आदि मनोविकारहरूलाई जितेर श्री स्वामीजी निर्विकार बन्नुभएको छ । उहाँ रिसाएको सायद कसैले देखेको छैन होला । लोभले उहाँमा वास गरेको छैन । उहाँले जति मन्दिर बनाउनुभयो,ती सबै उत्तराधिकारी शिष्यहरूलाई सुम्पेर छोड्नुभएको छ । उहाँमा कुनै वस्तुप्रति मोह ममता छैन । उहाँ जति कर्म गर्नुहुन्छ , ती सब भगवान्को सेवाका रूपमा गर्नुहुन्छ । उहाँमा मद अर्थात् घमन्डको लेस पनि छैन । त्यसैले त उहाँ कसैलाई तल, कसैलाई माथि नराखी जसलाई पनि समान दृष्टिले हेर्नुहुन्छ र आफूलाई पनि अरूजस्तै सम्झेर सबैसँग मिलनसार रूपमा प्रस्तुत हुनुहुन्छ । धेरै विद्वान्हरू जोतहीसँग बोल्ने गर्दैनन् र अरूलाई आफूभन्दा धेरै तल देख्छन् तर त्यो रोगले श्री स्वामीजीलाई कहिल्यै छोएन । उहाँ जतिसुकै साना र अज्ञानीलाई पनि आफ्नो सान्निध्य प्रदान गर्नुहुन्छ , बोल्नुहुन्छ र सम्मान गर्नुहुन्छ । प्रायः मानिसहरू अरूका निन्दा सुन्छन् र आफै पनि गर्छन् तर श्री स्वामीजीमा यो विशेष सद्गुण छ कि उहाँ कसैका बारेमा गरिएका टिकाटिप्पणी सुन्न चाहनुहुन्न र सुनाउन खोज्नेहरूलाई पनि निरुत्साहित गर्नुहुन्छ ।त्यसैले उहाँमा मात्सर्य छैन ।

श्री स्वामीजीले अयोध्या, नैमिषारण्य,नारायणघाट,देवघाट आदि स्थानहरूका मन्दिरहरूमा क्रमशः श्री बालकृष्णाचार्य, श्री विष्णुप्रपन्नाचार्य, श्री पद्मनाभाचार्य र श्रीयतीन्द्राचार्यलाई उत्तराधिकारी बनाई मन्दिर सञ्चालनादिको जिम्मेवारी सुम्पनु भएको छ । उहाँहरू सबै श्री स्वामीजीकै बिडो थाम्दै ब्रह्मचर्यको पालना गर्दै दिव्य प्रवचनादिद्वारा समाजकल्याण र जीवोद्धारको मार्गमा लाग्नुभएको छ । यी महाविद्वान्हरूले श्री स्वामीजीको वैभवलाई अझ बढाउनुभएको छ । एउटा सत्य चाहिँ के हो भने श्री स्वामीजीकै कृपादृष्टि र शुभाशीर्वादका प्रभावले गर्दा नै यी महाविद्वान्हरूले त्यो स्थान र महिमा प्राप्त गर्नुभएको हो ।

यसरी कामवासना,क्रोध,लोभ, मोह, मद, मात्सर्य र अहङ्कार आदि मनोविकारहरूलाई जितेर निर्विकार बन्नुभएका त्यागका अपरावतार श्री स्वामीजीमा एक देवतामा हुने सम्पूर्ण गुणहरू विद्यमान छन् । बरु श्री स्वामीजीमा पाइने दुर्लभ सद्गुणहरू इन्द्रादि देवतामा पाइँदैनन्, किनकि ती देवताहरूमा विलासिता पाइन्छ ।यसरी उल्लिखित सद्गुणहरूले गर्दा उहाँलाई देवकोटिका महामानवका रूपमा लिन सकिन्छ । समाजमा आध्यात्मिक चेतना फैलाई अज्ञानको अन्धकारमा रुमल्लिएकाहरूलाई सन्मार्गमा डोऱ्याई मुक्तिको मार्ग प्रदर्शन गर्ने जुन महान् काम उहाँबाट भयो, त्यसका लागि समाज उहाँप्रति सदा ऋणी रहने छ । अन्त्यमा श्री स्वामीजीको चौरसी पूजाको शुभ अवसरमा उहाँको सुस्वास्थ्ययुक्त दीर्घायुको कामना गर्दछु । सहस्रचन्द्रदर्शनबाट उहाँलाई सहस्र आनन्द लाभ होओस् ।

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मीलितं येन तस्मै श्री गुरवे नमः ।।

जय श्रीमन्नारायण !!



"तृणादपि सुनीचेन तरोरिव सहिष्णुना ।
अमानिना मानदेन कीर्तनीयः सदा हरिः।।
-श्री चैतन्यमहाप्रभु"

।।ॐ श्रीशालग्रामपरब्रह्मणे नमः।।

# महाजनो येन गतः स पन्थाः

**आचार्य नारायणप्रसाद शर्मा**
'देवबाबा'

**आचिनोति च शास्त्रार्थानाचारे स्थापयत्यपि ।**
**स्वयमाचरते यस्तु तमाचार्यं प्रचक्षते ।।**

महापुरुषहरू जुन बाटो अवलम्बन गर्दछन् त्यही बाटो नै जानु श्रेयस्कर हुन्छ भन्ने सदुक्तिलाई उद्धृत गर्दै जाँदा एउटा यस्तो बालकको जन्म हुन्छ, जुन आफैँमा गौरवशाली भावनाले ओतप्रोत भएको हुन्छ, तिनै बालक नेपाल आमाको काखमा अवतीर्ण लिनु हुन्छ ।

नेपाल भूमिको उच्च पहाडी भू-भाग पाल्पा 'रुचाङ' भन्ने गाउँमा वि.सं. १९८७ फागुन १० गते शनिबार चतुर्थी तिथि रेवती नक्षत्रका दिन पिता श्री मुक्तिनाथ उपाध्याय (पराजुली) र माता श्रीमती तेजकुमारीको कोखबाट मध्यम सुपुत्रका रूपमा श्री स्वामीजी महाराज देवनायकाचार्यज्यूको प्रादुर्भाव भएको हो । गाउँमै प्राथमिक अध्ययन पश्चात् महाराजजी वि.सं.२०१२ सालमा भएको सप्तपुरीमध्ये 'अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका । पुरी, द्वारावती चैव सप्तैता मोक्षदायकाः' भन्ने प्रख्यात श्लोक अनुसार अयोध्या धामको स्वर्गद्वार तोताद्रिमठका संस्थापक एवं मठाधीश अनन्तश्री विभूषित अनन्ताचार्य स्वामीजी महाराजबाट भगवत्समभाश्रयण (श्रीवैष्णवदीक्षा) ग्रहण गर्नुभएको हो । यसै मठमा बस्दै गुरुको सन्निधिमा अध्ययन गर्दै जीवनको चर्या बित्दै गयो ।

यसं क्रममा वि.वं. २०१५ सालदेखि अनन्तश्री कमलनयनाचार्य स्वामीजी महाराज स्वर्गद्वार तोताद्रिमठका द्वितीय मठाधीशमा विराजमान हुनुभयो । वि.सं. २०२८ सालमा उहाँको वैकुण्ठबास प्राप्ति पश्चात् प्रातःस्मरणीय अनन्तश्री विभूषित श्री देवनायकाचार्य स्वामीज्यू महाराज तृतीय मठाधीशका महन्त हुनुभयो ।

जीवनको पूर्वार्द्धबाटै दैवीगुण सम्पन्नका आधारमा अभिभावकीय गहन संरक्षकत्वमा धेरै मठ-मन्दिर एवं सन्त सेवाश्रम सञ्चालित छन् :-

१. स्वर्गद्वार तोताद्रिमठ
२. वेङ्कटेश मन्दिर सप्तसागर अयोध्या भारत ।
३. अनन्ताश्रम नेपाली मन्दिर नैमिषारण्य भारत ।
४. श्री शेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर, नारायणगढ ।
५. श्री बदरीनारायण मन्दिर, देवघाटधाम, तनहुँ ।
६. श्री रामानुजाश्रम रामदी पाल्पा ।
७. श्री बालगोपाल मन्दिर, बैठकपुर, बर्दिया ।

यी मठ-मन्दिरहरूमा स्वामीज्यूद्वारा आफूले सुयोग्य ठानिएका पात्रका रूपमा उत्तराधिकारीहरू पनि चयन गरिसक्नु भएको छ ।

सादा जीवन उच्च विचार भनेझैँ स्वामीज्यूको जीवनमा विचारको सागर उच्चस्तरमा रहेको देख्न पाइन्छ । श्रीवैष्णव रामानुज दर्शनलाई व्याख्या गर्ने कुशल प्रवक्ता स्वामीजीद्वारा ठाउँ-ठाउँमा दिग्विजय गरी वैष्णव परम्परालाई स्थापित गर्नुभएको छ । जीवनको पूर्वार्द्ध घडी र उत्तर्रा घडीमा आउँदा समेत आफूले कहिल्यै पनि मान नखोजी अरूलाई सम्मान गर्न तत्पर हुनु हुने 'अमानी मानदः' लक्षणले युक्त स्वामीजी श्रीवैष्णव सम्प्रदायको ज्ञान विद्वान्देखि सर्वसाधारणसम्म सरल सुलभ ढङ्गले प्रस्तुत गर्ने महान् व्यक्तित्व हुनुहुन्छ ।

युगानुकूल चल्न जान्ने स्वामीजीले प्राचीन परम्परा एवं आधुनिकतालाई हृदयङ्गम गरी समयानुकूल उपदेशद्वारा श्रीवैष्णव सम्प्रदायलाई सरल-सुलभ तरिकामा हुनुपर्दछ भन्ने दूरदर्शी विचार राख्नुहुन्छ । यसैको प्रतिफलस्वरूप व्यवहारिक उदाहरण हो- मेची-महाकाली अञ्चल तथा भारतमा समेत शिष्यमण्डली तयार गरी श्रीवैष्णव परम्पराको ज्ञान गराउन सफल हुनुभएको छ । त्यसै गरी जीवनको आरोह-अवरोह क्रममा आध्यात्मिक योगदानको छाप, समाजमा पथप्रदर्शकका निम्ति आफूद्वारा गरिएको प्रकाशन सम्पादनका विषयमा पनि कलम चलाउनुभएको छ ।

१) आध्यात्मिक योगदानमा विशेषतः श्रीसम्प्रदायको वा वैष्णवत्वको रहस्य व्याख्या प्रवचन गर्नमा निपुण व्यक्तित्व ।
२) मठ-मन्दिर निर्माणमा सिद्धहस्त कर्मठ व्यक्तित्व ।
३) नेपाल एवं भारतमा हजारौं संख्यात्मक गुणात्मक शिष्यमण्डली तयार गर्न सफल व्यक्तित्व ।
४) अतिथि भगवत्सेवा तदीयाराधनप्रेमी ।
५) मृदुभाषी सरलप्रिय व्यक्तित्व एवं शमदमादि गुणका व्यक्तित्व ।
६) सम्पादक व्यक्तित्व

स्वामीज्यूद्वारा प्रकाशित कृतिहरू

१) बहुशरद मङ्गलाशासन प्रबन्ध एवं कण्णिनुंशिरुत्ताम्बुप्रबन्ध
२) उत्तरपराशरस्मृति
३) तोताद्रिमठ गुरूपरम्परा
४) निगमप्पडी (संस्कृत पद्य एवं हिन्दी)
५) विष्णुसहस्रनामस्तोत्रम्

अन्त्यमा भन्नुपर्दा भगवत-भागवत सेवा विना एकक्षण पनि बस्न सक्नुहुन्न । चौरासीऔं वर्ष (सहस्रपूर्ण चन्द्रदर्शन) पुगेको अवस्थामा पनि उत्तिकै जाँगर-कर्मठपन आइरहेको छ । अतः यस पंक्तिकारले प्रारम्भिक चरणमा पूज्य स्वामीज्यूलाई पाउँदा मठ-मन्दिरका संस्थापक-संरक्षक हुनुहुन्छ होला र ? भन्ने प्रश्नचिन्ह पनि न गरेको होइन, तर वास्तविक रूपमा हेर्दा उहाँ सरल सबैसित घुलमिल हुन सक्ने

मृदुभाषी व्यक्ति हुनुभएकाले झट्ट चिन्न गाह्रो हुन गयो । वास्तवमा सन्तहरूको स्वभाव पनि त्यस्तै हुन्छ । त्यसैले शेषलक्ष्मीनारायण मन्दिरका संस्थापक संरक्षक श्री देवनायकाचार्य स्वामीज्यूको 'सहस्रपूर्णचन्द्रदर्शन'को उपलक्ष्यमा उत्तरोत्तर दीर्घायुको कामना गर्दछौं । साथै मन्दिरका उत्तराधिकारी स्वामी पद्मनाभाचार्यज्यूको पनि त्यस्तै कुशलता मुदुभाषी, सरलता, समन्वयवादीका रूपमा यस पंक्तिकारले ननु नच नगरी पाइरहेको देख्न पाइन्छ । मलाई लाग्छ उहाँकै कर्मठ कुशलता सिद्धान्तनिष्ठ कै आधारमा भक्तभागवतहरू मन्दिरमा आई बस्ने, प्रसाद लिने, सहयोग पनि गर्ने यस्तो कार्यको जिम्मेवारी युवा अवस्थामै भएकोले उहाँको सक्षमताबाट गुरु महाराज देवनायकाचार्यज्यूको सहस्रपूर्णचन्द्रदर्शनको कार्यक्रम श्रीपञ्चमीमा पूरा हुँदैछ । सबैको सहयोग होस् भन्ने कामना गर्दछु । अस्तु ।

जय श्रीमन्नारायण ।



"द्वारपरान्ते कलेरादौ पाखण्डप्रचुरे जने ।
रामानुजेति भविता विष्णुधर्म प्रवर्धक:।।"
- श्रीभविष्योत्तरपुराणम्

---

"दासभूता: स्वत: सर्वे ह्यात्मान: परमात्मन:।
नान्यथा लक्षणं तेषां बन्धे मोक्षे तथैव च ।।"

।।ॐ श्रीगुरुचरणकमलेभ्यो नमः।।

।।श्रीमते रामानुजाय नमः।।

# ऋषिकल्प गुरुदेव श्री देवनायकाचार्य

**शान्तप्रसाद पोखरेल**

उपाध्यक्ष- मन्दिर सञ्चालक समिति, क्षेत्रपुर

**अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।**
**चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः ।।**

परम पूजनीय श्री १००८ स्वामी देवनायकाचार्यको ८४औं. शुभ-जन्मोत्सवको अवसर पारेर स्वामीजीप्रतिको अगाध श्रद्धा तथा स्मरण योग्य कार्यका लागि वहाँको जीवनसम्बन्धी आफ्ना शब्द र भावना राखेर गुरुवरका भक्तहरूले भनौं मूल आयोजक समितिले तीनदिनको लागि "धार्मिक महोत्सवको" रूपमा लिन लागेकोले पनि गुरूप्रति माया र श्रद्धा हो भन्ने कुरा झल्काउन खोज्दछ । श्री स्वामीजी एक त्यागी, कर्तव्यनिष्ठ, सन्त बालतपस्वी, दूरदर्शी, धर्म-संस्कृतिका धरोहरका प्रतिमूर्ति हुनुहुन्छ । सम्मानित गुरुदेवको जीवनी लेख्ने, मान्यवर गुरुदेवहरूको कलमबाट मूल आयोजक समितिद्वारा प्रकाशित हुन लागेको "आचार्य अभिनन्दन-२०६९" स्मारिकाले भक्तहरूको त्यस जिज्ञासालाई पूरा गर्ने र बुझ्ने अवसर प्राप्त हुनेछ । मैले व्यक्तिगत रूपमा भन्नुपर्दा, थोरै समयदेखि स्वामीजी संस्थापक, प्रमुख संरक्षक रहेको समितिमा काम गर्ने अवसर मिल्यो, वहाँलाई सर्वगुण सम्पन्न हुनु भएका ऋषि, महर्षिको आभास मिल्ने मिठास, उच्च विचार, सादा जीवन तर आकर्षक व्यक्तित्वको रूपमा मैले अनुभव गरें । शेषलक्ष्मीनारायण मन्दिरको व्यवस्थापन र मन्दिरको जीर्णोद्धार स्वामीजीको अथक प्रयास र दानवीर तथा समितिको सक्रियता रहँदै गरेको श्रीशेषलक्ष्मीनारायण मन्दिर दर्शन योग्य तथा तीर्थस्थलको रूपमा हामीले पाएका छौं । यो सानो हाम्रो आँगनको मात्र कुरा हो । उहाँ नेपाल तथा भारतका मठ, मन्दिर निर्माण तथा व्यवस्थानमा अग्रज हुनुहुन्छ । हजारौं भक्तका पूजनीय गुरु हुनुहुन्छ । मेरो बुझाइमा वहाँ दर्शनयोग्य सन्त हुनुहुन्छ । अन्तमा स्वामीजी गुण र महिमाका धनी व्यक्तित्व भएको अनुभूति लिँदै ८४ औं शुभजन्मोत्सवको पावन अवसरमा हामी अज्ञानी मूर्खलाई सन्मार्गमा लाने गुरुदेवको उत्तरोत्तर दीर्घायुको कामनाको लागि श्री शेषलक्ष्मीनारायण भगवान्सँग निरन्तर प्रार्थना गर्दछु ।

जय श्रीमन्नारायण !!

।।श्रियै नमः।।
।।ॐ अस्मद्गुरुभ्यो नमः।।
।।श्रीमते रामानुजाय नमः।।

# भगवत्शक्तियुक्त आचार्यवरस्वामीज्यू

**दयामूर्ति पोखरेल**
सदस्य - मन्दिर सञ्चालक समिति, क्षेत्रपुर

**ध्यानमूलं गुरो र्मूर्तिः पूजामूलं गुरोः पदम् ।**
**मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोः कृपा ।।**

श्री शेषलक्ष्मीनारायण मन्दिर आदर्शनगर क्षेत्रपुरका मठाधीश स्वामी श्री १००८ देवनायकाचार्यज्यूको ८४औं शुभ जन्मोत्सव तथा सहस्रपूर्णचन्द्रदर्शनको शुभ-अवसरमा स्वामीज्यूको सदा अनन्तकालसम्म चिरायु, सु-स्वास्थ्यको कामना व्यक्त गर्दछु । साथै कोटी-कोटी साष्टाङ्ग दण्डवत् प्रणाम ।

स्वामीज्यूको यस पुनीत ८४ औं शुभ-जन्मोत्सवको अवसरमा यस क्षेत्रमा बसोबास गर्ने हामीहरू र श्री शेषलक्ष्मीनारायण मन्दिर परिवारको सौभाग्य भएको ठान्दछु । केही वर्ष अगाडिदेखि स्वामीज्यूलाई नजीकबाट चिन्ने अवसर प्राप्त भयो । उहाँको वाल्यकाल जीवनी मलाई पूर्ण जानकारी छैन तापनि स्वामीज्यू धुरन्धर विद्वान् भइकन पनि सादा व्यावहारिक जीवन बढी देख्दछु । स्वामीज्यू यस आदर्शनगर क्षेत्रपुरमा आई आफ्नो अथक प्रयासले श्री शेषलक्ष्मीनारायण मन्दिरको स्थापना गरी यस क्षेत्रका हामी बासिन्दालाई धार्मिक मार्गमा लाग्न ठूलो प्रेरणा मिलेको ठान्दछु र यस अवसरमा मन्दिर सञ्चालक समितिले स्वामीज्यूको व्यक्तित्व र विद्वत्तालाई प्रकाश पार्नको लागि प्रकाशित हुन लागेको “आचार्य अभिनन्दन-२०६९” मा स्वामीज्यूका सम्बन्धमा दुई शब्द लेख्ने अवसर पाएकोमा आफूलाई गौरवान्वित ठान्दछु ।

जय श्रीमन्नारायण !

।।श्रीमते रामानुजाय नमः।।

।।श्रीनारायणाय नमः।।

# हरेर्नामैव केवलम्

**प्रकाशबाबु ढकाल**
सदस्य- सत्सङ्ग समिति
श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर



पानीको स्वभाग तल बग्ने हो । त्यसलाई माथि तान्न मोटर लगाउनु पर्दछ । त्यस्तै मनको स्वभाव पनि तल, विषय वासनातिर अथवा प्रकृतितिर बग्ने हो, त्यसलाई माथि लान माला जप्नु पर्दछ, अर्थात् हरि नाम, हरि कीर्तन जप्नु पर्दछ, जसलाई अङ्ग्रेजी भाषाले CHAITING भन्दछ ।

शास्त्रहरूले भन्दछन्- "मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः" अर्थात् यो मन नै मनुष्यको बन्धन तथा मुक्तिको कारण (हेतु) हो । मन ढोका हो यस शरीरको, ढोकाबाट भित्र जाँदा आफ्नो घर भेटिन्छ भने बाहिर जाँदा संसार भेटिन्छ । ढोका स्वयं भित्र पनि हैन र बाहिर पनि हैन । अपितु भित्रबाट हेर्दा भित्रै देखिन्छ र बाहिरबाट हेर्दा बाहिर नै देखिन्छ । अर्थात् यो ढोका भित्र र बाहिरलाई जोड्ने सेतु हो, सन्धिरेखा हो ।

त्यस्तै यो मन पनि सन्धिरेखा हो भित्र र बाहिरको, जड् र चेतनको, जगत् र जगदीशको । मनलाई शास्त्रले "चिज्जड ग्रन्थि" भन्दछ । यो मन जड पनि हो र चेतन पनि हो । त्यसैले यो मन संसारतिर बग्दछ र भगवान्तिर पनि बेला-बेलामा ढल्किन्छ । संसारका विषयसुख भोग्ने जन्म-जन्मको बानीले गर्दा झट्ट यो मन संसारतिरै बगिहाल्दछ । यसलाई भगवान्तिर बगाउने बानी पार्नु नै हरि कीर्तनको उद्देश्य हो ।

बाल्टी र डोरीले पानीलाई इनारबाट तानेजस्तै । हरिकीर्तन भावसापेक्ष यात्रा हो । "भावो भवस्य कारणम्" भावले नै 'भव' बनेको हो 'भव' बाटै "भवसागर" बन्यो । कसैले बाघ, भालु भन्यो भने मन डराउँदछ । भगवान् भन्यो भने मन रमाउँदछ । यहाँ बाघ पनि छैन र भगवान् पनि छैन तर भावले नै डराउने र रमाउने अवस्था ल्याउँदछ ।

चित्तमा जति-जति भय, चिन्ता, शोकका भावहरू जन्मिन्छन् त्यति त्यति यो मन ओरालोतिर लाग्दछ, पशुयोनि तिर र जति-जति सुख, शान्ति, ज्ञान, प्रेम, ईश्वरका चर्चा हुन्छन्, त्यति-त्यति यो मन उकालोतिर लाग्छ अर्थात् आफ्नो स्थितिमा हुन्छ, स्वस्थ हुन्छ ।

बाहिर रूप हुन्छ भने भित्र त्यस्को नाम हुन्छ र बीचमा 'मन' हुन्छ । यस मनले नाम सम्झिने बित्तिकै त्यस नामीका संस्कार चित्तमा उदाउँछन् अनि यो चित्त पनि तद्‌रूप हुन जान्छ ।

भगवद्‌गीतामा "यान्ति देवव्रता देवान् पितृन् यान्ति पितृब्रताः । भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपिमाम् ।" भनेको छ ।

अर्थात्- देवतालाई चिताउने देवलोकमा जान्छ । पितृलाई चिताउने पितृलोकमा जान्छ । भूतप्रेतलाई चिताउने त्यसै लोकमा जान्छ र भगवान्‌लाई चिताउने भगवान्‌का पासमा जान्छ ।

"सः इच्छत् एकोऽहम् बहुस्याम् ।" उपनिषद्‌ले भन्दछ यो 'सृष्टि नारायणका चित्तबाट बगेको र अहिलेसम्म बगीनै राखेको छ । 'म भर बनाउँछु' यो पहिले चित्तमा उदाउँछ अनि पछि बाहिर आउँछ । 'म जागिर खान्छु' यो पनि चित्तमा उदाउँछ ।' 'म विवाह गर्छु' अथवा म विदेश जान्छु यावत् कुराहरू प्रथम चित्तमै उदाउँछन् । किनभने यस सृष्टिको आरम्भ नै चित्तबाट भयेको हो । नारायण भगवान्‌का चित्तबाट । नारायणका हातमा शङ्ख चक्र हुन्छन् र हामी सबैका हातका औंलामा पनि शङ्ख चक्र नै पाइन्छन् । तसर्थ हामी सबै प्राणी विष्णु भगवान्‌कै अंसज वंशज हौं ।

यस जगतमा क्रियाभन्दा भावको महत्व छ, क्रियालाई जन्म दिने पनि भाव नै हो । तसर्थ भगवन्नाम जपेर चित्तलाई भगवद्‌भावमा तद्‌रूपता दिनु नै नाम जप र नाम कीर्तनको महिमा हो ।

'तुलसीदास'जीले 'रामायण' मा भन्नुभएको छ- भगवान् श्री रामले समुद्रमा सेतु बनाएर बादर भालुहरूलाई तार्नुभयो । किन्तु भगवान्‌का नामले अहिले सम्मन करोडौं करोडौं प्राणीको उद्धार गरिसक्यो । तसर्थ रामभन्दा पनि रामको नाम ठूलो हो- "कहौ कहाँ लगि नाम बढाई, राम न सकहि नाम गुण गाई ।" अर्थात्- नामको महिमा त स्वयं भगवान् रामले पनि बताउँन सक्नुहुन्न । वेदले पनि भनेको छ - "तन्मे मनः शिव सङ्कल्पमस्तु ।"

अर्थात्- हे प्रभु ! मेरा मनमा कहिल्यै पनि अशुभ विचार न आउन, शुभ विचार मङ्गल विचार, कल्याणकारी विचार मात्र आउन् ।

यस चित्तलाई भगवदाकार रूप दिन तथा दिव्य शक्तिबाट सशक्त बनाउन नै भगवन्नाम कीर्तनको महिमा गाइएको हो । मठाधीश श्री स्वामीज्यूको ८४ औं जन्मोत्सव एवं आचार्य अभिनन्दनमा आफ्ना दुईचार शब्द व्यक्त गर्न पाउँदा आफूलाई गौरवान्वित सम्झिएको छु ।

ॐ शान्तिः शान्तिः शान्तिः ।

# श्रीशेषलक्ष्मीनारायणमन्दिर, क्षेत्रपुर, नारायणगढका आजीवन सदस्यहरूको नामावली

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | श्री १००८ स्वामी देवनायकाचार्य | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| २ | श्री स्वामी पद्मनाभाचार्य | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ३ | श्रीमती केशव आमा | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ४ | श्री ध्रुवकुमार श्रेष्ठ | भ.न.पा.-२, मिल्स एरिया |
| ५ | श्री अशोक पोखरेल | भ.न.पा.-२, आदर्शनगर |
| ६ | श्री गोविन्द प्रसाद अर्याल | भ.न.पा.-२, आदर्शनगर |
| ७ | श्री दयामूर्ति पोखरेल | भ.न.पा.-२, आदर्शनगर |
| ८ | श्री केशवरमण रेग्मी | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ९ | श्री रङ्गराज तिमल्सेना | पिप्रहर, नवलपरासी |
| १० | श्री यदुनन्दन सापकोटा | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ११ | इ. श्री कृष्णप्रसाद रेग्मी | कुलेश्वर, काठमाडौं |
| १२ | श्रीमती लक्ष्मीकुमारी रेग्मी | कुलेश्वर, काठमाडौं |
| १३ | डा. श्री गोविन्द प्रसाद रेग्मी | कीर्तिपुर, काठमाडौं |
| १४ | श्रीमती कल्पना कुमारी रेग्मी | कीर्तिपुर, काठमाडौं |
| १५ | प्रा.डा. श्री चूडामणि बन्धु रेग्मी | सानेपा, काठमाडौं |
| १६ | श्रीमती विना शर्मा (पौडेल) | टंगाल, काठमाडौं |
| १७ | श्रीमती पद्मावल्ली रा.दा. ह्योजु | भ.न.पा.-२, पुष्पलाल मार्ग |
| १८ | श्रीमती धनलक्ष्मी अधिकारी | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| १९ | श्रीमती कमला विष्ट रा.दा. | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| २० | ई. श्री कृष्णराज पाण्डे | भ.न.पा.-२, आदर्शनगर |
| २१ | श्री हरिप्रपन्न नेपाल | भ.न.पा.-२, आदर्शनगर |
| २२ | ई. श्री कृष्णकुमार श्रेष्ठ | भ.न.पा.-२, आदर्शनगर |
| २३ | श्रीमती नारायणी रेग्मी | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| २४ | श्री वासुदेव अधिकारी | जुटपानी-२, सूर्यपुर |
| २५ | श्री शान्तप्रसाद पोखरेल | भ.न.पा.-२, आदर्शनगर |
| २६ | श्री लालमणि पौडेल | भ.न.पा.-२, आदर्श मार्ग |
| २७ | श्रीमती भिमकला काफ्ले | भ.न.पा.-२, आदर्शनगर |
| २८ | श्री थानेश्वर पौडेल | भ.न.पा.-२, सिद्धार्थ मार्ग |

| | | |
|---|---|---|
| २९ | श्री खिमानन्द पौडेल | भ.न.पा.-२, आदर्शनगर |
| ३० | श्रीमती इन्दिरा रेग्मी | दुम्कीबास, नवलपरासी |
| ३१ | श्री शंकर पोखरेल | भ.न.पा.-२, क्षेत्रपुर |
| ३२ | श्रीमती चन्द्रा वाग्ले | भ.न.पा.-४, बेलचोक |
| ३३ | श्री बद्रि अधिकारी | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ३४ | श्री रामचन्द्र गौतम | खैरहनी, पर्सा |
| ३५ | श्रीमती ज्ञानु ढुङ्गाना | काठमाडौं |
| ३६ | श्री नवराज ढकाल | भ.न.पा.-२, आदर्शनगर |
| ३७ | श्रीमती गोदा जि.सी. | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ३८ | श्री कृष्णप्रपन्न गौतम | भ.न.पा.-३, लंकु |
| ३९ | श्रीमती जानुकादेवी पण्डित | भ.न.पा.-२, मितेरी टोल |
| ४० | श्री पुरुषोत्तम न्यौपाने | हरिया-१, हेटौंडा |
| ४१ | पं. श्री युवराज पोखरेल | भ.न.पा.-११ |
| ४२ | पं. श्री लालनिधि पौडेल | भ.न.पा.-१० |
| ४३ | श्री कृष्णनारायण ह्योजू | भ.न.पा.-२, मिल्स एरिया |
| ४४ | श्रीमती जमुना उपाध्याय | रानीघाट, विरगन्ज |
| ४५ | श्रीमती गङ्गादेवी रिमाल | नुवाकोट, धार्के |
| ४६ | श्री दुर्गा उप्रेती | काठमाडौं |
| ४७ | श्री सुरेन्द्र प्रसाद उपाध्याय | रानीघाट, विरगन्ज |
| ४८ | श्री पवि शर्मा | हेटौडा |
| ४९ | सुमित्रा भट्टराई | झापा, चन्द्रगढी |
| ५० | गोदा बुढाथोकी | सिन्धुली, रातामाटा |
| ५१ | श्रीमती पद्मा गजुरेल | भ.न.पा., रामघाट |
| ५२ | श्री खेमराज दवाडी | भ.न.पा.-२, पुष्पलाल मार्ग |
| ५३ | श्री भाष्यकर तिमिल्सेना | पिप्रहर नवलपरासी |
| ५४ | श्रीमती भोजकुमारी रेग्मी | गैंडाकोट-२ |
| ५५ | श्री फणीन्द्रराज विष्ट | भ.न.पा.-२, गणेशनगर |
| ५६ | श्रीमती विष्णुप्रिया उपाध्याय | भ.न.पा.-१० |
| ५७ | श्रीमती विष्णुप्रिया आचार्य | भ.न.पा.-१० |
| ५८ | श्रीमती बुद्धलक्ष्मी अधिकारी | भ.न.पा.-२, गणेश मार्ग |
| ५९ | श्री नीलकण्ठ खनाल | भ.न.पा., पृथ्वीटोल |
| ६० | श्रीमती इन्दिरा देवकोटा | वनगाउँ, दाङ |
| ६१ | श्रीमती मिना भट्टराई | गैंडाकोट-१ |

| | | |
|---|---|---|
| ६२ | श्री भिमार्जुन पोखरेल | भ.न.पा.-२, क्षेत्रपुर |
| ६३ | श्रीमती जानकी रा.दा. | बैकुण्ठपुर, बर्दिया |
| ६४ | श्री कालिबहादुर बस्नेत | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ६५ | श्री चन्द्रप्रसाद रेग्मी | गैंडाकोट-२ |
| ६६ | डा. श्री केशव प्रपन्नाचार्य | जनकपुर |
| ६७ | श्री बद्रि प्रसाद शर्मा | पिप्रहर, नवलरासी |
| ६८ | श्री रामप्रसाद भट्ट | भ.न.पा.-२, आँपटारी |
| ६९ | श्री तोताद्रि थापा | भ.न.पा.-१२ |
| ७० | श्री गोविन्द सत्याल | काठमाडौं |
| ७१ | श्री केशव उपाध्याय | हेटौंडा |
| ७२ | श्री पद्मनाभ उप्रेती | भ.न.पा.-२ |
| ७३ | श्री खगराज रेग्मी | गैंडाकोट-२ |
| ७४ | श्रीमती लोकप्रभा ज्ञवाली | झडेवा-७, पाल्पा |
| ७५ | श्रीमती डोलकुमारी खड्का | भ.न.पा.-४, बेलचोक |
| ७६ | श्री रवीन्द्र रेग्मी | भ.न.पा.-१० |
| ७७ | श्री श्रीहरि गौतम | पर्सा, चितवन |
| ७८ | श्री गोविन्द अधिकारी | जुटपानी-२, चितवन |
| ७९ | श्री गोविन्द थापा | भ.न.पा.-१२, गोन्द्राङ |
| ८० | श्रीमती कृष्णकुमारी पंगेनी | रूपौलिया-५, नवलपरासी |
| ८१ | श्रीमती इन्दिरा बस्नेत रा.दा. | प्रकाशपुर-८, सुनसरी |
| ८२ | श्रीमती नारायणी बस्नेत | प्रकाशपुर-८, सुनसरी |
| ८३ | श्रीमती पराङ्कुशी रेग्मी रा.दा. | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ८४ | श्रीमती चन्द्रकुमारी थापा | भ.न.पा.-२, गणेश मार्ग |
| ८५ | श्री स्वामी केशवाचार्य | जनकपुर/हाल गैंडाकोट |
| ८६ | श्री स्वामी यतीन्द्राचार्य | बद्रिनारायण मन्दिर, देवघाट |
| ८७ | श्रीमती शान्ता भट्टराई | भ.न.पा.-२, मितेरीटोल |
| ८८ | श्रीमती गोदा पाठक | भ.न.पा.-२, आदर्शनगर |
| ८९ | श्रीमती नारायणी घिमिरे रा.दा. | कञ्चनपुर |
| ९० | श्रीमती राधा पोखरेल | आदर्शनगर |
| ९१ | श्री पुरुषोत्तम सापकोटा | हेटौंडा |
| ९२ | श्रीमती दुर्गा अधिकारी | नुवाकोट |
| ९३ | श्रीमती माधवी खनाल रा.दा. | तनहुँ |

| | | |
|---|---|---|
| ९४ | श्रीमती शुभलक्ष्मी पाण्डे रा.दा. | लिलाचोक |
| ९५ | श्रीमती मिनामाया आले | आदर्शनगर |
| ९६ | श्रीमती सम्पत् कुमारी अर्याल | श्रीशेषलक्ष्मीनारायण मन्दिर, क्षेत्रपुर |
| ९७ | श्रीमती शारदा गौतम | मणिग्राम, रूपन्देही |
| ९८ | श्रीमती भगवती रा.दा. | गैंडाकोट |
| ९९ | श्री प्रमोद कुमार श्रेष्ठ | नारायणगढ |
| १०० | श्री विष्णु रेग्मी | भ.न.पा.-१२ |
| १०१ | श्री पुरुषोत्तम न्यौपाने | सामाखुसी, काठमाडौं |
| १०२ | श्री विष्णुप्रसाद रिमाल | कुमरोज-५, चितवन |
| १०३ | श्री माधव रा.दा. धमला | कुमरोज-५, चितवन |
| १०४ | श्री देवराज तिम्सीना | कुमरोज-५, चितवन |
| १०५ | श्री भक्तिकुमारी भट्टराई | कुमरोज-५, चितवन |
| १०६ | श्री भोलाप्रसाद उप्रेती | कुमरोज-५, चितवन |
| १०७ | श्री अजय पौडेल | भ.न.पा.-१० |
| १०८ | श्री सुन्दरबहादुर थापा क्षेत्री | बरुवा-९, नवलपरासी |
| १०९ | श्रीमती मन्जु थापा क्षेत्री | तनसिरीया-८, नवलपरासी |
| ११० | श्रीमती सीता उप्रेती | हेटौंडा-२, हरिकुन्ज |
| १११ | श्रीमती गीता घिमिरे (उर्मिला रा.दा.) | बुटबल, सुक्खानगर |
| ११२ | श्रीमती मधुमाया रा.दा. पौडेल | कृष्णपुर, चितवन |
| ११३ | श्री हरिप्रपन्न रा.दा. न्यौपाने | हाँडीखोला-२, मकवानपुर |
| ११४ | श्रीमती शिवकला पाण्डे | गैंडाकोट-२, नवलपरासी |
| ११५ | श्री स्वामी भागवत आचार्य | रामानुज सदन, अयोध्या |
| ११६ | श्रीमती अमृतावल्ली रा.दा. काफ्ले | सामाखुसी, काठमाडौं |
| ११७ | श्रीमती लक्ष्मी श्रेष्ठ | गणेशमार्ग, क्षेत्रपुर |
| ११८ | श्रीमती गिरिजा आचार्य | विरगन्ज, पानीटङ्की |
| ११९ | श्री मुक्तिनाथ पण्डित | मितेरीटोल, क्षेत्रपुर |
| १२० | पं. श्री ठाकुर प्रसाद सुवेदी | पिप्ले, म्याग्दी |
| १२१ | श्री हरिशरण रा.दा. लुइँटेल | बुढानीलकण्ठ, काठमाडौं |
| १२२ | सुश्री कुसुम कार्की | वेङ्कटेश मन्दिर गौशाला |
| १२३ | श्रीमती नारायणी ढकाल | कोटेश्वर काठमाडौं |
| १२४ | श्रीमती शिला शर्मा | चावहिल, काठमाडौं |
| १२५ | श्रीमती हरिप्रिया रा.दा. बस्नेत | प्रकाशपुर-८, सुनसरी |